जि.प्र.का. काठमाडौं, द.नं. : ३६३/०७४/०७५

नेफ्स्कून

# साकोस आवाज
# SACCOS AAWAJ


नेफ्स्कूनको त्रैमासिक प्रकाशन

वर्ष ७ | अंक २४ | मुल्य रु. १००/- | माघ-चैत्र २०७९




www.nefscun.org.np

नयाँ बानेश्वर, काठमाडौं, नेपाल
पो.ब.नं. : ९१६९, फोन नं. : +९७७-१-४७९१९६३, ४७८०२०१, ४७८३०७१, ४७८४६५९, इमेल : nefscun@nefscun.org.np


नेफ्स्कून
नयाँ वर्ष
२०८०
को हार्दिक मंगलमय
शुभकामना

नेफ्स्कून


**प्रकाशक**
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कून)

**संरक्षक**
परितोष पौड्याल
अध्यक्ष, नेफ्स्कून

**सूचना तथा प्रकाशन उपसमिति-संयोजक**
चन्द्र प्रसाद ढकाल
बरिष्ठ उपाध्यक्ष/प्रवक्ता

**सूचना तथा प्रकाशन उपसमिति सदस्यहरु**
विपिन शर्मा
लिला थापा
जगदिश भट्टराई
सालिकराम पुडासैनी

**सम्पादक**
सञ्जयराज तिमिल्सीना

**सह-सम्पादक**
राधा पौडेल

**लेआउट डिजाइन**
निबास डंगोल

**मुद्रण**
एक्सिस प्रिन्टर्स प्रा.लि.
न्यूप्लाजा, काठमाडौं
०१-४५३६८६१

**मुल्य**
रु.१००/-





# यस भित्र


साकोसका व्यवस्थापन प्रमुखहरुको राष्ट्रिय गोष्ठी ..................................... १
सहकारी सञ्चालनमा व्यावसायिक दक्षता आवश्यक छ .............................. ११
सरकारले छिट्टै दिर्घकालिन समाधान सहितको बाटो खोज्दैछ .................... १३
विश्व अर्थतन्त्रका प्रभाव, सम्भावना र वित्तीय सहकारीका चुनौति .............. १८
नेफ्स्कूनले पायो आइसीएको सदस्यता ................................................... २५
सहकारी बिग्रनुमा कमजोर नियमन, सरकार जिम्मेवार .......................... २६
नेपालमा वित्तीय सहकारी ऐनको आवश्यकता भयो .................................. ३०
हाम्रो सहकारी हामी आफै बनाउँछौं ........................................................ ३२
तेस्रो राष्ट्रिय सहकारी महासम्मेलन सम्पन्न ........................................... ३४
स्तरीकरण कार्यक्रमले सदस्य केन्द्रीयतामा जोड दिएको छ ....................... ३७
सहकारी व्यवस्थित गर्न छुट्टै ऐन आवश्यक ......................................... ३९
सदस्यको विश्वास पुनर्जागृत गराउनु जरुरी छ ....................................... ४०
उपत्यकाका सहकारीकर्मीहरुले माईतीघर मण्डलामा एकसाथ मनाए ...... ४२
सहकारी अभियान सम्हाल्ने पछिल्लो पुस्ता तयार गर्नुपर्छ ....................... ४४
सहकारीलाई ब्राण्डिङ गर्नु सवारी चालकलाई लाइसेन्स दिनु सरह हो .......... ४५
सदस्यलाई आवास व्यवस्थापन गर्ने नेपालकै पहिलो सहकारी ...................... ५६



**© नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)**


केन्द्रीय कार्यालय: नयाँ बानेश्वर, काठमाडौं,
फोन नं.: ०१-४७९११६३, ४७८०२०१, इमेल: nefscun@nefscun.org.np
वेबसाइट: www.nefscun.org.np



**यस साकोस आवाजमा प्रकाशित सबै धारणाहरु लेखकका निजी धारणा हुन् । -सम्पादक**

# सहकारीप्रति सदस्यको विश्वास जागृत गर्न जागरण अभियान चलाऔं

सहकारी अभियानमा २०७९ सालमा राष्ट्रिय स्तरका दुई महत्वपूर्ण सम्मेलन भए । बचत तथा ऋण सहकारी अभियानको केन्द्रीय संघ नेफ्स्कूनले प्रविधियुक्त सेवा र सुशासनः दिगो साकोस र छवि निर्माणका लागि जिम्मेवार व्यवस्थापन भन्ने सोचका साथ फागुन २३ र २४ गते साकोस व्यवस्थापन प्रमुखहरूको राष्ट्रिय गोष्ठी सम्पन्न गऱ्यो । गोष्ठीमा विभिन्न क्षेत्रका विज्ञ तथा स्रोत व्यक्तिहरूबाट सहकारी सम्बन्धी नीति तथा नियमहरू, मुलुकको अर्थतन्त्रमा सहकारी क्षेत्रको योगदान, सहकारी क्षेत्रको विकास र प्रवर्धनका लागि चाल्नुपर्ने कदम साथै सहकारीमा व्यवस्थापकको भूमिकाका सम्बन्धमा प्रस्तुतीकरण साथै सहभागीहरूको अभिमत र छलफलबाट उपलब्ध सिकाइका आधारमा ११ बुँदे संकल्प प्रस्ताव पारित गऱ्यो । त्यसको ठीक एक महिना पश्चात चैत्र २३ देखि २५ सम्म राष्ट्रिय सहकारी महासंघको आयोजनामा "सहकारीको दिगोपनका लागि स्वनियमन तथा सुशासन" थिमका साथ तेस्रो राष्ट्रिय सहकारी महासम्मेलन सम्पन्न भयो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका अर्थ तथा सहकारी सँग सम्बन्धित व्यक्तिहरू सहित करिब १ हजार सहकारीकर्मीहरूको सहभागिता सहित "समृद्ध सहकारीः सन्तुष्ट सदस्य" को परिकल्पना साकार पार्ने उच्च संकल्प ११ बुँदे घोषणापत्र मार्फत जारी गऱ्यो

साकोसका व्यवस्थापन प्रमुखहरूको गोष्ठीले बचत तथा ऋण सहकारीहरूको सेवा स्तरीकरण, संस्थागत दिगोपना र अलग्गै पहिचानका लागि नीतिगत वातावरण तयार गर्न बचत तथा ऋण सहकारी ऐन निर्माणका लागि ऐक्यबद्धता र आवश्यक पैरबी गर्ने संकल्प गऱ्यो । प्रभावकारी नियमन अभावका कारण बचत तथा ऋण सहकारी अभियान अन्यौलताको भूमरिमा रूमलिरहेको परिवेशमा क्रेडिट युनियन ऐक्टको आवश्यकतामाथि सहभागी स्वदेशी तथा विदेशी विषय विज्ञहरूबाट ठोस विश्लेषणहरू गरिए । अब ढिलो नगरिकन सरकारले वित्तीय सहकारी ऐन जारी गर्नुको विकल्प नरहेको गोष्ठीको निष्कर्ष रह्यो । त्यसैगरी, तेस्रो राष्ट्रिय सहकारी महासम्मेलन २०२३ को घोषणापत्रमा उल्लेख गरिएको सबैभन्दा महत्तम विषय अथवा सहकारी क्षेत्रमा देखिएको समसामयिक समस्या तथा चुनौतिका बाबजूत 'सदस्यको बचत सुरक्षाका लागि सहकारी क्षेत्रमा विश्वास अभिवृद्धि गर्न राष्ट्रव्यापी रूपमा जागरण अभियान सञ्चालन गर्न प्रतिबद्ध छौं' भन्ने संकल्पले सहकारी अभियानमा आशाको सञ्चार जागृत गराएको छ ।

सहकारी क्षेत्रको विद्यमान चुनौति भनेकै सदस्यहरूको सहकारी प्रतिको अविश्वास हो । यसलाई चिर्न र अभियानलाई पुर्नताजगीकरण गराउनका लागि सरकार, नियामक निकाय, महासंघ, केन्द्रीय संघ र जिल्ला संघहरूको संयुक्त प्रयास र पहलकदमी जरूरी छ । छिटो भन्दा छिटो सदस्यहरूमा सहकारीप्रतिको विश्वास कायम गराउन पहल नगर्ने हो भने सहकारी अभियानले पुनः गति लिन कठिन छ । नीतिगत सुधारका लागि अभियानका शिर्ष संघहरूले भूमिका प्रभावकारी बनाउने, राज्य पक्षले नागरिकको बचतको सुरक्षामा जवाफदेहिता निर्वाह गर्ने र प्रारम्भिक सहकारी संस्थाहरू सदस्यहरूका बीचमा यथार्थ अवस्था, अनुभूति गरिएका कमजोरी र सुधारका विकल्प सहित छलफलमा जोडिनु जरूरी छ । राज्य र अभियान नीतिगत वातावरण तयार गर्ने र सुरक्षाको प्रत्याभूति गराउने जिम्मेवार पक्षहरूमात्र हुन् । संस्थाको संरक्षण गर्ने र निरन्तरता दिने प्राथमिक एवम् अन्तिम पक्ष सदस्यहरू नै हुन् । राष्ट्रिय गोष्ठी र महासम्मेलनका घोषणापत्रहरू दस्तावेज मात्र होइनन् ती त प्रतिबद्धता र साझा संकल्प हुन् । अब, नयाँ आर्थिक वर्षका वार्षिक नीति तथा कार्यक्रम र बजेट निर्माणको समय भएकोले सम्पूर्ण सरोकारवाला पक्षहरूले घोषणापत्र अनुरूप आफ्नो भूमिका प्रभावकारी हुने योजना र बजेट बनाई कार्यान्वयन गर्नु जरूरी छ । सहकारी क्षेत्र सुधार्नका लागि अभियान आफै जाग्नुपर्छ, मुखामुख गरेर र परेको समयमा तै चुप मै चुप बसेर मात्र निकास निस्कँदैन भन्नेमा सवको चेतना होस् ।



# SACCOS CEOs' NATIONAL WORKSHOP 2023

March 8 & 9
Kathmandu, Nepal

## साकोस व्यवस्थापन प्रमुखहरूको राष्ट्रिय गोष्ठी-२०७९

## ११ बुँदे साझा संकल्प प्रस्ताव जारी



साकोसका व्यवस्थापन प्रमुखहरूको राष्ट्रिय गोष्ठी २०७९ (**SACCOS CEOs' NATIONAL WORKSHOP 2023**) देशभरका बचत तथा ऋण सहकारी संघ संस्थाका ४ सय भन्दा बढी व्यवस्थापन प्रमुखहरूको उत्साहपूर्ण सहभागिताका साथ ११ बुँदे साझा संकल्प प्रस्तावमा ऐक्यवद्धता जाहेर गर्दै सफलतापूर्वक सम्पन्न भएको छ ।

नेफ्स्कूनको आयोजना र नेफ्स्कून साकोस म्यानेजर्स क्लबको व्यवस्थापनमा प्रविधियुक्त सेवा र सुशासनः दिगो साकोस र छवि निर्माणका लागि जिम्मेवार व्यवस्थापन भन्ने सोचका साथ फागुन २४ र २५ गते काठमाण्डौंको द सोल्टी होटलमा भएको गोष्ठीको उद्घाटन प्रतिनिधि सभाका सभामुख देवराज घिमिरेको प्रमुख आतिथ्यतामा भएको थियो ।

नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालको अध्यक्षता रहेको उद्घाटन कार्यक्रममा पूर्वमन्त्री एवम् राष्ट्रिय सहकारी महासंघका पूर्व अध्यक्ष केशव प्रसाद बडाल, महासंघका अध्यक्ष मिनराज कंडेल, राष्ट्रिय सहकारी विकास बोर्डका सहअध्यक्ष मित्रराज दवाडी, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव डा. दामोदर रेग्मी, सहकारी विभागका रजिष्ट्रार नमराज घिमिरे, एशियाली ऋण महासंघ (अक्कु)

की प्रमुख कार्यकारी अधिकृत एलिनिता भि स्यान रोक्के, अक्कुका प्रमुख प्राविधिक अधिकृत रञ्जित हिताराची, राष्ट्रिय सहकारी विकास बोर्डका सहअध्यक्ष मित्रराज दवाडी, नेपाल राष्ट्र बैंक, विषयत केन्द्रीय संघ, सहयोगी संघ संस्थाका प्रतिनिधिहरू सहित नेपालको सहकारी अभियानका प्रमुख व्यवस्थापकहरूको उपस्थिति रहेको थियो । गोष्ठीमा सातै प्रदेशको प्रतिनिधित्व सहित करिब ५० जिल्लाबाट बचत तथा ऋण सहकारी संघ संस्थाका ४०० जना  व्यवस्थापकहरू सहभागी थिए ।



कार्यक्रममा शुभकामना मन्तव्य व्यक्त गर्दै प्रमुख अतिथि प्रतिनिधि सभाका सभामुख देवराज घिमिरेले सानो सानो लगानी र लगानीलाई प्रतिफल दिने काम गर्ने सहकारी को भूमिका नेपालको अर्थतन्त्र विकासमा महत्वपूर्ण रहेको बताउनुभयो । नेपाली समाज निर्माण र समाजमा सामाजिक भावनको विकास सँगसँगै राष्ट्रिय स्तरमै बचत तथा ऋण सहकारी अभियान अगाडि बढेको उल्लेख गर्नुभयो । उहाँले समाजमा विभिन्न रूपका सहकारीहरू सञ्चालनमा रहेको र तिनीहरूको व्यवहार, नियमनको पाटो र सरकारको भूमिकालाई बढाउन के गर्न सकिन्छ, त्यसका लागि वहश र छलफल गर्न सकिने बताउनुभयो । बचत तथा ऋण सहकारी संस्थाहरूमा सुशासन कायम गर्न ऐन तथा नीति नियममा के कस्ता अप्ठ्याराहरू छन्, त्यसलाई फुकाउन सभामुखको हैसियतबाट व्यक्तिगत रूपमा पनि सहयोगको प्रतिबद्धता व्यक्त गर्नुभयो ।

नेपालमा एशिया स्तरकै वृहत सम्मेलन आयोजना हुने बारेमा सुनेको प्रशंग उल्लेख गर्दै सभामुख घिमिरेले एशिया स्तरकै अनुभवलाई लिएर उदाहरणीय कार्य गर्दै अगाडि बढ्न शुभकामना प्रदान गर्नुभयो ।

कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकालले अहिलेको विषम परिस्थितिलाई सुस्पष्ट मार्गनिर्देश गर्न गोष्ठी सफल हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले नेफ्स्कूनको ३५ बर्षे इतिहाँसमा शुरू भएका र योजनाबद्ध कार्यक्रमहरूले गति लिइरहेको चर्चा गर्नुभयो । उहाँले अभियानका अग्रजहरूको स्मरण गर्दै सहकारी अभियानमा महत्वपूर्ण योगदान पुर्‍याउने सम्पूर्ण अभियन्ताहरूप्रति सम्मान व्यक्त गर्नुभयो ।

ऐन कानुनमा भएका विषयहरू पनि पूर्ण रूपमा न्याय पाउन नसक्दा नेपालको सहकारी अभियानले गति लिन असहजता भएको उल्लेख गर्दै सहकारी ऐन २०७४ ले सहकारी अभियानलाई व्यवस्थित गर्न बनेका जतिपनि दफा छन् तिनको कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो । बचत तथा ऋण




सहकारी अभियानलाई उचाइमा लान र सदस्यहरूलाई वित्तीय स्वस्थता र सबलता उपलब्ध गराउनका लागि त्यसका नेतृत्व र व्यवस्थापकहरू नै जिम्मेवार रहने बताउनुभयो । सहकारी अभियान सुदृढीकरणका लागि ढिलो भएपनि असम्भव र सम्भवनाको ढोका बन्द भइनसकेको उहाँले स्पष्ट पार्नुभयो ।

उद्घाटन सत्र सञ्चालन गर्दै नेफ्स्कूनका महासचिव दामोदर अधिकारीले वित्तीय सहकारी ऐनको आवश्यकताका सम्बन्धमा मंगलबार राष्ट्रिय सहकारी विकास बोर्डको सभाहलमा

आयोजित कार्यक्रमबारे उल्लेख गर्दै वित्तीय सहकारी ऐन पास गर्ने वातावरण निर्माणका लागि सभामुखको समन्वयकारी भूमिका रहने विश्वास व्यक्त गर्नुभयो । अभियानप्रतिको प्रतिवद्धतालाई कायम राख्दै बचत तथा ऋण सहकारी अभियानको शुद्धीकरण र सुदृढीकरणका लागि वित्तीय सहकारी ऐनको विकल्प नभएको प्रष्ट्याउनुभयो । उहाँले बचतमा बृद्धि, जीवनमा समृद्धी को नारा लिएर घर घरमा पुगेको वचत ऋण अभियानलाई उचाईमा पुऱ्याउन, ऐक्यवद्धता कायम गर्न र दर्विलो बनाउन आवश्यक रहेको बताउनुभयो । समुदायको आर्थिक उत्थानका निम्ति अहोरात्र खट्ने साकोस संघ संस्थाका व्यवस्थापन प्रमुखहरूको यो गोष्ठीले सहकारी अभियानलाई अझ बलियो बनाउने संकल्प गर्नेछ भन्ने विश्वास व्यक्त गर्नुभयो ।



राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कंडेलले वित्तीय क्षेत्र गम्भिर समस्यामा रहेको र यो विषम परिस्थितिमा बचत तथा ऋण सहकारी ऐनको आवश्यकताको विषयमा पनि गम्भिर छलफल भएको बताउनुभयो । गोष्ठीले सहकारी अभियानलाई साच्चिकै मार्गदर्शन गर्न सक्ने खालको उपयुक्त बचत ऋण सहकारी ऐन ल्याउन मार्गदर्शन प्रदान गरोस् भनी शुभकामना प्रदान गर्नुभयो । व्यवस्थापकहरू सहकारीका मेरूदण्ड हुनुहुन्छ । उहाँले भन्नुभयो, अध्यक्ष भनेको श्रीकृष्ण हो र व्यवस्थापक अर्जुन हो भन्ने गरिएको छ, बोर्ड नीतिगत निर्णय गर्छ यसलाई गति दिने काम व्यवस्थापनले गर्नुपर्ने प्रशंग उल्लेख गर्नुभयो ।

सहकारी मन्त्रालयका सचिव डा. दामोदर रेग्मीले सहकारीको उज्वल भविष्य निर्माण गर्ने दायित्व हामी माफ नै रहेको बताउँदै यसमा हातेमालो गर्न सहकारी सचिवको हैसियतले आफु त्यसप्रति प्रतिबद्ध रहेको र मन्त्रालय सदा सर्वदा सहकार्य गर्न तयार रहेको बचनबद्धता व्यक्त गर्नुभयो ।

विभागका रजिष्ट्रार नमराज घिमिरेले सहकारीमा समस्या नै आउँदैन भन्ने आफ्नो बुझाई रहेको बताउनुभयो । सहकारी सहकारीको सिद्धान्तमा सञ्चालन हुन्छन्, सहकारीको नामबाट अरू गलत काम गर्न थालेपछि सहकारीमा समस्या आउँछ, त्यस्तै कतिपय सहकारीको रिपोर्ट मलाई विभागमा प्राप्त भएको छ, उहाँले भन्नुभयो ।

सहकारीमा स्वनियन्त्रण, स्वनियमन, स्वशासन हुन्छ । तर एउटा सहकारीको सेवा कार्यालयको एक जना व्यवस्थापकलाई पनि नचिनेको भरमा बजार प्रतिनिधिको भरमा संस्थामा बचत गरेको छ भने त्यो समस्यामा पर्नु कुनै अनौठो नहुने उहाँले स्पष्ट पार्नुभयो ।

सहकारी अभियान विग्रयो भने तपाई हामीलाई नै समस्या पर्ने हो । हाम्रो जिविकोपार्जनको आधार सहकारी हो । आफ्नो संस्थामा बचत गर्ने सदस्यको अनुहार हेरेर निर्णय गर्नुपर्छ र पदाधिकारीहरूलाई सभाले पास गरेका निति नियम विधान को पालना गर्न लगाउनुपर्छ, उहाँले भन्नुभयो ।

राष्ट्रिय सहकारी विकास बोर्डका सहअध्यक्ष मित्रराज दवाडीले सहकारी स्वनियमनमा चल्ने संस्था हुन्, जुन स्वनियमनमा



चलेका छैनन् ती समस्यामा छन्, उहाँले भन्नुभयो, सहकारीले स्वनियमनमा चलेका छन् छैनन् भनेर जाँच गर्न ऐन नियम आवश्यक छ ।" सहकारीका कारण गरिबीको सूचकांकमा हाम्रो बढोत्तरी आएको उहाँले बताउनुभयो । महिलाद्वारा सञ्चालित संस्था सुशासनमा अब्बल छन् । अब सहकारीले प्रत्येक सदस्यमा उद्यमशिलता विकासका लागि लगानी गर्नुपर्छ भन्नेमा तपाईंहरूको प्राथमिकता हुनुपर्छ, उहाँले भन्नुभयो ।

सहकारीमा बचतको समस्या आएको होइन समस्या गराइएको उहाँले दाबी गर्नुभयो । अहिले सहकारी अभियानको पैसा चोरेर बैंकहरूलाई पोस्ने काम भएको उहाँले बताउनुभयो ।

पूर्व मन्त्री एवं राष्ट्रिय सहकारी महासंघका पूर्व अध्यक्ष केशव बडालले छिमेकी राष्ट्र भारतको भन्दा ८८ बर्ष ढिलो सहकारी ऐन आएको भएपनि सबैतिर सहकारी पुगेको देश मध्येमा नेपाल रहेको बताउनुभयो । कुनै पनि समुदाय पछि पर्न नहुने र त्यसका लागि सहकारीले सहयोग गर्नुपर्नेमा उहाँको जोड थियो । 'सहकारीमा गैरकानुनी मुद्रा प्रयोग होस् भन्ने हामी पनि चाहदैनौं, सहकारीमा कालोधन छ भन्ने भ्रम फिजाइएको छ' उहाँले भन्नुभयो, 'सहकारीको मूल्य, मान्यतामा नचलेका सहकारीमा समस्या आएको हो । सहकारीमा २५ लाखको सीमा कुनै पनि कारणले उचित छैन यसको कार्यान्वयन हामीलाई मान्य छैन र यो प्रावधान तत्काल हटाइनुपर्छ, उहाँले बताउनुभयो ।



एशियालीय ऋण महासंघी प्रमुख कार्यकारी अधिकृत एलिनिता भि स्यान रोक्केले अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा शुभकामना व्यक्त गर्नुभयो । महिलाहरूको प्रतिनिधित्व गर्दै एशियाली ऋण महासंघको पहिलो महिला सिइओको रूपमा रहेको र महिलाहरू सिइओको पोजिसनमा पुग्न उच्च बनोबलका साथ दृढ इच्छाशक्ति लिएर अगाडि बढ्न सकुन भनी शुभकामना व्यक्त गर्नुभयो ।

नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले नेपालको मुहार बदल्ने सपना साकार पार्न साकोस अभियान मार्फत महत्वपूर्ण आधार निर्माण गरिएको बताउनुभयो । उहाँले राज्य र अभियानबीचको ऐक्यवद्धता निर्माणका लागि साकोस अभियानको यो आवाजले समृद्धी सम्भव छ भन्ने संकेत गरेको उल्लेख गर्नुभयो । उहाँले नेफ्स्कून र साकोस अभियानको जगमा समृद्धी र नयाँ संकल्प यात्रा तय भएको बताउनुभयो । गोष्ठी मार्फत विश्व मञ्चमा भएका असल अभ्यासको आन्तरिकीकरण गर्ने विश्वास व्यक्त गर्नुभयो ।

गोष्ठीको उद्घाटन सत्र समापन भएसँगै कार्यपत्र प्रस्तुतीकरण सत्र शुरू भएको थियो । पहिलो दिनको पहिलो सत्र नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरलेको वर्तमान परिदृश्यमा दिगो साकोस अभियानको लागि जिम्मेवार व्यवस्थापन र संघको भूमिका विषयक प्रस्तुतीकरण गर्नुभएको थियो । उक्त प्रस्तुती माथि सहकारी



विभागका रजिष्ट्रार नमराज घिमिरे टिप्पणीकर्ताको रूपमा रहनुभएको थियो । सत्रको अध्यक्षता संघका बरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकालले गर्नुभएको थियो भने सहजकर्ता संघका बरिष्ठ अधिकृत नविनराज दाहालले गर्नुभएको थियो ।

दोस्रो सत्र एशियाली ऋण महासंघकी प्रमुख कार्यकारी अधिकृत एलिनिता भि स्यान रोक्केले वित्तीय सहकारीको छवी निर्माणः समावेशी संरचना र प्रविधि हस्तान्तरण विषयक प्रस्तुती गर्नुभएको थियो । उक्त प्रस्तुती माथि सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव डा. दामोदर रेग्मीले टिप्पणी गर्नुभएको थियो भने कार्यक्रमको अध्यक्षता संघकी उपाध्यक्ष शान्ति अधिकारीले र सहजकर्ता नेफ्स्कूनका कार्यक्रम अधिकृत रञ्जन मणि पौड्यालले गर्नुभएको थियो ।

तेस्रो सत्र नेपाल राष्ट्र बैकका कार्यकारी निर्देशक डा. प्रकाश कुमार श्रेष्ठले विश्व अर्थतन्त्रः वित्तीय सहकारीमा प्रभाव, सम्भावना र चुनौती विषयक प्रस्तुतीकरण गर्नुभएको थियो । उक्त विषयवस्तु माथि टिप्पणी नेपाल सरकारका पूर्व सचिव शिशिर कुमार ढुंगानाले गर्नुभएको थियो भने कार्यक्रमको अध्यक्षता संघका महासचिव दामोदर अधिकारीले गर्नुभएको थियो । सत्रको सहजीकरण नेफ्स्कूनका सहायक कार्यकारी अधिकृत एवम् सदस्य सेवा विभाग प्रमुख गणेश प्रसाद तिमल्सिनाले गर्नुभएको थियो ।

दोस्रो दिनको पहिलो सत्र नेफ्स्कून साकोस म्यानेजर्स क्लबका अध्यक्ष एवम् विन्धबासिनी साकोसका प्रमुख कार्यकारी अधिकृत के.बी. लामाले मानव संशाधन व्यवस्थापनका सामयिक/समवर्ती सवालहरू र नेपालमा सफल साकोसका



अनुभवहरू विषय प्रस्तुतीकरण गर्नुभएको थियो । उक्त विषयवस्तुमाथि नेफ्स्कूनका पूर्व प्रमुख कार्यकारी अधिकृत शिवजी सापकोटाले टिप्पणी गर्नुभएको थियो भने प्यानलिष्टमा विकू साकोस, नवलपरासीका प्रमुख कार्यकारी अधिकृत माधव प्रसाद पौडेल, चन्द्रागिरी साकोस, काठमाडौंका प्रमुख कार्यकारी अधिकृत कृष्ण कुमार श्रेष्ठ, हाम्रो जनकल्याण साकोस, दोलखाका प्रमुख कार्यकारी अधिकृत दिपक बस्नेत र सिद्धि गणेश साकोस, भक्तपुरकी व्यवस्थापक शिला गोसाई रहनुभएको थियो । नेफ्स्कूनका कोषाध्यक्ष दिपक पनेरूको अध्यक्षता रहेको सत्रको सहजीकरण संघका बरिष्ठ अधिकृत प्रेमनाथ वाग्लेले गर्नुभएको थियो ।

दोस्रो सत्र नेपाल क्लियरिङ हाउस लिमिटेडका प्रमुख कार्यकारी अधिकृत निलेश मान सिंह प्रधानले वित्तीय प्रविधिमा साकोसका सम्भावना र चुनौतीहरू विषयक प्रस्तुतीकरण गर्नुभएको थियो भने उक्त विषयवस्तुमाथि टिप्पणी आइटी एक्सर्ट अनुप वास्कोटाले गर्नुभएको थियो । सत्रको अध्यक्षता संघको लेखा सुपरिवेक्षण समितिका संयोजक नवराज सापकोटाले गर्नुभएको थियो भने सत्र सहजीकरण बरिष्ठ अधिकृत शितल थपलियाले गर्नुभएको थियो ।



तेस्रो सत्र एशियाली ऋण महासंघका प्रमुख प्राविधिक अधिकृत रञ्जित हिताराचीले वित्तीय सहकारी ऐनको अन्तर्राष्ट्रिय अभ्यास र नेपालको आवश्यकता विषयक प्रस्तुतीकरण गर्नुभएको थियो भने उक्त विषयवस्तुमाथिको टिप्पणीकर्ता नेफ्स्कूनका पूर्व अध्यक्ष एव्म सल्लाहकार ऋषिराज घिमिरे हुनुहुन्थ्यो । सत्रको सहजीकरण नेफ्स्कूनका सहायक कार्यकारी अधिकृत एवम् व्यवसाय विभाग प्रमुख दुर्गा प्रसाद ढकालले गर्नुभएको थियो ।

त्यसैगरी चौथो अर्थात गोष्ठीको अन्तिम सत्र प्रेरक वक्ता (मोटिभेसनल स्पिकर) दिपाङ्कर शेर्पाले 'ईमोशनल एण्ड स्पिरिचुअल ईन्टेलिजेन्स ईन म्यानेजर्स' विषयक प्रस्तुतीकरण गर्नुभएको थियो । गोष्ठीको समापन सहकारी विभागका रजिष्ट्रार नमराज घिमिरेको प्रमुख आतिथ्यतामा भएको थियो ।

दुई दिनको राष्ट्रिय गोष्ठीमा प्रस्तुत विज्ञ तथा स्रोत व्याक्तिहरूको प्रस्तुती, साकोसका प्रमुख कार्यकारी अधिकृतहरू र सरोकारवाला निकायहरूवाट सहभागीहरुको अभिमत र छलफलवाट उपलब्ध सिकाइका आधारमा ११ बुँदे साझा संकल्प तयार गरी जिम्मेवार व्यवस्थापन निर्माण मार्फत सुरक्षित बचत तथा ऋण अभियान निर्माणका लागि प्रतिबद्धता व्यक्त भएको थियो । संघका कोषाध्यक्ष दिपक पनेरूले ११ बुँदे साभा संकल्प वाचन गरेर सुनाउनु भएको थियो ।

## साकोसका व्यवस्थापन प्रमुखहरुको राष्ट्रिय गोष्ठी-२०७९

# साझा संकल्प

**प्रविधियुक्त सेवा र सुशासनः दिगो साकोस र छवि निर्माणका लागि जिम्मेवार व्यवस्थापन** भन्ने सोचका साथ मिति २०७९ फागुन २४ र २५ गते काठमाण्डौंमा नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभाग र नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कून) को संयुक्त आयोजना तथा नेफ्स्कून साकोस म्यानेजर्स क्लबको व्यवस्थापनमा सम्पन्न **साकोस व्यवस्थापन प्रमुखहरूको राष्ट्रिय गोष्ठी-२०७९ (SACCOS CEOs' National Workshop-2023)** मा प्रस्तुत विज्ञ तथा स्रोत व्यक्तिहरूको प्रस्तुती, साकोसका प्रमुख कार्यकारी अधिकृतहरू र सरोकारवाला निकायहरूबाट सहभागीहरूको अभिमत र छलफलबाट उपलब्ध सिकाइका आधारमा तपशिलका ११ बुँदे साझा संकल्प तयार गरी जिम्मेवार व्यवस्थापन निर्माण मार्फत सुरक्षित बचत तथा ऋण अभियान निर्माणका लागि प्रतिबद्धता व्यक्त गर्दछौं ।

१. बचत तथा ऋण सहकारीहरूको सेवा स्तरीकरण, संस्थागत दिगोपना र अलग्गै पहिचानका लागि नीतिगत वातावरण तयार गर्न बचत तथा ऋण सहकारी ऐन निर्माणका लागि ऐक्यबद्धता र आवश्यक पैरबी गर्ने ।

२. नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कून) का सदस्य संघ संस्थाहरूलाई जारी गरिएको एकिकृत स्वनियमन मार्गनिर्देशन पालन गर्ने ।

३. बचत तथा ऋण सहकारीहरूको छबी संरक्षण र प्रविधि हस्तान्तरणका लागि विकास भएका स्तरीकरण (एक्सेस, प्रोवेसन तथा कर्ब्स) कार्यक्रमहरूमा सहभागी भइ संस्थागत विकास र सुदृढीकरण गर्ने ।

४. कोभिड-१९ पश्चात वृहत अर्थ व्यवस्थामा आएको बदलाव र सो को बचत तथा ऋण सहकारीहरूमा परेको प्रभावबाट सदस्यहरू र संस्थाको संरक्षणका लागि संस्थाको आकार, संरचना र योजनाहरूको समिक्षा गरी सन्तुलन कायम मार्फत स्वस्थ्य र सुरक्षित साकोस निर्माण गर्न पर्ल्स प्रणालीको पूर्ण कार्यान्वयन गर्ने ।

५. कोभिड-१९ पश्चात तरलता लगायत कारणले संकट उन्मुख साकोसहरूको सुरक्षाका लागि स्व-जागरण सहजिकरण (Self Recovery Facilitation Program- SRFP) विकास गरी संघ मार्फत कार्यान्वयन गर्ने । बचत तथा ऋण सहकारी संस्था सम्बन्धी सकारात्मक लेख रचनाहरू नियमित सार्वजनिक सञ्चार माध्यमहरूमा प्रकाशन गर्ने ।

६. वित्तीय सहकारीको दर्शन र मुल्यमा आधारित व्यवसायिक जनशक्ति विकासका लागि निरन्तर प्रणाली, पद्धती र प्रविधिको अवलम्बन गर्न श्रम ऐनले तोकेका सेवा सुबिधा तथा सुरक्षाका न्यूनतम शर्तहरू संस्थामा पालन गराउने र जनशक्ति व्यवस्थापनलाई प्रभावकारी बनाउन नेफ्स्कून साकोस म्यानेजर्स क्लबको सहभागितामा कार्यशाला आयोजना गर्ने ।

७. बचत तथा ऋण सहकारीहरूको लागि व्यवस्था गरिएका बाध्यकारी नियामकीय प्रबन्धहरू (कोपोमिस, गो ए एम एल) पूर्णरूपमा कार्यान्वयन गर्ने र कार्यान्वयनमा कठिन भएका क्षेत्रहरूमा संघबाट सहजिकरणको व्यवस्था गराउने ।

८. वाह्य तथा आन्तरिक रूपमा देखा पर्ने जोखिमहरूको व्यवस्थापन गर्न संस्थागत पूँजी कम्तीमा पाँच प्रतिशत कायम गरी स्थिरीकरण कोषमा आबद्ध भइ नियमित जोखिम सुपरिवेक्षण गर्ने र व्यवस्थापनमा पहिला सुरक्षाको सिद्धान्त कार्यान्वयन गर्ने ।

९. न्यून लागतमा समावेशी वित्तीय सेवा समुदायका सबै वर्गमा प्रवाह गर्न सञ्जालको साझा सेवाको रूपमा प्रविधि विकासमा योगदान गर्ने र उपलब्ध भए सम्म सञ्जालको साझा प्रविधिको उपयोग गर्ने ।

१०. सदस्यहरूको समृद्धि र वास्तविक अर्थ व्यवस्थामा नै योगदानका लागि उत्पादन र उत्पादकत्व बृद्धि गर्न पाँच करोड भन्दा माथि कारोवार गर्ने सबैले अनिवार्य व्यवसाय विकास सेवा कक्ष स्थापना र जनशक्ति व्यवस्थापन मार्फत सदस्यहरूलाई व्यवसाय विकास सेवा उपलब्ध गराउने ।

११. साकोस एकरूपता प्रणाली कार्यान्वयन करारीय सम्झौता मार्फत गर्न नेफ्स्कूनसँग सम्झौता गरी कार्यान्वयन सुनिश्चितता गर्ने र सञ्जालको सक्षमता विकासका लागि संस्थाको वित्तीय तथा गैह्र वित्तीय स्रोत सञ्जाल मार्फत पहिचान गर्न संघ संस्थाको तोकिएको तथ्याङ्क तोकिएको ढाँचामा तोकिएको समयमा नै उपलब्ध गराउने ।

**उपरोक्त प्रतिवद्धताहरू संघ संस्थामा नीतिगत व्यवस्था गरी क्रमश कार्यान्वयन गर्ने**

# सहकारी विकासका लागि आवश्यक कानुन निर्माणको विकल्प छैन



**देवराज घिमिरे**
**सभामुख, प्रतिनिधि सभा**

प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले सहकारीको सुशासनका लागि स्पष्ट ऐन कानुनको आवश्यकता रहेको बताउनुभएको छ । साकोसका व्यवस्थापन प्रमुखहरूको राष्ट्रिय गोष्ठी समुद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रमुख अतिथि घिमिरेले सहकारी विकासका लागि आवश्यक कानुन निर्माण गर्न सरकार तयार रहनुपर्ने बताउनुभएको हो ।

'देशमा आर्थिक समस्या आइरहेको छ, सहकारी र लघुवित्तमा चरम समस्या छ । के कारणले यस्तो समस्या आइरहेको हो ? किन वित्तीय सुशासन छैन ? सरकारको ध्यान जानु जरूरी छ' 'सरकारले आवश्यक कानुनका लागि तयारी गरोस् यसमा सहयोग गर्न म तयार छु ।'

सहकारी गाउँगाउँमा गरिब किसानहरूको साना साना पूँजी संकलन गरेर वित्तीय उपार्जनमा लगाउने सामाजिक संस्था भएकाले यस्तो संस्थालाई बचाउनु सबैको दायित्व हो । ' उत्पादन, रोजगारीबाट गरिबी हटाई समाजवाद उन्मुख समाज स्थापना सहकारीबाट हुने भएकाले यसतर्फ सरकारको यथोचित ध्यान पुगोस् भन्ने मलाई लाग्छ ।

नेपाली समाज निर्माण र समाजमा सामाजिक भावनाको विकास सँगसँगै राष्ट्रिय स्तरमै बचत तथा ऋण सहकारी अभियान अगाडि बढेको छ । समाजमा विभिन्न रूपका सहकारीहरू सञ्चालनमा छन्, तिनीहरूको व्यवहार, नियमनको पाटो र सरकारको भूमिकालाई बढाउन के गर्न सकिन्छ, त्यसका लागि वहश र छलफल आवश्यक छ । बचत तथा ऋण सहकारी संस्थाहरूमा सुशासन कायम गर्न ऐन तथा नीति नियममा के कस्ता अप्ठ्याराहरू छन्, त्यसलाई फुकाउन सभामुखको हैसियतबाट व्यक्तिगत रूपमा पनि सहयोगको प्रतिबद्धता व्यक्त गर्दछु । पछिल्लो समय सहकारीको माध्यमबाट ठगी गर्ने प्रवृति बढ्दै गएका भन्ने गुनासाहरू पनि सुनिराखेका छौं । यस्तो कार्यलाई नियन्त्रण गर्न आवश्यक छ । सरकारले यसको अनुगमन गर्नुपर्यो र देखा परेका समस्या समयमै समाधान गर्नुपर्यो । ७ खर्ब भन्दा बढी रकम परिचालन गर्ने सहकारीलाई व्यवस्थित गर्न छुट्टै ऐन आवश्यक छ, सम्पत्ति शुद्धीकरणको हिसाबले सहकारीमा अवैध धन्दा हुन्छ भन्दै बचतमा २५ लाखको सीमाको कुरा आएको छ, यस्तो हुँदैन भनेर सहाकारीले ग्यारेन्टी गर्न सके त्यो सीमा हट्न सक्छ ।

बचत तथा ऋण सहकारी सम्बन्धी ऐन ल्याउने विषय जानकारीमा आएको छ, त्यसले व्यक्तिगत रूपमा खुसी लागेको छ । ऐन ल्याउनु जरूरी छ, त्यसका लागि राजनीतिक पार्टीहरूसँग छलफल चलाउनुस्, यो राज्यकै तर्फबाट ऐनको रूपमा आउन सकोस् । संस्थागत रूपमा पनि छलफल गर्न र नेतृत्व तहमा रहनुभएकाहरूसँग पनि छलफल गरेर खुल्ला भएर अगाडि बढ्नुस् त्यसमा मेरो साथ सहयोग र ऐक्यवद्धता रहन्छ ।

केही नेपाल संशोधन गर्न आएको ऐन अन्तर्गत परेका ऐन संशोधनका प्रस्तावहरू छलफलको क्रममा रहेको र विधेयक माथी परेका प्रर्याप्त संशोधन प्रस्तावहरू ठीक ढंगबाट पारित गराउन पनि सभामुखको हैसियतले प्रयत्नरत रहनेछु ।

ऐन कानुनको अभावमा र सरकारको अभावमा सहकारीमा केही अप्ठ्यारो परेको छ भने यस्तो प्रतिकुल आर्थिक अवस्थालाई कसरी ठीक ढंगले लान सकिन्छ, त्यस विषयमा पनि यो गोष्ठीले ठोस निश्कर्ष निकाल्न सकोस मेरो शुभकामना छ ।

मार्च ८, अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा सम्पूर्ण महिला दिदीबहिनीहरूमा शुभकामना छ । सहकारीले खासगरी महिलाहरूलाई समाजमा भूमिका खेल्न महत्वपूर्ण योगदान पुर्‍याएको छ । सहकारीले महिलाहरूको आर्थिक अस्तित्वलाई विकास गर्ने आधार प्रदान गरेको र त्यो हामीले व्यवहारमा पनि देखिरहेका छौं ।

# सिद्धान्तमा चलेका सहकारीमा कुनै समस्या छैन : रजिष्ट्रार

**नमराज घिमिरे**
रजिष्ट्रार, सहकारी विभाग



सहकारी विभागका रजिष्ट्रार नमराज घिमिरेले सहकारीमा स्वनियन्त्रण, स्वनियमन, र स्वशासन हुने हुँदा यसमा कुनै समस्या नै आउँदैन भन्ने आफुले बुझेको बताउनुभएको छ । यदि सहकारी सहकारीको सिद्धान्त अनुरूप चलेका छन् भने त्यहाँ समस्या हुनुहुँदैन भन्ने उहाँको भनाई थियो । काठमाडौंमा नेफ्स्कूनको आयोजनामा फागुन २४ र २५ गते सञ्चालन भएको साकोसका व्यवस्थापन प्रमुखहरूको राष्ट्रिय गोष्ठीका अवसरमा बोल्दै रजिष्ट्रार घिमिरेले यदि त्यो सहकारी सहकारीमा रहिरह्यो भने त्यसमा समस्यै आउँदैन । सहकारीको सिद्धान्त नै यस्तो हो की त्यसमा समस्या आउन सक्ने टाइपको कुनै किसिमको मेकानिज त्यहाँ रहेको छैन । जब सहकारीको नाम राखेर त्यसबाट अरू गलत कामहरू गर्न थालिन्छ, त्यसपछि समस्या आउँछ । अहिले आइरहेको समस्या भनेको सहकारीको नाममा चलेका कतिपय संस्था सहकारी नै होइनन्, खासगरी तिनले सहकारीको वदनाम गरिरहेका छन्, सहकारी संस्थामा त सहकारीका सदस्यहरूको स्वनियमन, स्वनियन्त्रण हुन्छ । तर त्यहाँ संस्थाको एउटा सदस्य बचतकर्ताले सहकारीका सञ्चालक समितिको अध्यक्ष, पदाधिकारी,  सिइओ कोही पनि चिनेको छैन । एउटा सेवा कार्यालय, कुनै एक ठाउँमा केन्द्रीय कार्यालय राखेर देशैभरि सेवा कार्यालय स्थापना गरेका छन् । सेवा कार्यालय स्थापना गरिदिने र त्यसैको भरमा संस्था, पदाधिकारी, सञ्चालक र व्यवस्थापक कोही कसैलाई नचिनेरै बजार प्रतिनिधिको भरमा बचत कर्ताहरूले खुरूखुरू करोडौं रूपैया बचत गरेका छन् । करौंडौंको बचत संकलन हुँदै जम्मा भएको अरबौं रकम आफ्नो इच्छाले खोलेका कम्पनीहरूमा एउटा सहकारी संस्थाको ब्राण्ड नेमबाट कम्पनी स्थापना गरेर अरबौं लगानी भएको पाइन्छ । त्यो सहकारीका लागि घातक भएको छ ।


अहिले वित्तीय प्रणालीमा नेपालमा मात्र होइन विश्वव्यापी रूपमा आइरहेको समस्याको केही असर नेपाली वित्त प्रणालीमा नपर्ने भन्ने हुँदैन, यो सामान्य कुरा हो , तर हामीले यस्तो अवस्थामा हाम्रो पैसा सुरक्षित भएको सुनिश्चितता सदस्यलाई गराउन सक्नुपर्छ, सदस्यका पैसाको सहि सदुपयोग भइरहेको छ, परेको बेलामा समस्या टर्छ अर्थात सुझिल्छ भन्ने विश्वास सदस्य अर्थात बचत कर्तामा हुनु नै सहकारी संस्था प्रतिको विश्वसनीयता कायम हुनु हो । समस्या जतातते छ तर सहकारीमा यदि समस्या छ भने त्यसमा ५० प्रतिशतभन्दा बढी जिम्मेवार सिइओ नै हुन्छन् ।

सिइओहरूले लगानी गर्ने बेलामा आफ्नो 'एक्स्पर्टिजम'को आधारमा काम गर्ने हो, ऐन, नियम कानुनमा लेखिएको विषयलाई हुवहु कार्यान्वयन गर्ने जिम्मेवारी कर्मचारीको हुन्छ । ऐनमा भएको विषयवस्तुमाथि कम्प्लेन गर्ने अधिकार कर्मचारीमा हुँदैन । सिइओले आफ्नो इमान्दारिता, नैतिकता, उर्जा र अनुभवबाट नै सहकारी संस्थालाई अगाडि बढाउने या नवढाउने भन्ने प्रमुख कारक तत्व हो ।

सिइओले आफ्नो संस्थामा बचत गर्ने बचतकर्तालाई हेरेर निर्णय गर्नुपर्नेहुन्छ । सिइओको निर्णयबाटै ती बचत कर्ताको बचतको सत् प्रतिशत सुरक्षाको ग्यारेन्टी गरिनुपर्दछ र पदाधिकारीज्यूहरूलाई संस्थाको साधारणसभाले पास गरेका नीति नियम ऐन विधि विधान लगायतका सम्पूर्ण कुराहरू पालना गर्नको निम्ति सिइओले आफ्नो व्यावसायिक, व्यवस्थापकीय र प्रशासनिक क्षमता उपयोग गर्नुपर्छ ।

विभाग नियमनकारी निकाय भएकोले नियमन भन्ने शब्द आफैंमा मीठो शब्द होइन । तपाईंहरूका काम कारबाहीलाई स्थापित विधि मूल्य मान्यता र नेपाल सरकारको सम्मानित संस्थाबाट निर्माण गरेको कानुन र त्यो अन्तर्गत बनेका कार्यविधि कानुन अन्तर्गत छ कि छैन भनेर हेर्ने हो । यदि छैन भने त्यसलाई दण्डको दायरामा ल्याउने र छ भने पुरस्कृत गर्ने भूमिका सहकारी विभागको भएको हुनाले मेरो कार्यकालमा म त्यो भूमिका र ऐन नीति नियमको पालना गर्ने विषयमा कहि कतै कमजोरी हुने दिने छैन । आवश्यक सहयोग विभागबाट उपलब्ध गराउन पनि प्रतिबद्ध रहनेछु ।

# "बचत तथा ऋण सहकारीका लागि छुट्टै ऐन ल्याउन पहल गरौं"



**ऋषिराज घिमिरे**
**पूर्व अध्यक्ष, नेफ्स्कून**

> क्यानडामा छुट्टै सुपरभाइजरी यूनिट छ, अमेरिकामा छुट्टै छ र न्यूजिल्याण्डमा सेन्ट्रल बैंकले गर्छ । क्यानडामा बैंकिङ ऐक्टले गर्छ । बंगलादेशमा सहकारी विभागले गर्छ ।

बचत तथा ऋण सहकारी अभियानलाई व्यवस्थित बनाउन क्रेडिट युनियन ऐक्ट चाहिएको हो । यसले सञ्चालकहरूको योग्यता तोक्छ, सहकारीको कार्यक्षेत्र तोकिन्छ । के नेपालमा जे पनि मिलाए मिल्ने हो ? सहकारी आफ्नो टेरीटोरि भित्र सञ्चालन नभएर अर्काको टेरिटोरीभित्र शाखा खोलेर पैसा लिन दिन मिल्छ ? सहकारीको कार्यक्षेत्र विस्तार गर्ने क्रममा ठूलो घोटाला भएको देख्छु म । पैसा खुवाएर कार्यक्षेत्र लिनु गलत हो । अर्काको क्षेत्रमा आएर पैसा लिने दिने भएकोले पनि सहकारीमा वेथिति निम्तिएको हो । यसबाट मुक्त हुनका लागि साकोस ऐन चाहियो भनेको हो ।

संस्था कस्तो सञ्चालन भएको हुनुपर्ने ? वित्तीय गुणस्तरीयता कस्तो हुनुपर्ने ? रिजर्भ फण्ड कति भएको हुनुपर्ने ? यी सब कुरा ऐन मार्फत तोकिनुपर्छ ।

अर्को कुरा, अब सहकारी फोर्स मर्जमा जानुपर्छ । २० हजार सहकारीलाई २ हजारमा ल्याउनु जरूरी छ । कति संस्थाका मान्छे रोइरहेका छन्, कोही आइदिएपनि हुन्थ्यो, लिइदिएपनि हुन्थ्यो भन्ने भएको छ । लोन वितरणको अवस्था नराम्रो छ, भाखा नाघेको ऋण डरलाग्दो छ, यस्तो अवस्था आइसकेकोले अब छिट्टो फोर्स मर्जको व्यवस्थाका लागि पनि साकोस ऐन आउनु जरूरी छ ।

स्ट्रोङ सुपरभाइजरी यूनिट आवश्यक छ, यसमा सहकारी विभागको केही दोष छैन, कहाँबाट कसरी आउनुहुन्छ । सिक्दा सिक्दै ठ्याक्क अर्को ठाउँमा सरूवा हुने समय हुन्छ, विभागको मुख ताकेर केही हुनेवाला छैन । क्यानडामा छुट्टै सुपरभाइजरी यूनिट छ, अमेरिकामा छुट्टै छ र न्यूजिल्याण्डमा सेन्ट्रल बैंकले गर्छ । क्यानडामा बैंकिङ ऐक्टले गर्छ । बंगलादेशमा सहकारी विभागले गर्छ ।

स्ट्रोङ सुपरभाइजरी कमिटि भन्नाले सुरपरभाइजरी कमिसन त्यो अर्थ मन्त्रालय अन्तर्गत रहन्छ । यो नयाँ कुरा आएपछि सहकारी विभाग, सहकारी महासंघ, बहुउद्देश्यीय, सञ्चार सहकारी हाइड्रो सहकारी यी के के सहकारी दिंदैनन् । मैले भन्दा क्रेडिट यूनियन ऐक्ट नै भन्छु । के हो क्रेडिट यूनियन ऐक्ट, हामी वित्तीय कारोबार गर्ने-गर्नेहरूको मात्रै अलग हो यो । थरी थरीका सहकारीभित्र हामीलाई गोलमाल भो । हामी सहकारी सिद्धान्तभित्रै हो भन्न पाउने खालको ऐक्टको व्यवस्था हुनुपर्‍यो । सरकारले बजेट मार्फत सेकेण्ड टायर इन्स्टिच्यूसनको कुरा गरेको छ । जे भनेपनि अर्थमन्त्रालय मातहत सुपरभाइजरी कमिटी होस् भन्ने हाम्रो चाहना हो,

हाम्रो माग हो ।

त्यस्तै साकोसको अफसाइट अनसाइट मोनिटरिङ हुनुपर्छ । बुझिने भाषामा भन्दा १० अरब भन्दा माथिको अनुगमन छिनछिनै हुनुपर्छ, १ अरब देखि १० अरब सम्मको दिनदिनै, ५० करोड देखि १ अरब सम्मको लागि प्रत्येक हप्ता र १० करोड देखि ५० करोड सम्मको १५ १५ दिनमा अनुगमन हुनुपर्छ । यो व्यवस्था कोरियामा छ । १८ महिनामा अनुगमन गर्ने संस्था पनि छन् । कोरियाको क्रेडिट युनियन फेडेरेसनको एउटा हलमा ८० वटा कम्प्यूटर राखेको छ । त्यहाँ लोन पोर्टफोलियो संस्थाको कुल पूँजीको आधारमा तोकिएको हुन्छ । त्यो भन्दा बढी लोन दिएको देख्ने वित्तीकै रातो बत्ति बल्छ । तुरुन्त संशोधन गरिहाल्नुपर्ने प्रणाली छ । यस्तो मोनिटरिङ चाहियो । पैसा देखेपछि हामी पनि मिलाउने त हो मिलाउँछौं । सबैले नै मिलाउँछौं । धाक लाउनु पर्दैन । राम्रै छ, १ अरबको त सम्पत्ती छ, गाडी घोडा चडेर हिँडिरहेको छ,  दिँदा के फरक पर्छ र भन्छौं । तर नेपालमा टाट अरबपतिहरू हुन्छन् भन्ने हामीलाई थाहै छैन । विवाह पनि ऋणमा गर्छौं । छोरो ऋणमा, घर ऋणमा, भयजति सबै ऋणमा हेर्दा ठूलो गाडी चडेर हिँडेको हुन्छ ।

फाइनान्सिङ इण्डिकेटरहरू कम्प्लायन्सको रूपमा लिइएपनि भाखा नाघेको ऋण ५ प्रतिशत भन्दा तल हुनुपर्छ, हुनैपर्छ हुँदैन भने प्रोभिजन गरेर त्यो बर्ष डिभिडेन्ट बाँड्नुहुँदैन । गए जाउन सदस्य, जति हुन्छन्, त्यति बस्छन् । स्याण्डरमा हामीले चलाउनको लागि पनि छुट्टै ऐन चाहिएको हो ।

साकोसको पैसा नचाहिने काममा कसैले खर्च गरेको छ भने आफुलाई र आफ्नो कार्यकाललाई त ठिकै होला, सन्तानलाई पिर्छ । त्यो सन्तानलाई पिरेन भने आउने सन्तानलाई पिर्छ । कोही हुनुहुन्छ भने, आजै क्षमा याचना गरेर कुश समातेर अब देखि गर्दिन भन्नुहोला ।

अर्को कुरा बचत तथा ऋण सहकारी संस्था सम्बन्धी स्थिरीकरण कोष विग्रेर आयो । यसलाई परिमार्जन गरेर व्यवस्थित रूपमा अगाडि बढाउनको लागि पनि कुल सम्पत्तीको रूपमा राख्न पाएको भए सानो सानो रकम थुप्रो पैसा आउँथ्यो । सानो सानो रकम धेरै आउनु राम्रो हो । त्यो परिमार्जन गरेर स्ट्रोङ बनाउनको लागि र त्यो बाहेक 'सोलिडारिटी फण्ड क्रियट' गर्नको लागि विश्वास अहिलेनै बनाऔं । १० २० अरब सोलिडारिटी फण्ड बन्यो भने अप्ठ्यारो परेको अवस्थामा डालोमा पैसा बोकेर जान पाइन्छ । राष्ट्र बैंकले बैंकका लागि बोकेर आउँछ, हामीले पाएनौं । ढिलो भयो । त्यसको लागि पनि हामीलाई क्रेडिट युनियन ऐक्ट चाहियो ।

अर्को कुरा अभियानको नियमित डाटा अपडेट गर्नको लागि स्ट्रोङ एमआरएस प्रणालीको विकास गर्न जरूरी भएको छ । प्रविधिमा यत्रो फड्को मारिसक्दा पनि अभियानको एउटा आधिकारिक टाडा ल्याउन सकिएन । अभियानको एकसाथ वासलात आउन सक्ने गरी काम गर्न पनि ऐनको आवश्यकता भएको छ । अभियानमा एकरूपता ल्याउनका लागि नीति विधि प्रविधि, एउटै रूप रंग ढाँचा समान बनाएर अभियानको उच्च छवि निर्माण गर्नको लागि र सफ्टवेयरमा पनि एकरूपता ल्याउनको लागि पनि नेफ्स्कूनले बनाइरहेको छ, त्यसमा अभियानको स्वामित्व कति रहन्छ, त्यसमा एकाकार गरेर हिड्नको लागि पनि हामीलाई ऐनको आवश्यकता भइसकेको छ ।


सहकारी ऐन मही र चिउरा मिसेजस्तो भएको छ । सञ्चार पनि त्यहि छ, हाइड्रो पनि त्यही छ, बैक पनि त्यही छ । पृथक आइडेन्टीको लागि पनि हामीले क्रेडिट युनियन ऐक्ट ल्याउनु जरूरी छ । यसको लागि सबैजना एकाकार होऔं, नअल्मलियौं र त्यो आएपछि सुशासनमा चलेका संस्थाहरू खुसी हुन्छन, कुशासनमा चलेका संस्थाहरूले विरोध गर्छन् । यसको लागि चाँडै क्रेडिट युनियन ऐक्ट ल्याउनको लागि सबैतिरबाट पहला गरौं ।

*नेफ्स्कूनका पूर्व अध्यक्ष एवम् सल्लाहकार घिमिरेले साकोसका व्यवस्थापन प्रमुखहरूको राष्ट्रिय गोष्ठीका अवसरमा कार्यपत्रमाथिको टिप्पणी सहित राख्नुभएको विचार ।*

## Technology Based Services and Governance: Responsible Management for Sustainable SACCOS & Image Building

## प्रविधियुक्त सेवा र सुशासन: दिगो साकोस र छवि निर्माणका लागि जिम्मेवार व्यवस्थापन

# सहकारी सञ्चालनमा व्यावसायिक दक्षता आवश्यक छ



**श्याम घिमिरे**
**केन्द्रीय सदस्य, नेपाली काँग्रेस**

> मुलुक संघीय संरचनामा गएसँगै संघ, प्रदेश र स्थानीय तह मातहतमा सहकारी विभाजन भए । तर नियमन पक्ष कमजोर बन्यो । आवश्यकता भन्दा बढी सहकारी दर्ता भए । हिजोका सबै गाउँपालिकाहरू नगरपालिकामा परिणत भए ।

सहकारीको मान्यता अनुसार एउटै समुदायमा बस्ने एउटै प्रकृतिका मान्छेहरूको एउटा समूहकार्य हो सहकारी । यसमा दुईमतै छैन । तर पछिल्लो समय सहकारी सहकारीको मुल्य र सिद्धान्तबाट विमुख बन्दै गयो । धेरै ठूला सहकारीहरू जोखिममा परे, ती सहकारीहरूबाट स्वयं बचत कर्ताको बचत पनि जोखिममा पऱ्यो, सहकारीप्रतिको जनताको आस्था र विश्वास पनि उठ्दै गयो । अब सहकारीप्रति जनविश्वास कायम गर्न र यसको सञ्चालनलाई प्रभावकारी बनाउन नियमनको पाटो बलियो बनाउनुपर्छ भन्ने मेरो व्यक्तिगत धारणा हो । नेपाली काँग्रेस पार्टीले सहकारीका विषयमा त्यस्तो कुनै आधिकारिक धारणा प्रष्ट पारेको छैन । यस विषयमा मेरो व्यक्तिगत विचार के हो भने सहकारीमा दुईथरिका समस्या छन् । एक शहरी सहकारी र अर्को ग्रामिण सहकारी ।

खासगरी काठमाडौं उपत्यका र ठूला शहरहरूमा स्थापना भएका सहकारीहरू धेरै अप्ठ्यारोमा परेका छन् । त्यसको पहिलो कारण सहकारी ऐन, अन्तर्राष्ट्रिय मापदण्डहरू र सहकारीका प्रचलित व्यवस्था अनुसार नचल्दाखेरि समस्या उत्पन्न भएको हो भन्ने मेरो पहिलो बुझाई हो । जथाभावी ऋण प्रवाह गर्ने, स्वयं सञ्चालकहरू सहकारीबाट जथाभावी ऋण लिने, सहकारीको धर्म मर्म सिद्धान्त विपरित गएर सहकारी चलाउन खोज्दाखेरि सहकारी समस्यामा परेका हुन् ।

अर्को समस्या सँगसँगै के छ भने शहरी सहकारीमा सहकार्यको अभाव छ ।

ग्रामिण क्षेत्रमा सञ्चालित सहकारीहरू खासगरि बचत तथा ऋण सहकारीहरूमा सबभन्दा ठूलो समस्या पूँजीको छ । शहरी सहकारीमा बचत पर्याप्त संकलन हुन्छ, तर त्यसको कार्यान्वयन र त्यसको ल्याण्डिङ अत्यन्त खराब अवस्थामा छ भने ग्रामिण सहकारीहरूमा सबैकुरा ठिकठाक छ, तर त्यहाँ पूँजीको पनि अपर्याप्तता र राम्रो व्यवस्थापकीय क्षमता भएका कर्मचारीहरूको पनि अभाव छ ।

तीनखम्बे अर्थनीति भनेपनि सहकारीको क्षेत्रमा राज्यको ध्यान गएको देखिँदैन । अर्थनीतिका तीन खम्बा हुने गरि राज्यले सहकारी क्षेत्रमा न त त्यस्तो लगानी गरेको छ, न त त्यो अनुरूपको नीति नै छ ।

अर्को कुरा सहकारीहरू तीन कारणले अप्ठ्यारोमा पर्छन भन्ने मेरो बुझाई हो । एउटा आम्दानी भन्दा खर्च ठूलो गर्ने, सहकारीका सञ्चालक र कर्मचारीहरूले त्यो धनको अपचलन गर्ने र सहकारीको धन जथाभावी प्रयोग गर्ने यी तीनवटा कारणले सहकारीहरू जोखिममा परेका छन् । यसका लागि अन्तर्राष्ट्रिय विधि प्रक्रिया हेर्ने हो भने सहकारी भनेको स्वनियमनमै चल्ने हो । स्वयं सदस्यहरूलेनै नियमन गरेर चल्ने संस्था हो । तर आज त्यो अनुसार काम भइरहेको छैन, त्यसकारण सहकारीहरू समस्याग्रस्त भइरहेका हुन् ।

मुलुक संघीय संरचनामा गएसँगै संघ, प्रदेश र स्थानीय तह मातहतमा सहकारी विभाजन भए । तर नियमन पक्ष कमजोर बन्यो । आवश्यकता भन्दा बढी सहकारी दर्ता भए । हिजोका सबै गाउँपालिकाहरू नगरपालिकामा परिणत भए । जहाँ पूर्वाधार केही

**काउन्सिलले अनुगमन, सुपरिवेक्षण गरेर सहकारीलाई वित्तीय अनुशासनभित्र राख्ने काम गर्छ र अप्ठ्यारो परेको बेलामा व्याकअपको काम पनि गर्छ । राष्ट्र बैंकले जसरी काम गर्छ सहकारीको पनि नियमनकारी निकाय सँगसँगै व्याकअपको काम गर्ने संस्थाको रूपमा काउन्सिल खडा गर्नुपर्ने आवश्यकता छ ।**

पनि छैन, सबै गाउँ उस्तै छन् । गाउँ शहर जताततै सहकारी त खुले तर सहकारीको निश्चित मूल्य मान्यता र व्यवासायिक दक्षता भएका व्यक्तिहरूबाट सहकारी सञ्चालन हुन सकेन, जसको परिणाम आज सहकारी क्षेत्रका लागि भारी पऱ्यो । अव यसको समाधान गर्नका लागि हामीले तत्काल एउटा काउन्सीलको निर्माण गर्नु आवश्यक छ । नेफ्स्कून लगायतको सहभागितामा काउन्सील बनाएर सहकारीको नियमन गर्ने बलियो र छुट्टै इकाई अनिवार्य भएको छ । कडा अनुगमन नगरिकन अव स्व-नियमनबाट, स्व-अनुगमनबाट सहकारी संस्था चल्ने अवस्था देखिएन, व्यवहारले यहि कुरा देखायो ।

सहकारीलाई दुई किसिमको क्याटागोरिमा छुट्याउनु पर्छ । एउटा शहरी सहकारी र अर्को ग्रामिण सहकारी । ग्रामिण क्षेत्रमा ऋण प्रवाह गर्न, आम जनतामा साना साना कर्जा प्रदान गर्न बैंकले सक्दैन । लघुवित्त संस्थाहरू हुनसक्छन तर तिनको पनि स्वामित्व जनतामा अन्तरनिहित हुँदैन । जनताको स्वामित्त रहनेगरि काम गर्ने सहकारीले नै हो । त्यसका लागि काउन्सिल बनाउने, काउन्सिल मार्फत नियमन गर्ने र नियमन सँगसँगै जुन किसिमबाट लघुवित्त संस्थालाई राज्यले छुट सुविधा प्रदान गर्दै आएको छ, त्यो सरहको छुट सुविधा सहकारीलाई पनि प्रदान गर्नुपर्छ भन्ने कुरा प्रमुख हो ।

सहकारी क्षेत्रमा पनि व्याकअप आवश्यक भएको छ । बैंकलाई अप्ठ्यारो परेमा राष्ट्र बैंकले सहयोग गर्छ । असहज अवस्था सबैतिर छ । ठूला ठूला बैंक, वित्तीय कारोबार गर्ने संस्था, कम्पनी र अन्तर्राष्ट्रिय जगतमै पनि हालै समस्यमा परेका घटना बाहिर आएका छन् । अब साना साना सहकारीहरू अप्ठ्यारोमा पर्दैनन्, असहज अवस्था आउँदैन भन्ने होइन । असहज अवस्थामा पुगेका बैंकहरूलाई राष्ट्र बैंकले आफ्नो स्वामित्वमा लिएर सुधारको बाटोमा लैजान्छ, कभरेज दिन्छ, व्याकअप दिन्छ । अब हामीले पनि त्यो अवस्थामा सहकारीलाई लैजान काउन्सिलको आवश्यकता औंल्याएको हो । काउन्सिलले अनुगमन, सुपरिवेक्षण गरेर सहकारीलाई वित्तीय अनुशासनभित्र राख्ने काम गर्छ र अप्ठ्यारो परेको बेलामा व्याकअपको काम पनि गर्छ । राष्ट्र बैंकले जसरी काम गर्छ सहकारीको पनि नियमनकारी निकाय सँगसँगै व्याकअपको काम गर्ने संस्थाको रूपमा काउन्सिल खडा गर्नुपर्ने आवश्यकता छ । यसलाई सातै प्रदेशमा छुट्टाछुट्टै बनाउने हो की ? एउटै बनाउने हो की ? त्यो अनुरूप सहज हुने किसिमबाट निर्माण गर्नुपर्छ भन्ने लाग्छ । अब यो अनुरूपको अध्यासबाट अगाडि नबढ्ने हो भने सहकारीहरू सबै जोखिममा पर्छन् ।

अर्को कुरा नेपालमा अत्याधिक मात्रामा सहकारी जन्मिए । यसलाई तत्काल मर्जरमा लैजान अनिवार्य व्यवस्था गर्नुपर्छ । फोर्स मर्जरको नीति नआएसम्म अब सहकारीको समस्या समाधान गर्न त्यति सहज छैन । हामीसँग सहकारी सञ्चालन गर्ने व्यवस्थापकीय क्षमता भएन । वित्तीय संस्था सञ्चालनमा आवश्यक पर्ने वित्तीय क्षमता भएका कर्मचारी पनि सहकारीले राख्न सक्ने अवस्था भएन । गैरव्यावसायिक मान्छेहरूले जथाभावी सहकारी सञ्चालन गरे । सीमित सहकारीको अव्यवस्थित कार्यले गर्दा सबैको विश्वास नै सहकारीबाट उठ्ने स्थिति देखापर्न थाल्यो । ५, १०, २० करोडको कारोबार गर्ने संस्थाले त्यो क्षमता भएका कर्मचारी राखेर संस्था सञ्चालन गर्ने सक्दैनन् । आखिर संस्थाको कारोबार २० करोड, २० अर्ब, २० खर्ब जति भएपनि प्रक्रिया एउटै हो । वित्तीय कारोबारका सबै प्रक्रिया प्रभावकारी रूपले पुरा गर्नका लागि त्यो क्षमता भएका कर्मचारी आवश्यक भयो । अब मर्जरमा नजाने हो भनेदेखि च्याउ उम्रिय जस्ता एकै घरमा सातवटा सहकारीका बोर्ड झुण्ड्याएर अव काम चल्नेवाला छैन । सहकारीमा अब एउटा मापदण्ड बनाएर मर्जरमा लैजाने एउटा उपाय हुन सक्छ । अर्को कुरा नियमन हो । स्वनियमनको अवधारणा त हो तर स्वनियमनले चलेन भन्ने प्रष्ट भएको छ, व्यवहारमा त्यो असफल भयो । स्वनियमनले काम गरेन, त्यो कुरा देखिसकियो । हामीले यसलाई नियमन गर्ने कहिँ न कहिँ इकाई खडा गर्नुपर्छ ।

❑ *कुराकानीमा आधारित*

# सरकारले छिट्टै दिर्घकालिन समाधान सहितको बाटो खोज्दैछ



**नमराज घिमिरे**
**रजिष्ट्रार, सहकारी विभाग**

"सहकारी सम्बन्धी ऐन, विनियम, सहकारी विभाग बनाएकै यस्तो हुन सक्छ है भनेर हो । यहाँनेर एकले अर्कालाई दोष दिएर उम्कने ठाउँ छैन ।"

**सहकारीको विद्यमान अवस्थालाई यहाँले कसरी लिनुभएको छ ?**

सहकारीमा अहिले देखिएको समस्या भनेको वित्तीय प्रणालीमा आएको समस्याको प्रभाव अथवा असहज अवस्था हो । सहकारी संस्थाहरू पनि एक हिसाबको वित्तीय कारोबार गर्ने विशेषत बचत तथा ऋण सहकारीहरू वित्तीय कारोबारमै केन्द्रीत हुने भएकोले देशको वित्तीय प्रणाली अथवा अर्थतन्त्रमा आएको प्रभाव यो सहकारीमा पनि पर्नु स्वभाविक हो । एकातर्फ त्यसको प्रभाव छ, अर्कोतर्फ लामो समयदेखि सहकारी क्षेत्रमा केही संस्थागत संरचनागत समस्याहरू रहेको थियो र त्यसको प्रभाव अहिले प्रस्फूटन भयो भन्ने मेरो बुझाई छ । सहकारीको आधारभूत सिद्धान्त अनुसार सदस्य केन्द्रीयता, समुदायमा आधारित भन्ने जुन भावना हो, जुन सिद्धान्त हो । यसमा केही सहकारी संस्थाहरूले सहकारीको मुल मान्यताभन्दा बाहिर गएर आफ्ना सदस्यहरूलाई अथवा सहकारीसँग आबद्ध हुने व्यक्तिहरूलाई दुइटा वर्गमा विभाजन गरेको देखियो । एउटा सदस्य जो शेयर होल्डर हो, सहकारीको सिद्धान्त अनुसार तिनै शेयर होल्डर सदस्यहरूसँग मात्रै सहकारीका कारोबार हुनुपर्ने, बचत, लगानी तिनीहरूमाथि नै हुनुपर्ने तर यहाँ बढी बचतकर्ता जो बढी व्याज पाइन्छ भन्नेमा आफ्नो बचत ल्याएर सहकारीमा राखे । जसको उद्देश्य बढी व्याज प्राप्त गर्नुमात्रै हो । यसले गर्दा सहकारीमा एकदमै ठूलो परिमाणको बचत संकलन हुन थाल्यो । सहकारीहरूले सदस्यलाई बचत संकलन गर्नको लागि पनि सहकारीबारे बुझाएर, सहकारी शिक्षा दिएर बचत संकलन गर्नुभन्दा पनि बजार प्रतिनिधिमार्फत बाणिज्य बैंक तथा अन्य बैंकहरूले दिएका जस्ता आकर्षक प्याकेज अर्थात वित्तीय लाभका योजना अगाडि सारेर बचत संकलन गर्ने काम भयो । त्यो बचतको लगानी शेयर सदस्यहरू बीचमा भन्दा पनि अन्य ठूलो फानान्सियल एक्टिभिटिजमा भयो । जस्तै शेयर सदस्यहरूको बचत बाट जम्मा भएको रकमले आफै प्रत्यक्ष घरजग्गा कारोबारमा संलग्न हुने अथवा घरजग्गा कारोबारमा लागेका अन्य ऋण मागकर्ताहरूलाई ऋण दिने जसले गर्दा आर्थिक मन्दीका कारणले घर जग्गा कारोबारमा आएको शिथिलताको प्रभाव तुरून्तै सहकारीमा देखिन थाल्यो । त्यस्तै शेयरमा लगानी गर्नको निमित्त कसैले पैसा माग्यो र त्यो मान्छेले शेयरमा लगानी गर्‍यो र त्यो शेयर कारोबारमा आएको गिरावटको कारणले गर्दा खेरी त्यो ऋणिले समयमै किस्ता भुक्तानी गर्न सकेन जसले गर्दा खेरि सहकारीको नियमित ऋण उठ्नुपर्ने हो, त्यो उठेन, त्यसभन्दा पछाडि सहकारीको तरलता व्यवस्थापनमा समस्या हुन थाल्यो र त्यसबाट समस्य सृजना भयो । तेस्रो पक्ष केही सहकारीहरूमा सञ्चालकहरूले बदनियतपूर्ण तरिकाले लगानी गरेको देखिन्छ । हुनत सहकारीमा विगतदेखिको अभ्यास हो, हामी विनाधितो पनि लगानी गर्छौं भन्ने गरेको पाइन्छ । विनाधितो लगानी गर्नको निमित्त निश्चित सीमाभित्र रहेर लगानी गरेको भएदेखि खासै समस्य हुने थिएन ।

तर जथाभावी लगानी गरेपछि त्यो अत्यन्त जोखिमपूर्ण लगानी हो, र अहिले भइरहेको त्यही जोखिमपूर्ण लगानीको अवस्था हो । विनाधितो लगानी गरियो भने हाम्रो ऐनले त्यो ऋणिको जायजेथाबाट पनि असुल उपर गर्न सकिने भनेको छ, तर त्यो भनेको एकदम पछिको कुरा हो। त्यो त बाँकी बक्यौता असुल गर्ने प्रयोजनको निमित्त दफा ७९ को प्रयोजनको लागि भनेको छ । त्यो ऋण चुक्ता गर्नको लागि पहिले अरू प्रक्रियाहरू अपनायर कुनै तरिकाबाट ऋण उठेन भने त्यस्तो बाँकी बक्यौतालाई उसको हक भोगमा रहेको सम्पत्तीलाई लिलाम गरेर विक्रि वितरण गरेर उठाउन सक्छौं ।

### नियमन कमजोर बन्दा यो दिन आउँछ भन्नेमा त सरकार जानकार थियो । हिजोका दिनमा सरकार किन मौन बस्यो ?

सहकारी सम्बन्धी ऐन, विनियम, सहकारी विभाग बनाएकै यस्तो हुन सक्छ है भनेर हो । यहाँनेर एकले अर्कालाई दोष दिएर उम्कने ठाउँ छैन । यसमा सरकारको तर्फबाट नियमन निकायको तर्फबाट हामीले पर्याप्त र प्रभावकारी नियमन गर्न नसकेको कुरा साँचो हो । तर यो सहकारी भनेको यस्तो अभियान अथवा यस्तो विषय हो, यो राष्ट्र बैंकले वित्तीय संस्थालाई अनुगमन गरेजस्तो सहज छैन । किनभने यो समुदायमा आधारित हो । अर्को सहकारीको सांगठनिक शक्ति पनि अत्यन्त मजबुद छ । त्यो सांगठनिक शक्तिले नियमनलाई विगतमा कतिको सहज वातावरण निर्माण गऱ्यो, विभागले अर्थात नेपाल सरकारले दिएका नीति नियम कानुनहरूको अवलम्बनमा कति ध्यान पुऱ्याइयो भन्ने कुरा पनि मेजर हुन्छ । अझ के बुझ्नुपर्ने हुन्छ भने कुनै पनि कानुनको पालना भनेको म्यान्डेटरी हो । कसैले कानुन पालना गरेन भने कारबाहीमा जाने त्यो दोस्रो चरणको प्रोसेस हो । सबैभन्दा पहिलो गल्ती हाम्रो सहकारी अभियान अथवा सहकारीकर्मीहरूको कानुनले निर्धारण गरेको विधि र प्रक्रिया भन्दा बाहिर गएर ज जसले सहकारी सञ्चालन गरे समस्या तिनैमा आयो । त्यसो नगरेका सहकारीमा त समस्यै छन नि ! जसले ती कानुनको विधि र प्रक्रियाभन्दा बाहिर गएर सहकारी सञ्चालन गरे, तिनैमा मात्र समस्या आएको हो । मैले बारम्बार भन्ने गरेको छु, वास्तविक सहकारीमा त समस्या आएकै छैन त ! जसले समुदायमा आधारित भएर, सहकारीको मूल्य मान्यतामा रहेर सहकारी चलाएको छ, ती सुरक्षित छन् । सरकारले नियमन गरेपछि मान्ने, नियमन नगरे नमान्ने भन्ने तरिकाले बुझ्नु भएन । सरकारले त नगरेको भेट्यो भने कारबाही गर्ने मात्रै हो । त्यसैले पहिले आफैले गर्ने हो । स्वनियमन, स्वअनुशासन, स्वमूल्यांकन भनेकै यही हो । जहाँ नीति नियमनको पालना भएन, त्यहाँ सरकारले पनि प्रभावकारी कार्यान्वयन गरेको छ की छैन भनेर प्रभावकारी रूपमा अनुगमन गर्न सकेन भन्ने कुरा मैले भनिनै सकैँ ।

देशमा संघीयता कार्यान्वयन भइसकेपछि विगतमा जसरी सहकारीहरूको नियन्त्रण गर्नका निम्ति संयन्त्र थियो त्यो पूर्ण रूपमा भताभुङ्ग भयो । नयाँ स्वरूपबाट हामी नियमनको अभ्यासमा गयौं । हामीले ७५३ वटै स्थानीय तहहरूलाई पनि नियमनकारी निकायको रूपमा स्थापित गऱ्यौं । प्रदेशहरूलाई पनि नियामक निकायको रूपमा स्थापित गऱ्यौं, संघ पनि छँदैछ । तर संघ यति सानो एरियामा आफुलाई राख्यो कि, ३० हजार सहकारीमा जम्मा १२५ वटा सहकारीहरू संघीय विभागको नियामकीय क्षेत्राधिकारभित्र पर्ने हो । धेरै त स्थानीय तहको क्षेत्राधिकारभित्र गए । तर स्थानीय तहहरूमा सहकारी जस्तो संस्था अथवा सहकारी जस्ता चिजहरूलाई नियमन गर्न सक्ने क्षमता निर्माण भइसकेको थिएन । यो अवस्थामा मौकाको फाइदा लिइहाल्नुपर्छ भन्ने तत्वहरू पनि धेरै सक्रिया भए । जस्तै प्रदेशहरूले भट्टाभट्ट नयाँ दर्ता अथवा क्षेत्राधिकार विस्तारको निर्णय गरिदिए । त्यहि बेलामा विभागले पनि केही सहकारी संस्थाहरूको क्षेत्राधिकार विस्तार गर्ने निर्णय गरिदियो । यसले गर्दा सबै निकायहरू संक्रमणकालको अवस्थाबाट गुज्रिदाखेरि यसको कानुनी क्षेत्रलाई प्रयोग गरेर फाइदा लिनेहरू पनि अधिक सक्रिय भए, त्यो स्वभाविक हो, संक्रमणकालमा हुन्छ । संक्रमणकालमा नियमनकारी निकाय झन् सशक्त हुनपर्नेमा उनीहरूमा प्राप्त अधिकार प्रयोग गर्नमा सक्षमताको कमी भयो । त्यो बेलामा बेनिफिट लिने तत्वहरूले बेनिफिट लिए, त्यसैको परिणाम अहिले देखिनपुग्यो ।

### विद्यमान समस्याको अल्पकालिन र दीर्घकालिन समाधानका उपाय के देख्नुभएको छ ?

अहिले देखिएको समस्याको ठूलो भोल्यूम भनेको मान्छेमा भएको डर अर्थात अविश्वास हो । सहकारी प्रति अविश्वास जुन तरिकाले फैलिरहेको छ, यो अविश्वासलाई विश्वासमा बदल्न सहकारी महासंघ, प्रदेश संघ, केन्द्रीय संघहरूको पनि पहल हुनुपर्छ र अब नेपाल सरकारले पनि आम सर्वसाधरणलाई एउटा सकारात्मक सन्देश के दिन जरूरी छ भने यो अहिले वित्तीय प्रणालीमा आइरहेका समस्याका कारणले गर्दाखेरी केही सहकारीहरूमा तरलता व्यवस्थापनको समस्या हो, यसरी अहिले जुन तरिकाले बजारमा हल्ला फैलाइएको छ कि सहकारी भनेको एकदम कमजोर एवम् खराव हो, यसमा जानै

हुँदैन, भएको पैसा निकालीहाल्नुपर्छ भन्ने तरिकाले मान्छेमा जुन भावना फैलिएको छ, त्यसलाई चिर्नु जरूरी छ । त्यो होइन, सहकारीलाई सम्बोधन गर्नको लागि राष्ट्रिय रूपमै सरकारकै तहबाट/उच्च स्तरबाट यउटा तयारी भईरहेको छ, जुन आश्वासन पार्नेमात्र नभएर दीर्घकालका निमित्त यो विषयलाई गम्भिरतापूर्वक अध्ययन अनुसन्धान गरेर त्यसबाट ठोस निश्कर्ष निकाल्ने र सोको कार्यान्वयन मार्फत सहकारी अभियानलाई अत्यन्त सक्तिशाली र सक्षम बनाउनको निमित्त ठोस पहल हुनेछ । अब तत्काल देखिएको यो बजार हल्लालाई निस्तेज पार्नका लागि पनि सहकारी अभियानको तर्फबाट, नियमन निकायको तर्फबाट र समग्र पक्षबाट यसमा लाग्नुपर्छ । हामी यसको लागि सहकारी अभियानसँग पनि निरन्तर सम्पर्कमा छौं । श्रीमान सचिवज्यू, म, नेफ्स्कूनको अध्यक्ष, महासंघका अध्यक्ष, सहकारी बैंकका पदाधिकारीसँग हामी बारम्बार छलफलमा छौं, र यो प्रक्रिया हामीले सुरू पनि गरिसकेका छौं । दीर्घकालमा सहकारीलाई अलिक संस्थागत गर्नको निमित्त विगतमा ऐनले राखेको दृष्टिकोणबाट केही संस्थागत संरचनाहरू जस्तोकी कर्जा सूचना केन्द्र बनाउनु पर्छ । कर्जा सूचना केन्द्र सहकारीको छुट्टै बनाउने हो भनेपनि त्यसलाई त्यही अनुसार बनाउनुपर्छ, हैन अहिले भैरहेको बैंक तथा वित्तीय संस्थाहरूको कर्जा सुरक्षण हेर्ने जुन केन्द्र छ, त्यसैमा सहकारीहरूलाई पनि आबद्धता गराउनको निमित्त कुनै कानुनी प्रवन्ध, कानुनी उपचारबाट पनि त्यो सम्भव छ भनेदेखि कर्जा सूचना केन्द्रको स्थापना अत्यन्त जरूरी छ । त्यसको लागि पनि काम हुन्छ । ऋण असुली न्यायाधिकरण गठनको पनि काम गर्नुपर्छ, त्यो पनि हुन्छ । अर्को चाँहि सहकारीका लागि विभिन्न किसिमका कोषहरू जुन छन् ती कोषहरूको पनि व्यवस्थापन गर्नुपर्छ । तर त्यो भन्दा पनि ठूलो अर्को पाटो हो, सहकारी शिक्षा । अहिले सहकारी शिक्षा अत्यन्त कमजोर भएको हामीले भेट्टायौं । किनभने जतिपनि सहकारीमा लागेका, उच्च शैक्षिक स्तर र पदिय हैसियत भएकाहरूले पनि सहकारीलाई फाइनान्स कम्पनीको रूपमा बुझिराखेको भेटियो । त्यसले गर्दा सहकारी भनेको के हो ? यसको अवधारणा के हो ? यसका

**सहकारीले व्याजदरमा प्रतिष्पर्धा गरेर बचत संकलन गर्ने नै होइन । त्यो गलत बाटोमा सहकारी किन गएको ? सहकारीको व्याजदर त बैंक भन्दा कम हुनुपर्छ । ऋणको पनि र बचतको पनि । सहकारीहरू बाणिज्य बैंकभन्दा बढी व्याज दिने, बढी मुनाफा दिने, बढि लाभांश दिने भन्नेतिर किन गएको ? सहकारीमा जति पैसा जम्मा गरेपनि हुने, जहाँबाट ल्याएपनि हुने भन्ने बुझाई गलत हो ।**

सिद्धान्त, मूल्य, मान्यता, व्यवहार के हुन्छ भन्ने विषयमा सहकारी शिक्षा व्यापक गर्नुपर्नेछ । केही सहकारीहरूलाई हामीले प्रवर्द्धनात्मक काम पनि गर्नुपर्नेछ । जस्तै विषयगत सहकारीहरू, कृषि, पशुपालन, जस्ता अन्य सहकारीहरूमासरकारको टेवाबाट तिनीहरूलाई अझ बढी सक्षम र सीपयुक्त प्रविधियुक्त बनाउने लगायतका प्रवर्द्धनात्मक कामहरू गर्नुपर्छ । दीर्घकालमा यो निरन्तर हुँदै जाने र तत्कालमा तरलता समस्याका कारणले गर्दाखेरी र यही बीचमा जसले नराम्रो काम गरेका छन्, नराम्रो कामका कारण समस्यामा आइरहेका छन्, तिनीहरूलाई निर्ममतापूर्वक कानूनी रूपमा कारबाहीको प्रक्रियामा जाने हो । समस्याग्रस्त घोषणा गर्नुपर्नेलाई समस्याग्रस्त घोषणा गरेर जाने, अरू किसिमका वित्तीय अपराध गरेकाहरूलाई त्यो वित्तीय अपराध सम्बन्धी कानूनको प्रयोग गरेर उनीहरूको गल्ती कमजोरी अनुसारको सजाय दिने कुराको सुनिश्चितता गरेर तीनवटै कुरामा गल्ती गर्नेलाई कारबाही गर्ने, एउटा राम्रा सहकारीहरूको संरक्षण र प्रवर्द्धन गर्ने र अर्को सरकारी शिक्षालाई प्रभावकारी रूपमा आम जनताको स्तरसम्म पुऱ्याउनको निमित्त हामीले काम गर्नुपर्छ र त्यही काम गर्नको निमित्त सहकारी अभियान, नेपाल सरकार र आम सहकारी सँग सम्बन्धीत व्यक्तिहरूसँग हामीले यही अनुरोध गर्छौं ।

**राज्यद्वारा सहकारी उपेक्षित छ, साँघुरो घेरामा राखिएको छ, कानुनी प्रष्टता छैन भन्ने अभियानको गुनासो छ नि ?**

हामीले खुला बजार अर्थतन्त्रको गलत व्याख्या गरिराखेका छौं । खुला बजार अर्थतन्त्रमा राज्य कमजोर अथवा राज्य साँगुरिने भनेकै होइन । राज्यले झन् सक्षमतापूर्वक नियमन गर्ने भनेको हो । राज्यको नियमन स्ट्रोङ नहुँदा यो भएको हो । बजारले खुल्लापन चाहन्छ, तर खुलापन आमजनताको हितमा छ कि छैन भनेर हेर्ने काम राज्यको हो । राज्यले सहकारीलाई साँगुऱ्याउन खोजेको होइन । सहकारीले व्याजदरमा प्रतिष्पर्धा गरेर बचत संकलन गर्ने नै

होइन । त्यो गलत बाटोमा सहकारी किन गएको ? सहकारीको व्याजदर त बैंक भन्दा कम हुनुपर्छ । ऋणको पनि र बचतको पनि । सहकारीहरू बाणिज्य बैंकभन्दा बढी व्याज दिने, बढी मुनाफा दिने, बढि लाभांश दिने भन्नेतिर किन गएको ? सहकारीमा जति पैसा जम्मा गरेपनि हुने, जहाँबाट ल्याएपनि हुने भन्ने बुझाई गलत हो । सम्पत्ती शुद्धीकरणको विषय त सहकारीमा पनि आउँछ । सहकारीमा पैसा राख्यो भने स्रोत खुलाउनु नपर्ने त हैन, त्यस्ता कुरामा सरकार आउनुपर्छ । २५ लाखको सीमाको कुरा उठेको छ, त्यो भनेको सहकारीको सिद्धान्तअनुसार चल्ने सहकारीहरूले व्यवस्थापन गर्न सक्ने फण्ड कति हो ? एउटा व्यक्तिको २५ लाख । सहकारीमा न्यूनतम ३० जना मिनिमम हुनुपर्छ । ३० इन्टु २५ भनेको ७ करोड ५० लाख त एउटा सहकारीको स्टाटिङ गर्दाखेरिको पूँजी हो । ७ करोड ५० लाखको पूँजी सञ्चालन गर्नको लागि सहकारीको प्रशासनिक, संस्थागत अन्य क्षमता कति हुनुपर्छ । ४ हजार सदस्य भन्ने, अनि एउटै सदस्यबाट अरबौं लिने भनेपछि त्यो सहकारीको सिद्धान्तभित्रको विषय होइन नि त ।

यी विषयवस्तुलाई खुल्ला चिसो दिमागले पूर्वाग्रही नभइकन हेर्ने हो भने राज्यले सहकारीलाई प्रवर्द्धन गर्नको निमित्त हरेक बेलामा चासो दिइराखेको हुन्छ । तर सहकारीहरू सहकारीको बाटोमा छन् कि छैनन् भन्ने कुरा मेजर कुरा हो । सहकारीको बाटोमा भएकाहरूलाई हामी सँधै सपोर्ट गर्छौं, प्रवर्द्धन गर्छौं । सहकारीका लागि बजेटमा व्यवस्था गरेको छ, अनुदानका कार्यक्रमहरू ल्याइराखेको छ, यसलाई नियन्त्रणमुखी भन्न भएन ।

## विद्यमान परिवेशमा संघहरुको भूमिका कस्तो हुनुपर्ला ?

ऐन कानुनले परिकल्पना गरेको केन्द्रीय संघको भूमिका भनेको सरकार र सदस्यहरूको बीचमा पुलको भूमिका निर्वाह गर्नको लागि हो । सरकार नियमनकारी भूमिका लिएर बसेको छ भने तल सदस्य अर्थात संस्थाहरू छन् । ती आफ्ना सदस्यहरूको आवाज सरकारसम्म पुऱ्याउनको लागि सामुहिक आवाज ल्याउनको लागि प्रतिनिधित्वको सिद्धान्तमा आधारित भएर संघ संगठनहरूको अवधारणा आएको हो । त्यसैले आफ्ना तल्लो तहका सदस्यहरूको आवाज सरकारसमक्ष पुऱ्याउन र सरकारका नीति नियम र सहकारीका स्थापित मूल्य मान्यताहरू आफ्ना सदस्यहरूमा पुऱ्याउन संघले सन्तुलित रूपमा दोहोरो भूमिका निभाउनुपर्ने हुन्छ । तर हामीले के कुरा बुझ्नु जरूरी छ, भने यस्ता पेशागत संघ संगठनहरू भनेको कुनै राजनीतिक आदर्श, सिद्धान्त र दलिय भावना तथा दलिय स्वार्थबाट प्रेरित हुनुहुँदैन । यो विशुद्ध सहकारीका सदस्यहरूको हित संरक्षणका निमित्त, संस्थाहरूको हित प्रवर्द्धनका निमित्त गठन भएका हुनाले त्यसमै आफ्नो भूमिका निर्वाह गर्नुपर्छ । अर्को कुरा उहाँहरू सँग अनुभव, विज्ञता र स्रोत हुन्छ । त्यसको उपयोग मार्फत सहकारी अभियानलाई अझ प्रभावकारी बनाउनको निमित्त सरकार र सदस्यहरूको बीचमा एउटा पुलको रूपमा काम गरेर समन्वय, सहकार्य, सहजीकरण गर्ने भूमिकामा लाग्नुपर्छ ।

## साकोस स्तरीकरण तथा ब्राण्डिङ कार्यक्रममा विभागको भूमिका कस्तो रहन्छ ?

मैले यस विषयमा सम्बन्धित दस्तावेजहरू अध्ययन गर्ने, सम्बन्धित पक्षहरूसँग बसेर अन्तरक्रिया गर्ने अवसर प्राप्त गरें । यसमा प्रष्ट छ, यो गुणस्तर बृद्धि गर्नको निमित्त अपनाइएको अन्तर्राष्ट्रिय मान्यता अनुसारको ब्राण्डिङ प्रोसेस हो । यसले गुणस्तर अभिवृद्धि गर्नको लागि एकदमै हित गर्छ । क्षमता, शक्ति भएको अवस्थामा नियमनकारी निकायले गर्ने चिज हो यो । यसमा एकहदको सरकार भन्दा बाहिरको मध्यम स्तरीय नियमनकारी निकाय पनि हो, नेफ्स्कून र महासंघ । उहाँहरूले पनि आफ्ना सदस्यहरूलाई संस्थामा सुशासनको अवस्था कस्तो छ, त्यहाँको अरू वित्तीय अवस्था कस्तो छ भनेर नियमन गर्ने जिम्मेवारी र दायित्व हुन्छ । त्यो गर्नको निमित्त नेफ्स्कूनसँग मिलेर प्रोबेसन लगायतका ब्राण्डिङ गर्ने अथवा यसलाई राम्रो बनाउनका लागि काम गर्न सकिन्छ । यसमा अलिकति विगतमा केही चिजहरू ल्याप्सेस् भए, कतिपय बुझाइमा र कतिपय प्रक्रियामा कमजोरी भए । यो ब्राण्डिङ गर्ने सोल अथुरिटि विभाग अथवा नियमनकारी निकायसँग मात्रै हुन्छ । त्यसको डेलिगेटेड अथुरिटीको आधारमा यो तल्लो तहसम्म डिसेन्ट्रलाइज हुँदै जाने हो । पार्टनसिपको माध्यमबाट यसलाई एक्सपर्टहरूलाई सँगै ल्याउने हो । अभियान र विभाग सँगसँगै अगाडि जाने हो, लक्ष्य एउटै हो, त्यसमा पुग्नको लागि हातेमालो जरूरी छ । एक्लै गएर कोही अगाडि पुग्दैन ।

## अन्त्यमा सहकारीका सदस्यहरुलाई यहाँको सन्देश के छ ?

सहकारीका बारेमा हल्लामा नलागौं । ७० प्रतिशत समस्या हल्लाको परिणाम हो । बाँकी रहेको ३० प्रतिशत साच्चिकै खराबी भएको छ, त्यसलाई हामीले सुधार गर्न काम शुरू गरिसकेका छौं । त्यसको एकादुई एक्सन हामीले लिइपनि सकेका छौं, त्यसकारण आम सर्वसाधारणले ढुक्कभएर सहकारीसँग हिजो जसरी व्यवहार गरेको हो, आज पनि त्यसरी नै व्यवहार गर्दा हुन्छ । यसमा कुनै आत्तिनुपर्ने छैन ।



# सहकारीको सन्दर्भ व्याजदर स्वचालित बन्नुपर्छः रजिष्ट्रार घिमिरे





सहकारी विभागका रजिष्ट्रार नमराज घिमिरेले सहकारीको सन्दर्भ व्याजदर स्वचालित बन्नुपर्ने बताउनुभएको छ । नेफ्स्कूनद्वारा माघ २९ गते आयोजित नवनियुक्त रजिष्ट्रार स्वागत तथा छलफल कार्यक्रमका अवसरमा बोल्दै रजिष्ट्रार घिमिरेले बैंक, वित्तीय संस्था होस् वा सहकारी जे भएपनि व्याजदर निर्धारण गर्ने विषय बजारकेन्द्रीत हुनेहुँदा यसलाई स्वचालित बनाउनुपर्नेमा आफ्नो पहल रहने बचनबद्धता व्यक्त गर्नुभयो । कुनै संस्था र संस्थाले गर्ने कार्य प्रभावकारी हुन प्रणाली विकास हुनु जरूरी रहेको उहाँले बताउनुभयो ।

कानुन संशोधनको विषय अगाडि बढिरहेको सन्दर्भलाई उल्लेख गर्दै रजिष्ट्रार घिमिरेले कानुन निर्माणको क्रममा व्यापक छलफल गर्नुपर्ने र ऐन कानुन आइसकेपछि त्यसको कार्यान्वयनको विकल्प नरहने प्रष्ट पार्नुभयो ।

नेफ्स्कूनका गतिविधिहरूको प्रशंसा गर्दै रजिष्ट्रार घिमिरेले राज्य र नियामक निकायले गर्नुपर्ने काम एक तहमा नेफ्स्कूनले गर्दै आएकोप्रति खुसी व्यक्त गर्नुभयो । उहाँले जहासम्म साकोस स्तरीकरणको विषय छ, यो संघले नै प्रमाणीकरण गर्न सक्ने भन्दै विभागले टुल्स निर्माणका क्रममा विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।

सहकारीहरूमा समस्या आउनु आफ्ना कारणले मात्र नभई विद्यमान आर्थिक अवस्था जिम्मेवार रहेको उहाँको भनाई थियो । उहाँले समस्याग्रस्त सहकारी प्रति कमन संम्बोधन तत्काल जरूरी रहेको बताउनुभयो । सहकारीका समस्याको स्थायी समाधानका लागि विधि र प्रक्रिया ठीक हुनुपर्ने साथै प्रणालीमा रूपान्तरण र मनोवैज्ञानीक परिवर्तन आवश्यक रहेकोप्रति उहाँको जोड थियो । अभियानमा रहुन्जेल राम्रो गर्न प्रतिबद्ध रहने विचार व्यक्त गर्दै यसका लागि सबैपक्षको सहकार्य अपरिहार्य हुने रजिष्ट्रार घिमिरेले बताउनुभयो ।

संघका अध्यक्ष परितोष पौड्यालले नेफ्स्कूनका आगामी मेजर कार्यक्रमहरूबारे रजिष्ट्रार घिमिरेलाई जानकारी गराउनुभएको थियो । बचत तथा ऋण सहकारीका लागि छुट्टै साकोस ऐनको आवश्यकताबारे जानकारी गराउँदै यस विषयमा लबिइङको काम भइरहेको साथै मन्त्री, पूर्व अर्थमन्त्रीहरूसँग पनि छलफल चलिरहेको अध्यक्ष पौड्यालले जानकारी गराउनुभयो ।

कार्यक्रममा संघकी उपाध्यक्ष शान्ती अधिकारीले स्वागत मन्तव्य व्यक्त गर्दै सहकारी अभियानको धमिलो परिस्थितिलाई बुझेर अभियानको सुदृढीकरणका लागि नवनियुक्त रजिष्ट्रारबाट अभियानले ठूलो अपेक्षा लिएको विचार व्यक्त गर्नुभयो ।

संघका प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेलले नेफ्स्कूनका गतिविधि, संघले अगाडि सारेको स्तरीकरण र स्थिरीकरण कार्यक्रम, आगामी रणनीतिक योजना र सहकारीका समसामयिक सबाल तथा बस्तुस्थितिबारे प्रस्तुतीकरण गर्नुभएको थियो ।

सरकारले रजिष्ट्रार घिमिरेलाई माघ २७ गतेदेखि संघीय सहकारी विभागको जिम्मेवारी प्रदान गरेको थियो ।

# विश्व अर्थतन्त्रका प्रभाव, सम्भावना र वित्तीय सहकारीका चुनौति



**डा. प्रकाशकुमार श्रेष्ठ**[१*]

### १. विषय प्रवेश

केही अपवाद बाहेक विश्वव्यापी भुमण्डलीकरणबाट संसारका कुनै पनि मुलुक अछुतो छैनन् । संसारका प्राय सबै देशहरू कुनै न कुनै माध्यमबाट विश्व अर्थतन्त्रसँग जोडिएका छन् । नेपालले पनि खुला अर्थनीति अवलम्वन गरेको छ र विश्वसँग जोडिएको छ । जसले गर्दा विश्व अर्थतन्त्रमा आउने साना ठूला सबै उतारचढाव तथा परिवर्तनहरूले कहिले सकारात्मक रूपमा त कहिले नकारात्मक रूपमा नेपालको अर्थतन्त्रलाई पनि असर गरिरहेका छन् । अन्तर्राष्ट्रियरूपमा आर्थिक सम्वन्धहरू बढ्दै गएकाले विश्व अर्थतन्त्रमा आउने परिवर्तनहरूबाट नेपालको अर्थतन्त्रमा विभिन्न ढंगले प्रभावित हुने गरेको छ ।

समग्रमा समष्टिगत अर्थतन्त्रलाई चार प्रमुख क्षेत्रमा बाँडिन्छ जस्तै, वास्तविक क्षेत्र, सरकारी क्षेत्र, वाह्य क्षेत्र र वित्तीय क्षेत्र । विश्व अर्थतन्त्रको प्रभाव वाह्य क्षेत्र हुँदै अर्थतन्त्रका अन्य क्षेत्रहरूमा प्रवेश गर्दछ । यसले समष्टिगत अर्थतन्त्रका अन्य क्षेत्रहरूलाई प्रभाव पार्दछ । वित्तीय सहकारी वित्तीय क्षेत्र भित्र पर्दछन् । विश्व अर्थतन्त्रको प्रभाव नेपालको वित्तीय क्षेत्रमा पर्दा वित्तीय सहकारीहरू पनि प्रभावित बन्न पुग्दछन् । यसै सन्दर्भमा यस लेखले विश्व अर्थतन्त्रको पछिल्लो अवस्था र यसले नेपालमा पारेको प्रभाव विश्लेषण गर्दै वित्तीय सहकारीहरूमा सिर्जित चुनौतिहरूको विवेचना गर्ने कोशिस गरेको छ ।

### २. विश्व अर्थतन्त्रको स्थिति

समयक्रममा विश्व अर्थतन्त्रमा विभिन्न परिवर्तनहरू देखा पर्दछन् । परिवर्तन निरन्तर चलिरहने प्रकृया पनि हो । पछिल्लो पटक कोभिड १९ महामारीले विश्व आक्रान्त बन्यो । यसको रोकथाम तथा नियन्त्रणका लागि विश्वका सबै देशहरूले विभिन्न प्रतिवन्धात्मक गतिविधिहरू जस्तै बन्दाबन्दी तथा निषेधाज्ञा लगाए । कोभिड १९ बिरूद्धको खोप विकाससँगै कोभिड १९ महामारीको असर कम हुँदै गर्दा विश्व अर्थतन्त्र पुनरूत्थानतर्फ गइरहेको थियो । यसक्रममा पेट्रोलियम पदार्थको मूल्यमा निकै उच्च वृद्धि भयो । कोभिड १९ को रोकथाम तथा नियन्त्रणका लागि लगाइएको प्रतिबन्धात्मक गतिविधिका कारण विश्व अर्थतन्त्रको आपुर्ति प्रणाली निकै समयसम्म प्रभाबित बन्न पुग्यो । प्रतिबन्धहरू हट्दै गएपछि विश्व अर्थतन्त्र चलायमान भयो । जसले गर्दा वस्तुको माग ह्वातै बढ्यो ।

बढ्दो मागअनुसार वस्तुको आपुर्ति भने बढ्न सकेन । वस्तु तथा सेवा




१* कार्यकारी निर्देशक, आर्थिक अनुसन्धान विभाग, नेपाल राष्ट्र बैंक । नेफस्कूलले आयोजना गरेको सम्मेलनमा गरिएको प्रस्तुतिमा आधारित लेख ।

उत्पादकहरूलाई उत्पादन बढाउनुपर्ने दबाब पऱ्यो । उत्पादन बढाउन खोज्दा उत्पादनका साधनहरूको सिमितताले कच्चा पदार्थको मूल्य बढ्यो । खास गरी पेट्रोलियम पदार्थ, उर्जा, डण्डी जस्ता वस्तुहरूको आपुर्तिमा भएको अवरोधले समग्रमा आपुर्ति प्रणालीमा असर पर्न गयो । जसले गर्दा उच्च मूल्यवृद्धिको अवस्था विश्व अर्थतन्त्रमा देखा पऱ्यो । यसैबीच २०२२ फेब्रअरीमा रसिया र युक्रेनबीच युद्ध भयो । खासगरी यी दुई देशबीचको युद्धले उर्जा र खाद्यान्न संकटको अवस्था सिर्जना गऱ्यी । कोभिड १९ महामारीदेखि नै सुरू भएको मूल्यवृद्धिलाई यस युद्धले थप बढायो । मूल्यवृद्धि नियन्त्रण गर्न विश्वका धेरै देशहरूले कसिलो मौद्रिक नीति ल्याए । नीतिगत ब्याजदरहरू बढाउँदै लगे । नीतिगत दर बढ्दै गएपछि कर्जाको ब्याजदरहरु बढ्दै गएको छ । ब्याजदर बढ्दै जाँदा उत्पादनको लागत थप बढ्यो ।

यसैबीच अन्तर्राष्ट्रिय मुद्राकोष, विश्व बैंक, एसियाली विकास बैंक लगायतका संस्थाहरूले विश्व अर्थतन्त्रमा मन्दी आउने चेतावनी दिइरहेका छन् । विकसित मुलुकहरूले मूल्यवृद्धि नियन्त्रण गर्न ब्याजदर बढाइरहेकाले यसले आर्थिक मन्दी ल्याउने बताइरहेका छन । मूल्यवृद्धिलाई नियन्त्रण गर्न ब्याजदरमा गरिएको वृद्धिले विश्वव्यापीरूपमा आर्थिक वृद्धिदर घट्ने बताइएको छ । सन् २०२१ को तुलनामा सन् २०२२ मा झन्डै आधाभन्दा बढीले आर्थिक वृद्धिदर घट्ने उनीहरूको प्रक्षेपण रहेको छ, यो प्रवृति २०२३ सम्म कायम रहने आंकलन रहेको छ । जसले गर्दा एकातिर आर्थिक वृद्धिदर घट्ने, अर्कोतिर मुद्रास्फीति बढ्ने र बेरोजगारीको समस्या देखिने भएकाले स्ट्यागफेलसनको स्थिति आउने विश्वभरका अर्थशास्त्री तथा अन्तर्राष्ट्रिय संस्थाहरूले बताइरहेका छन् । सन १९७० को दशकमा विश्वले यस्तै प्रकारको स्ट्यागफेलसनको अवस्था भोगेको थियो । त्यसबेला पनि भियतनाम युद्ध र पेट्रोलियम पदार्थको मुल्य बढेको थियो ।

अहिलेको उच्च मूल्यवृद्धि देखिनुको कारण कोभिड १९ कालमा विश्वका विकसित देशहरूले आर्थिक पुनरूत्थान गर्न र जनतालाई सहयोग गर्न अत्याधिक राहात वितरण गर्दा मुद्राप्रदाय (मनी सप्लाई) बढ्यो । मुद्राप्रदाय बढेसँगै मानिसहरूको क्रयशक्ति पनि बढ्यो । क्रयशक्ति बढ्दा विस्तारै माग बढ्न गयो । माग त बढ्यो तर त्यसनुसार आपुर्ति बढ्न सकेन । किनभने कोभिड १९ का कारण विकसित देशमा धेरै मानिसहरूको मृत्यु भयो । कोभिड १९ कै कारण धेरै श्रमिकहरूले काम छोडे भने केही अझै काममा फर्किएका छैनन् । यसले आपुर्ति कम हुने र माग बढ्ने परिस्थिति सृजना भएकाले मुद्रास्फीति बढ्न गयो । मुद्रास्फीति नियन्त्रण गर्न खासगरी अमेरिकी केन्द्रीय बैंक फेडरल रिजर्भ स्टिम (फेड) ले लामो समयपछि मौद्रिक नीति मार्फत नीतिगत दर (फडरल फण्ड रेट) निरन्तररूपमा बढाउँदै गइरहेको छ । जसले गर्दा अन्य देशको मुद्रा अवमूल्यन भइरहेका छ । नेपाललाई प्रत्यक्ष प्रभाव पार्ने भारतीय मुद्रा पनि अवमूल्यन भइरहेको छ । भारतीय मुद्रासँग नेपालको स्थिर विनिमय दर कायम रहेकाले नेपाली मुद्रा पनि अमेरिकी डलरसँग अवमूल्यन भएको छ । मुद्रा अवमूल्यनको असर अन्य उदीयमान देशहरूमा पनि समानान्तर रूपमा परिरहेको छ । सामान्यता अमेरिकाले ब्याजदर बढाएपछि विश्वभरको पूँजी अमेरिकातर्फ पलायन हुने गर्दछ । जसले अन्य देशहरूमा पूँजी कम हुने र पूँजी कम हुँदा ति देशहरूको मुद्रा अवमूल्यन हुने प्रवृत्ति रहन्छ ।

### ३. विश्व अर्थतन्त्रको असर प्रसारित हुने माध्यमहरु

विश्व अर्थतन्त्रमा आएको परिवर्तन प्रसारित हुने विभिन्न माध्यमहरू छन् । पहिलो माध्यम भनेको वस्तु तथा सेवा व्यापार हो । वस्तु तथा सेवाको व्यापार अर्थात आयात निर्यात मार्फत विश्व अर्थतन्त्रको असर भित्रिने गर्दछ । दोस्रो मुल्यमा आउने परिवर्तनका कारण विश्व अर्थतन्त्रको असर भित्रिने गर्दछ । आयात मार्फत बाह्य मूल्य नेपाल प्रवेश गर्दछ । जस्तै नेपाल जस्तो साना अर्थतन्त्र भएको मुलुकहरूले पेट्रोलियम पदार्थको मूल्यको उतारचढावमा कुनै पनि भुमिका खेल्न सक्दैनन् । विश्वमा जुन ढंगबाट पेट्रोलियम पदार्थको मुल्य निर्धारण हुन्छ त्यसलाई नेपाल जस्तो मुलुकहरूले स्वीकार गर्नुको विकल्प हुँदैन । त्यस्तै अन्य विभिन्न वस्तुहरू फलाम, सुन, चाँदी, तामा र खाद्यान्न सम्मका वस्तुहरूको मुल्य विश्वबजारबाट निर्धारण हुन्छ । यस्ता वस्तुको मूल्यमा पनि नेपालले हस्तक्षेप गर्न सक्दैन । यसरी मुल्यबाट पनि विश्व अर्थतन्त्रको असर नेपाल लगायतका मुलुकहरूमा प्रसारित हुन्छ ।

तेस्रो माध्यम भनेको रेमिट्यान्स हो । विदेशी मुद्राको संचिती बढाउने मुख्य स्रोत भएकाले नेपालमा रेमिट्यान्सको महत्व बढी छ । विश्व अर्थतन्त्रमा आउने उत्तरचढावले रेमिट्यान्स आप्रवाहमा पनि असर गर्छ । विश्व अर्थतन्त्र राम्रो भएको र श्रमिकको माग बढेको अवस्थामा रेमिट्यान्स बढ्छ । श्रमिकको माग बढ्ने र तलब तथा ज्याला बढ्ने अवस्था भएमा रेमिट्यान्स बढ्ने सम्भावना रहन्छ । यसको विपरित अवस्था रहेमा रेमिट्यान्स घट्न सक्छ । नेपाली कामदार जाने देशहरूमा आर्थिक मन्दी आएमा नेपाली श्रमिकको माग कम हुन सक्छ ।

विनियम दर विश्व अर्थतन्त्रको असर प्रसारण गर्ने चौथो माध्यम हो । विनिमय दरमा उतारचढाब आउँदा विनिमय दर मार्फत विश्व अर्थतन्त्रको असर स्थानीय अर्थतन्त्रमा पर्छ । विनियम दर निर्धारण नेपालजस्तो मुलुकको नियन्त्रणमा रहदैन । हामीले भारतीय मुद्रासँग स्थिर विनिमय दर प्रणाली अबलम्बन गरेका छौं । भारतीय मुद्रासँगको अरू परिवर्त्य मुद्राहरूसँगको विनियम दरमा जुन ढंगले परिवर्तन हुन्छ नेपाली रूपैयाँ पनि त्यही ढंगले  ती मुद्राहरूसँग परिवर्तित हुन्छ । हाम्रो अर्थतन्त्रको अवस्थाको आधारमा भन्दा पनि भारतीय मुद्राको आधारमा नेपाली मुद्राको अवमूल्यन तथा अधिमूल्यन हुने गर्दछ । नेपाली मुद्रा अवमूल्यन हुँदा नेपालमा आयात महंगो हुन्छ भने निर्यात सस्तो हुन्छ । मुद्राको अधिमूल्यन हुँदा वस्तु आयात सस्तो हुन्छ भने निर्यात महँगो हुन्छ । नेपालको निर्यातको क्षमता कमजोर छ । जसले गर्दा नेपाली मुद्रा विदेशी मुद्रासँग अवमूल्यन हुँदा वाह्य बजारमा नेपाली वस्तुको माग तथा बजार बढ्ने सम्भावना कम छ । यद्यपी नेपाली मुद्रा अवमूल्यन हुँदा विदेशी पर्यटकहरूलाई नेपाल आउन सस्तो पर्छ । डलर सटही गर्दा नेपाली मुद्रा धेरै आउने र खर्च गर्न सस्तो पर्न जान्छ । अर्कोतर्फ विदेशी विनियमले अवमूल्यनले वैदेशिक ऋण, प्रत्यक्ष विदेशी लगानी र रेमिट्यान्स आप्रवाहमा समेत असर गर्छ । नेपाली मुद्रा अवमूल्यन हुँदै गर्दा रेमिट्यान्स भने बढी प्राप्त हुन सक्छ ।

पाचौं वित्तिय प्रवाह हो । वैदेशिक अनुदान, प्रत्यक्ष वैदेशिक लगानी र वैदेशिक ऋण पनि विश्व अर्थतन्त्रबाटै प्राप्त हुने हुँदा यसले पनि नेपाल जस्तो अर्थतन्त्रमा महत्व राख्ने गर्दछ । जस्तै प्रत्यक्ष वैदेशिक लगानी बढी आउँदा लगानी र विदेशी मुद्राको संचिती बढ्ने गर्दछ । विश्व अर्थतन्त्र तथा नेपालका विकास साझेदार मुलुकको अर्थतन्त्र राम्रो भयो र उनीहरूको आम्दानी बढ्दा नेपालजस्ता मुलुकमा आउने वैदेशिक सहायता तथा अनुदानमा वृद्धि हुन्छ । तर, विकास साझेदार मुलुकहरूको अर्थतन्त्रमा समस्या भयो वा अर्थतन्त्र कमजोर भयो भने वैदेशिक ऋण तथा अनुदानमा कमी आउँछ ।

विश्व अर्थतन्त्रको असर बहुपक्षीय साझेदारहरू जस्तै विश्व बैंक, एसियाली विकास बैंकले उपलब्ध गराउने ऋण तथा अनुदानमा पनि पर्दछ । किनकी उनीहरूले पनि विश्व अर्थतन्त्रबाटै स्रोत तथा साधन संकलन गरेर लगानी अवसर भएका मुलुकहरूमा लगानी गरिरहेका हुन्छन् । विश्व अर्थतन्त्र राम्रो हुनसकेन भने उनीहरूलाई स्रोत तथा साधन संकलन गर्न कठिन हुने भएकाले नेपाल जस्तो मुलुकले पाउने सहायता घट्छ । नेपालका बैंक तथा वित्तीय संस्था वा फर्महरूले विदेशबाट कमर्सियल ऋण लिन सक्छन् । यसबाट पनि मुलुकमा साधन परिचालन हुनसक्छ । यसलाई पनि विश्व अर्थतन्त्रले असर गर्छ । विश्व अर्थतन्त्र राम्रो भएमा ऋण प्रवाह गर्ने र अवस्था खराब भएमा ऋण प्रवाह नगर्ने अवस्था रहन्छ ।

### ४. नेपाली अर्थतन्त्रमा असर

विश्व अर्थतन्त्रमा आएको पछिल्लो परिवर्तनको असर नेपालमा मुख्यगरी ३ तिरबाट परिरहेको छ । चीन र भारतको बीचमा घेरिएको र भुपरिवेष्ठित राष्ट्र भएको हुँदा हामीलाई छिमेकी मुलुकहरूबाट बढी असर पर्छ । नेपालको वैदेशिक व्यापारको निर्भरता भारतसँग दुई तिहाई रहेकाले विश्व अर्थतन्त्रको प्रभाव भारतबाट बढी आउँछ । सुरूमा भारतीय अर्थतन्त्र प्रभावित हुन्छ र त्यसको असर नेपाली अर्थतन्त्रमा पर्छ । दोस्रो चीनको अर्थतन्त्रलाई विश्व अर्थतन्त्रले प्रभावित पारिरहेको हुँदा त्यसको असर पनि नेपालमा आउँछ । पछिल्लो समय चीनसँग नेपालको व्यापार साँघुरिएको छ । तेस्रो, विश्व अर्थतन्त्रको सिधा असर पनि नेपालमा पर्छ । पेट्रोलियम पदार्थ, खाद्यान्न, सुन, चाँदी, फलाम, तामा लगायतका वस्तुहरूको मुल्य मार्फत सिधा असर आउने गर्दछ । यसबाहेक विश्व राजनीतिले पनि नेपाललाई असर गर्दछ । कुन देशलाई सहयोग गर्ने, कुन देशबाट ऋण तथा अनुदान ल्याउने लगायतका पक्षहरूमा विश्व राजनीतिले नेपाली अर्थतन्त्रमा असर पार्ने गरेको छ ।



विश्वमा उपलब्ध प्रविधि मार्फत पनि नेपालको अर्थतन्त्र प्रभावित हुन सक्छ । हामीले माग गर्ने प्रविधि, प्रविधिको वर्तमान प्रयोगको अवस्था र प्रविधिमा रहेको पछ्यौटेपनका कारण पनि विश्व अर्थतन्त्रको प्रभाव परिरहेकै छ । विभिन्न सफ्टवेयरहरू निर्माणगरी निर्यात गर्नसक्ने हो भनेपनि विश्व अर्थतन्त्रबाट नेपालले फाइदा लिन सक्ने देखिन्छ ।

नेपालमा पेट्रोलियम पदार्थको उपभोग बर्षेनी बढ्दै गएको छ तर यो पूर्ण रूपमा आयातित हो । यसको मूल्य विश्वबजारमा परिवर्तन भैरहेको हुन्छ जसको असर हामीले उपयोग गर्ने पेट्रोलियम पदार्थमा पनि पर्दछ । विश्व बजारमा यसको मूल्य बढेको बेला यसले नेपालको समग्र मूल्यस्थितिलाई प्रभाव पार्दछ । हालका महिनाहरूमा यसको मुल्यमा केही कमी आए पनि प्रि–कोभिडभन्दा बढी नै छ ।

विश्वका धेरै देशहरूले मूल्यवृद्धि नियन्त्रण गर्न ब्याजदर बढाएका छन् । जसले विश्व अर्थतन्त्रमा मन्दी आउने, मन्दीले मागमा कमी ल्याउने र पेट्रोलियम पदार्थको मागमा कमी हुने सम्भावनाको आधारमा अहिले पेट्रोलियम पदार्थको मूल्य थप बढेको छैन । मन्दी कुन डिग्री र कति सशक्तरूपमा विश्व अर्थतन्त्रमा पर्छ त्यसले आगामी दिनमा पेट्रोलियम पदार्थको मूल्य थप घटबढको आधार तय गर्छ । अर्कोतर्फ रसिया युक्रेन युद्धले युरोपमा अहिले त्रासदीपूर्ण वातावरण सिर्जना गरेको छ । यो कहिले टुङ्गिन्छ भन्ने अझै ठेगान छैन । यसले गर्दा पेट्रोलियम पदार्थको मूल्य घट्न सकेको छैन ।

कोभिड संक्रमण घटेपछि नेपाल आउने पर्यटकहरूमा सुधार भैरहेको छ तर अझै कोभिड पूर्वको स्थितिमा पुगेको छैन । रसिया युक्रेन युद्ध र विश्व अर्थतन्त्रका देखिएका अनिश्चिताका कारणले पनि पर्यटन आगमन अपेक्षित रूपमा बढ्न सकेको छैनन् । यी दुई देशबीचको युद्धले पुरै युरोप महादेश नै कष्टपूर्ण र तनावको स्थितिमा छ । ग्यास तथा उर्जाको मुल्य बढिरहेकाले युरोपेली अर्थतन्त्र खस्किरहेको छ । अमेरिकी अर्थतन्त्र केही सुधारको क्रममा रहेपनि अमेरिका पनि युद्धमा कुनै न कुनै रूपमा संलग्न रहेकाले सहजतापूर्ण ढंगले बाहिर घुमफिर गर्ने अवस्था नहुँदा पर्यटन क्षेत्र जति मात्रामा बढ्नुपर्ने हो त्यति बढ्न सकेको छैन । पेट्रोलियम पदार्थको मुल्य केही सुधार भएपनि हवाई इन्धनको मूल्य उच्च नै रहेकाले हवाई भाडा बढी छ । हवाई भाडा उच्च हुँदा प्रि –कोभिडमा झै पर्यटकको आवागमन नेपालमा अझै बढ्न सकेको छैन, तर कोभिडको समय भन्दा सुधारोन्मुख रहेको छ ।

गत आर्थिक वर्षदेखि हामी बाह्य क्षेत्रको असन्तुलनमा छौं । हाल आएर नीतिगत प्रयासहरूले गर्दा विदेशी मुद्राको संचिति तीब्रदरमा घट्ने क्रममा कमी आई केही सुधार हुन थालेको छ । चालु आर्थिक वर्षको तेस्रो महिनादेखि शोधानान्तर बचत हुन सकेको छ । केही वस्तुहरूमा लगाइएको आयात नियन्त्रण हटाइएको र नेपाली मुद्राको अमेरिकी डलरसँगको अवमूल्यनले गर्दा आयात महँगो हुने हुँदा बाह्य क्षेत्रको सुधार दिगो हुनेमा अझै जोखिम रहेको छ ।

अघिल्लो आर्थिक वर्ष वैदेशिक रोजगारीमा जाने नेपाली कामदार हरूको संख्या बढेको र चालु आ.व.को ७ महिनासम्म पनि त्यो क्रम जारी रहेकोले नेपालमा विप्रेषण आप्रवाहमा सुधार भएको छ, जसले निरन्तरता पाउने अपेक्षा गर्न सकिन्छ । नेपाली मुद्राको अमेरिकी डलरसँगको अवमूल्यनले पनि विप्रेषण आप्रवाह बढाउन सहयोग पुऱ्याएको छ । तर, पछिल्लो समय आंकलन गरे झै विश्व अर्थतन्त्र मन्दीमा गएमा रोजगारी सिर्जना कम भै नेपाली कामदारको माग कम हुन सक्छ । तापनि, मध्यपूर्वका र दक्षिण पूर्व एशियाका देशहरु आर्थिक मन्दीबाट त्यति धेरै प्रभावित नहुन सक्छन् ।

भुक्तानी सन्तुलन घाटामा गइ विदेशी विनिमय संचिती कम हुँदा नेपालको बैकिङ प्रणालीमा गत वर्षदेखि तरलता अभाव रहेको छ यसले गर्दा ब्याजदरहरु बढेका छन् । ब्याजदर बढ्दा लगानी र आर्थिक कृयाकलापहरु प्रभावित भएका छन् । घट्दो विदेशी विनिमय संचितीलाई ध्यानमा राखेर नेपाल राष्ट्र बैंकले नीतिगत दरहरु बढाउदै मौद्रिक नीतिको अडानलाई कडा बनाएको छ । जसले गर्दा पनि चालु आ.व.को कर्जा प्रवाह कम रहने देखिन्छ ।

बाह्य सन्तुलन कायम गर्न आयात कम गर्ने उपायहरु अबलम्बन गर्दा आयातको वृद्धिदर गत वर्ष भन्दा कमी आउँदा चालु आर्थिक वर्ष सरकारको राजस्व संकलन घटेको छ । तर सरकारी खर्चमा भने कमी आएको छैन । चालु आ.व.को पहिलो ७ महिनामा सरकारी खर्च १३ प्रतिशतले बढ्दा राजस्व संकलन करिब १६ प्रतिशतले घटेको छ । सरकारी ऋणपत्रहरूको ब्याजदरहरु पनि बढेका छन् । जसले गर्दा सरकारलाई ऋणको ब्याज भार बढेको छ । विदेशी ऋणको सवालमा नेपाली मुद्राको अमेरिकी डलरसँग भइरहेको अबमूल्यनले पनि ऋण भुक्तानीको भार बढाइरहेको छ । तसर्थ, सरकारी वित व्यवस्थापन चुनौतपूर्ण बनेको छ ।


चालु आर्थिक वर्ष २०७९।८० को पहिलो ७ महिनासम्मको तथ्याकंले वाह्य क्षेत्रमा सुधार आउँदै गरेको देखाएको छ । यस अवधिमा शोधान्तर बचत रू. ९७ अर्व बराबर भएको छ भने विदेशी विनिमय संचिती साढे १० अर्व

अमेरिकी डलर पुगेको छ । जुन ९.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ । बाह्य क्षेत्रमा सुधार आएसँगै बैकिङ प्रणालीको तरलतामा पनि क्रमिक सुधार हुन थालेको छ भने बैंक तथा वित्तीय संस्थाहरूले बचत तथा कर्जाको ब्याजदर घटाउन शुरू गरेका छन् ।

## ५. वित्तीय सहकारीमा परेको प्रभाव र चुनौतिहरु

वित्तीय सहकारीहरू पनि वित्तीय क्षेत्रका अंगका रूपमा रहेका छन् । संख्यात्मक हिसाबमा बचत तथा ऋण सहकारीहरूको बाक्लो उपस्थिति रहेको छ । नेपालको समग्र वित्तीय क्षेत्र प्रभावित हुँदा यस्ता सहकारी संस्थाहरू पनि प्रभावित हुन पुग्ने गर्दछन् । अघिल्लो आर्थिक वर्षमा पेट्रोलियम पदार्थको उच्च मूल्यवृद्धि, अमेरिकी डलरसँग नेपाली रूपैयाँ अवमूल्यन, खाद्यान्न लगायत अन्य वस्तुहरूको विश्वव्यापी मूल्यवृद्धिले गर्दा कोभिड १९ पछि पुनरूत्थानको क्रममा रहेको नेपाली अर्थतन्त्रमा उच्च आयात हुन गयो । सो अनुरूप विप्रेषण आप्रवाह बढ्न नसक्दा वाह्य क्षेत्रमा चालु खाताका अतिरिक्त शोधनान्तर घाटा उल्लेख्य रूपमा हुन गयो । सो वर्ष रू. ६२३ अर्व बराबर चालु खाता र रू २५५ अर्व बराबरको शोधनान्तर घाटा हुन गयो । यसले गर्दा नेपालको बैकिङ प्रणालीमा तरलतामा कमी आयो र ब्याजदरहरू बढ्न थाले । बचत तथा ऋण सहकारी संस्थाहरूमा पनि तरलताको कमी देखियो ।

तरलता अभावले गर्दा ब्याजदर बढे र कर्जा प्रवाहमा पनि कमी भयो । यसले गर्दा आन्तरिक आर्थिक गतिविधिहरूमा सुस्तता आयो । सहकारीहरूमा कर्जाको सन्दर्भ ब्याजदर तोकिएको हुँदा बढ्न पाएन । तर, तरलताको कमी हुन गयो । अर्कोतर्फ, समष्टिगत मागमा कमी आएको हुँदा घरजग्गा लगायत उद्योग व्यवसायहरूमा शिथिलता आएकोले सहकारीका ऋणीहरूले समयमा ऋण तिर्न नसक्दा बचत कर्ताको रकम भुक्तानी गर्न पनि केही बचत तथा ऋण सहकारी संस्थाहरूलाई कठिन हुन पुगेको स्थिति सिर्जना भएको छ । केही यस्ता संस्थाहरू बन्द हुने अवस्थामा पनि पुगे । वित्तीय सहकारीहरूबाट प्रवाहित ऋणको धेरै अंश घरजग्गामा लगानी भएको देखिन्छ । यो अवस्थामा घरजग्गामा शिथिलता आउना साथ वित्तीय सहकारीको ऋण भुक्तानीमा समस्या आई तरलता अभाव हुन गएको पनि देखिन्छ ।



प्रभावकारी नियमन र सुपरीवेक्षणको अभाव रहेकाले वित्तीय सहकारीहरूको स्थायीत्वको चुनौति रहेको छ । स्वःनियम रहनु पर्ने यस्ता सहकारीका सिद्धान्तहरू परिपालनामा कमी कमजोरी रहेकोले वित्तीय सहकारीहरूले गरेका लगानी जोखिमयुक्त रहेको र यस्ता लगानीमा अर्न्तनिहित विभिन्न खालका जोखिमहरू व्यवस्थापनमा पर्याप्त ध्यान पुग्न सकेको पाइदैन । यसले गर्दा वित्तीय पहुँच बढाउन गहन भूमिका खेलेका वित्तीय सहकारीहरू प्रतिको जनविश्वास कमी आउने सम्भावना पनि रहेको छ ।

जोखिम व्यवस्थापन दरिलो नहुँदा विश्व अर्थतन्त्र लगायत आन्तरिक अर्थतन्त्रमा आउने परिवर्तनले वित्तीय सहकारीहरूलाई प्रभावित पार्न पुग्दछ । क्षणिक र उच्च नाफा प्रति बढी आकर्षित भै अत्यधिक मात्रामा घरजग्गामा लगानी गर्दा यसको कारोवारमा आउने गिरावटले वित्तीय सहकारीमा तरलता व्यवस्थापन गर्न कठिनाइ हुने र कर्जा डुब्ने जोखिम बढ्दछ । पछिल्लो समय यो क्षेत्रमा यो समस्या उच्च रहेको छ । वित्तीय सहकारीहरूमा तरलता अभाव हुँदा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरूले जस्तो केन्द्रीय बैंकबाट तरलता सुविधा पाउन सक्ने व्यवस्था छैन ।

संख्यात्मक रूपमा हजारौमा रहेका

बचत तथा ऋण सहकारीले स्थानीय समुदायमा वित्तीय सेवा पुऱ्याउन महत्वपूर्ण भूमिका खेले पनि आफ्ना सदस्यहरूको जीवनस्तर सुधार गर्दै समग्र अर्थतन्त्रमा योगदान दिन भने खासै सकेको पाइदैन । नेपाली अर्थतन्त्र अत्यधिक मात्रामा आयात र विप्रेषणमा निर्भर रहेको छ । यसले के देखाउँछ भने बचत तथा ऋण सहकारीहरूले प्रदान गरेको कर्जा उत्पादनमूलक क्षेत्रमा प्रयोग भएको छैन अथवा यसले अर्थतन्त्रमा उत्पादन बढाउन सहयोग पुऱ्याएको छैन । सदस्यहरूको उद्यमशीलता बढाउँदै कर्जालाई बढी भन्दा बढी उत्पादनमूलक क्षेत्रमा प्रवाह गर्नुपर्ने आवश्यकता र चुनौति दुवै वित्तीय सहकारीहरूको लागि रहेको छ ।

## ६. उपसंहार

अहिलेको विश्वव्यापीकरणको युगका विश्व अर्थतन्त्रमा आउने परिवर्तनबाट विश्वका सबै देशहरु कुनै न कुनै रूपमा प्रभावित हुन पुग्दछन् । यसबाट नेपाल पनि अछुतो छैन । कोभिड १९ बाट संक्रमणमुक्त हुँदै विश्वको अर्थतन्त्र पुनरूत्थानतर्फ लाग्दै गर्दा आपूर्तिमा आएको व्यवधान, खाद्य तथा गैरखाद्य वस्तुहरुमा भएको मूल्यवृद्धि, कोभिडको समयमा अंगालिएका लचक वित्त र मौद्रिक नीतिका कारण बढेको मागले गर्दा विश्वव्यापी रूपमा मूल्यवृद्धि भइरहेको बेला रसिया युक्रेनको युद्धले अझ बढी अनिश्चितता र नकारात्मक प्रभाव पारेकोले आपूर्ति श्रृंखला थप प्रभावित भै मुद्रास्फीति अझ बढ्न गयो । बढ्दो मुद्रास्फीतिलाई रोक्न अधिकांश केन्द्रीय बैंकहरूले कडा मौद्रिक नीतिहरु अंगालेका छन् । अमेरिकाको फेडरल रिजर्भले फेडरल फण्ड रेट बढाएकोले अमेरिकी डलर बलियो भएकोले अन्य देशका मुद्राहरु अवमूल्यन भएका छन् । नेपाल पनि विश्व अर्थतन्त्रसँग जोडिएको हुनाले विश्व अर्थतन्त्रको प्रभाव नेपाली अर्थतन्त्रमा पनि पर्दछ । कोभिडको समयका लचक नीति, त्यति बेला विप्रेषण आप्रवाह राम्रो रहेको र आर्थिक गतिविधिहरु सुस्त रहेकोले अर्थतन्त्रमा तरलता बढेर ब्याजदरहरु कम रहे । कम ब्याजदरमा उपलब्ध कर्जा खासगरी शेयर बजार, घरजग्गा कारोबार र आयातमा प्रवाहित हुँदा आयात बढ्न गयो । पेट्रोलियम पदार्थको मूल्यवृद्धि र नेपाली मुद्राको अवमूल्यनले पनि आयात उच्चदरले बढ्न जाँदा भुक्तानी सन्तुलन घाटामा गई बैकिङ प्रणालीमा तरलता र ब्याजदरहरु बढ्न गए ।

तर मौद्रिक नीतिको कडाइले गर्दा आयातमा कमी, विप्रेषणमा सुधार आउन थालेकोले भुक्तान सन्तुलन सकारात्मक भएको छ । तर, सरकारको राजस्व घटेको र आर्थिक गतिविधिहरु गर्न पर्याप्त कर्जा उपलब्ध हुन अझै सकेको छैन । कर्जाको ब्याजदर उच्च भएको गुनासाहरु बढेका छन् । यो अवस्थामा सुधार आउन अझै केही समय लाग्ने देखिन्छ । आन्तरिक उत्पादन बढाई आयात प्रतिस्थापन र निर्यात प्रर्वद्धन नगर्दासम्म बाह्य अर्थतन्त्रमा आउने प्रभावले नेपालको अर्थतन्त्रलाई बढी नकारात्मक प्रभाव पार्दछ ।

अर्थतन्त्रमा आउने परिवर्तन र विश्व अर्थतन्त्रको प्रभावबाट बचत तथा ऋण सहकारीहरू पनि अछुतो रहन सक्दैनन् । त्यसैले यी सहकारीहरूले पनि अहिले तरलता समस्या भोगिरहेका छन भने ऋण असूली हुन सकिरहेको छैन । अर्थतन्त्रमा आउने उतारचढावबाट बच्न बचत तथा ऋण सहकारीहरूले सहकारी सिद्धान्तहरूलाई आत्मसाथ र प्रयोग गर्दै सम्भावित जोखिम वहन गर्ने रणनीति अवलम्बन गर्नुपर्दछ । यस्ता संस्थाहरूलाई नियमन र सुपरिवेक्षण गर्ने प्रभावकारी संस्थागत व्यवस्था नभएको परिप्रेक्ष्यमा बढी भन्दा बढी स्वःनियमनमा बस्नु आवश्यक छ । गि व्यवस्थापकीय क्षमता विस्तार, प्रविधिको प्रयोग र जोखिम व्यवस्थापनका विधिहरू अबलम्बन गर्नु जरूरी छ । लगानीको विविधिकरण गरी उत्पादनशील लगानी मार्फत अर्थतन्त्रलाई आत्मनिर्भर बनाउन वित्तीय सहकारीहरूले भूमिका खेल्नु पर्ने आवश्यकता छ ।



# राप्ती गाउँपालिकामा सहकारी सचेतना अभिमुखीकरण सञ्चालन






राप्ती गाउँपालिकामा सञ्चालित सहकारीहरूका लागि सहकारी सचेतना अभिमुखीकरण सञ्चालन गरिएको छ । राप्ती गाउँपालिकाको सहकार्य र नेफ्स्कूनको प्रविधिक सहयोगमा अधारशिला पहिलो चरणको कार्यक्रम अन्तर्गत सहकारी सचेतना अभिमुखीकरण चैत्र ८ गते सम्पन्न भएको हो ।

नेफ्स्कूनले स्थानीय तहको मातहतमा रहेका ग्रामीण र दुर्गम क्षेत्रमा सञ्चालित सहकारी संस्थाहरूको सञ्चालन, व्यवस्थापनमा ज्ञान सीप अभिवृद्धि गर्नका लागि जागरण, विकास, प्रवर्द्धन र सञ्जालिकरणका कार्यक्रमहरू सञ्चालन गर्ने उद्देश्यसहित करिब ३५ भन्दा बढी स्थानीय निकायसँगको सहकार्यमा आधाशिला कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ ।

नेफ्स्कून सदस्य सेवा कार्यालय दाङका व्यवस्थापन उप-समिति सदस्य शिवध्वज मल्लको अध्यक्षतामा भएको कार्यक्रममा राप्ती गा.पा.का अध्यक्ष प्रकाश विष्टको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा राप्ती गा.पा.का प्रमुख प्रशासकीय अधिकृत नेप बहादुर वली, राप्ती गा.पा. आर्थिक विकास शाखा प्रमुख जिवराज पौडेल  लगायत अन्य ७ वटा वडाका वडा अध्यक्षहरूको आतिथ्यता रहेको थियो । त्यस्तै कार्यक्रममा गाउँपालिका भित्र सञ्चालित विभिन्न प्रकृतिका सहकारीका ३१ जना प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा प्रमख अतिथि राप्ती गा.पा.का अध्यक्ष बिष्टले हाल वित्तीय क्षेत्रमा विभिन्न किसिमका समस्या आईरहेको अवस्थामा गा.पा. भित्रका सहकारीहरूलाई सुरक्षित, सुशासित वनाउनका निमित्त आधारशिला कार्यक्रममा जोडिएको बताउनुभयो । उहाँले अनुगमनका क्रममा सबै सहकारीहरूले आ-आफ्नो वित्तीय विवरण सत्यतथ्य उपलब्ध गराउनुहुन समेत अनुरोध गर्नुभयो । सहकारीहरूलाई सहकारी ऐन, नियमावलीमा भएको ब्यवस्था वमोजिम जिम्मेवार वनाउन यस कार्यक्रमले कार्यबिधि, सुशासन, रिपोर्ट निर्माण लगायतका कुरामा सहयोग गर्ने स्पष्ट पार्नुभयो ।

नेफ्स्कून व्यवस्थापन उपसमिति सदस्य शिवध्वज मल्लले आधारशिला कार्यक्रम जुनसुकै प्रकृतिका सहकारी भएता पनि गा.पा भित्र रहेका सहकारीहरूलाई विकास, प्रवर्द्धन तथा सुशासनमा ल्याउनका लागि महत्वपुर्ण भुमिका निर्वाह गर्ने वताउनु भयो । विद्यमान अवस्थामा सहकारीको आवश्यकता अनुसारका बिभिन्न तालिमहरू पनि यो कार्यक्रम अन्तर्गत पर्ने भएको हुँदा गा.पा भित्रका सहकारीहरूको लागि खुसिको खवर भएको बताउनुभयो ।

अभिमुखीकरण सहजीकरण नेफ्स्कूनका अनुगमन अधिकृत पवनजंग मल्लले गर्नुभएको थियो भने कार्यक्रम सञ्चालन सदस्य सेवा कार्यालयका इन्चार्ज विष्णु जाशीले र व्यवस्थापन सहयोग सहायक कर्मचारी दिनेश महाराले गर्नुभएको थियो ।

# नेफस्कूनले पायो आइसीएको सदस्यता



नेफस्कून अन्तर्राष्ट्रिय सहकारी महासंघ (आइसीए) को सदस्य बनेको छ । हालै बसेको आइसीए सदस्यता समितिको बैठकले नेफस्कूनलाई पूर्ण सदस्यता प्रदान गर्ने निर्णय गरेको हो । यो सँगै नेपालभरका बचत तथा ऋण सहकारी संघ संस्थाहरूको छाता संघ नेफस्कून विश्वभरका सहकारीहरूको एकमात्र छाता संघसँग औपचारिक रूपमा जोडिएको छ । यसअघि नेफस्कून बचत ऋण सहकारीहरूको अन्तर्राष्ट्रिय सञ्जाल विश्व ऋण परिषद (ओकू) र एशिया प्रशान्त क्षेत्रिय सञ्जाल एशियाली ऋण महासंघ (अक्कू) को सदस्य बनिसकेको छ ।

आइसीएका सदस्य निर्देशक ग्रेचेन ह्याक्वार्डले संघका प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेललाई पत्राचार गर्दै भनेका छन्, "आइसीए बोर्ड बैठकको निर्णयसँगै नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.नेफस्कूनलाई पूर्ण सदस्यता सहित आइसीए सहकारी परिवारमा स्वागत गर्न पाउँदा खुसी लागेको छ ।"

आइसीएले सदस्यहरूलाई विश्वव्यापी पहुँच प्रदान गर्दछ । आइसीएको सदस्यताले स्थानीय रूपमा सहकारी अभियानलाई सबल बनाउँदै ग्लोबल नेटवर्किङ मार्फत विश्वव्यापी पहुँच विस्तार गर्न र अन्तर्राष्ट्रिय साझा फोरमको उपयोग गर्नमा सफल हुनेछ । विश्वव्यापी उत्कृष्ट अभ्यास मार्फत सहकारीको कार्यसम्पादनमा सुधार गर्न, सहकारी सुशासन कायम गर्न सहयोग पुग्नेछ ।

यसले विश्वभरका सहकारीहरूलाई एउटै छातामुनि ल्याउने, उनीहरूको प्रतिनिधित्व गर्ने र हरतरहले सेवा प्रदान गर्ने ३ मुख्य काम (युनाइट, रेप्रिजेन्ट र सर्भ) गर्दै आइरहेको छ । सहकारीका ७ सिद्धान्त, ६ आधार मुल्य तथा ४ नैतिक मुल्यका आधारमा यसका सम्पूर्ण गतिविधिहरू निर्देशित हुन्छन् जसलाई विश्व भरका सहकारीहरूले आत्मसात् गर्दै आएका छन् ।

हाल विश्व जनसंख्याको १२ प्रतिशत सहकारीमा आबद्ध छ । विश्व सहकारी अभियानसँग हाल कायम ३० लाख सहकारीमार्फत १ अर्ब भन्दा बढी सदस्यहरू प्रत्यक्ष जोडिएका छन् भने २८ करोड (रोजगारीमा आबद्ध विश्व जनसंख्याको १० प्रतिशत) ले प्रत्यक्ष रोजगारी पाएका छन् ।

आइसीएसँग नेफस्कूनसहित हाल १ सय १२ देशका ३ सय १९ सहकारी निकायहरू आबद्ध छन् । यी मध्ये २ सय ७६ पूर्ण र ४३ असोसिएट सदस्य छन् ।

# अक्कू फोरम २०२३ नेपालमा आयोजना हुने

एशियाली ऋण महासंघ (अक्कू) फोरम २०२३ नेपालमा आयोजना हुने भएको छ । नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. नेफस्कून र अक्कूबीच सो विषयमा MOU भएको छ । एशियाली ऋण महासंघकी प्रमुख कार्यकारी अधिकृत एलिनिता भि स्यान रोक्के र प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेलबीच सो समझदारी पत्रमा हस्ताक्षर भएको हो । नेफस्कून र राष्ट्रिय सहकारी बैंकको संयुक्त आयोजना रहने फोरम आगामी सेप्टेम्बरमा हुने कार्यक्रम तय भएको छ । फोरममा २५ एशियाली राष्ट्रबाट गरी करिब ४०० जनाको सहभागिता रहने नेफस्कूनले जनाएको छ ।

दुई पक्षबीच भएको MOU कार्यक्रममा संघका अध्यक्ष पौड्याल, अक्कुका प्रमुख प्राविधिक अधिकृत रञ्जित हिताराची उपस्थित हुनुहुन्थ्यो ।

एशियाली ऋण महासंघ (अक्कू) सन् १९७१ मा स्थापना भएको एशियाली बचत तथा ऋण सहकारीहरूको एक मात्र क्षेत्रीय महासंघ हो । अक्कूले "कोभिड १९ बाट पुर्नउत्थानका लागि हरित समावेशी तथा सामनाशक्ति विकासको मार्ग" (Greener, Inclusive, Resilient Path to COVID–19 Recovery) भन्ने थिम सहित एशियाली क्रेडिट युनियनहरूको फोरम २०२२, अगस्ट २९ देखि सेप्टेम्बर १ तारिख (२०७९ भाद्र १३ देखि १६) सम्म थाइल्याण्डको बैंककमा सम्पन्न गरेको थियो । फोरममा आयोजक राष्ट्र सहित एशियाली मुलुकका १६ राष्ट्रका करिब ३ सय ३० क्रेडिट युनियनकर्मीहरू सहभागी भएका थिए ।

# सहकारी बिग्रनुमा कमजोर नियमन, सरकार जिम्मेवार



**डी.बी. बस्नेत**
**पूर्व अध्यक्ष, नेफ्स्कून**

“ जसले वित्तीय अनुशासन बाहिर गएर मोनोपोलि रूपमा सहकारीहरू चलाए उनीहरू अहिले जनताको पैसा फिर्ता गर्न सक्ने अवस्था रहेन । उनीहरूको लगानी घरजग्गामा भयो अथवा सञ्चालक समितिकै सदस्यहरूले धेरै ऋण लिए । ”

**यतिवेला सहकारीमा देखिएको वास्तविक समस्या के हो ?**


अहिले सहकारीमा आएको जुन खालको समस्या छ, यो हामीले अभियानभित्रैबाट सृजना गरेको समस्या हो, जुन सबैले स्वीकार्नुपर्छ । हामीले शुरूदेखि सहकारीलाई सुशासनको पाटोमा लगेनौं । सहकारीलाई सुशासनको पाटोमा नलानुको पछाडिको कारण भनेको सहकारी दुई टाइपबाट शुरू भए । एउटा वित्तीय सहकारीको अनुशासन के हो ? सहकारीको ऐन नियम के छ ? त्यस्तै विश्व ऋण परिषद्, एशियाली ऋण महासंघले दिएको गाईडलाईन्स के हो ?

जुन सहकारी संस्था ऐन, नीति, नियम, सहकारी विभाग, राष्ट्रिय सहकारी महासंघ, नेफ्स्कून लगायतले जारी गरेका मार्गदर्शन त्यसैगरि विश्व ऋण परिषद्, एशियाली ऋण महासंघले दिएका गाईडलाईन्सहरू पालन गरी सञ्चालनमा छन् तिनीहरूमा कुनै समस्या छैन । जस्ले त्यो विधिलाई नाघ्यो र वित्तीय अनुशासन भित्र बसेन, सहकारी ऐन नियम अनुसार जसले सहकारी चलाएनन्, जसलाई सहकारीबारे अनुभव नै थिएन ती मान्छेहरूले सहकारी चलाउन अग्रसर भए वा पेशा व्यवसायको रूपमा यसलाई सञ्चालन गरे । ती सहकारीहरू धेरै समस्यामा छन् । अव यसपछिको अर्को पाटो भनेको राज्यको दायित्वको कुरा भयो । सरकारले संघहरूलाई सहकारीको अनुगमन, नियन्त्रण, कारबाही गर्ने कानुनी अधिकार पनि नदिने, स्वनियमनमा बस भनेर भन्ने, स्वनियमनमा नबस्नेहरूका लागि सरकारले कडाईका साथ नीतिगत व्यवस्था पनि नगर्ने । सरकारले नीतिगत व्यवस्था साथ कडा अनुगमन र समयमै आवश्यक कानुनी कारबाही गर्न सकेको भए, यो समस्या आउनै पाउँदैनथ्यो । सरकार त्यतातिरको पाटोमा पूर्णत साइलेन्स नै भयो । उहाँहरूसँग भएको थोरै स्रोत साधनले गरेको अनुगमनको प्रयास पनि नगन्य रूपमा र अप्रभावकारी छ । जव अनुगमन गरेर उ बेठिक छ भन्ने भएपछि त्यसलाई ठीक ठाउँमा ल्याउनलाई कारबाही गर्नुपर्थ्यो । तर कारबाही गर्नुको सट्टा तिमीहरूको सिस्टम ठीक छैन, तिमीहरू ठीक छैनौं र आफ्नो विधि मिलाउ भन्ने खालको सुझाव मात्रै दिएर सहकारीहरू विगार्ने काममा सरकारको पनि धेरै ठूलो सहयोग पुगेको हो ।

**सहकारीका कारण अहिले धेरै सदस्यहरुको बचत जोखिममा परेको छ । यो अवस्थामा अभियान र सरकारको भूमिका कस्तो रहनुपर्ला ?**

अहिले समस्यामा भइरहेका सहकारीहरू दुइवटा क्याटागोरिमा देखिन्छन् । एउटा समस्यामा परेपनि त्यो सहकारीको पूँजी कि तमसुकमा छ, कि बैंकमा छ । अर्को पैसा तमसुकमा पनि छैन, बैंकमा पनि छैन । तर सदस्यले बुझाएको बचतको दायित्व चाहि छ ।

जसले वित्तीय अनुशासन बाहिर गएर मोनोपोलि रूपमा सहकारीहरू चलाए उनीहरू अहिले जनताको पैसा फिर्ता गर्न सक्ने अवस्था रहेन । उनीहरूको



लगानी घरजग्गामा भयो अथवा सञ्चालक समितिकै सदस्यहरूले धेरै ऋण लिए । यी यस्ता सहकारीहरूलाई अहिलेको अवस्थामा पनि कसरी सर्भाइभ गर्न सकिन्छ भन्ने कुराको धेरै ठूलो समस्या छ । अर्का कस्ता खाले सहकारीलाई समस्या भयो भने जसको पैसा बैंकमा छ, जसको सदस्यसँग तमसुक छ, त्यस्तो सहकारीहरूलाई पनि अहिले समस्या आयो । दिनानुदिन मिडियामा सहकारीमा समस्या छ भनेको सुनेर पनि सदस्यहरू सहकारीमा पैसा झिक्नको लागि लाइन लाग्न गए ।

जसले उत्पादन नहुने जस्ता क्षेत्रमा लगानी गरेको छ, त्यो पनि सञ्चालक समितिले विधि प्रक्रिया नाघेर काम गरेको छ, त्यस्ता सहकारीहरूको समस्या समाधान गर्नलाई धेरै गाह्रो छ, अहिलेको अवस्थामा । सरकारले यसको समाधान गर्नुपर्छ भन्ने पनि सजिलो बाटो देखिदैंन । सरकारले तिरेर दिएर साध्य हुने कुरै छैन । कहाँबाट ल्याएर गर्छ सरकारले त्यस्तो । अभियान अर्थात संघहरूले पनि यसलाई त्यसरी व्यवस्थापन गर्न सक्दैन, जो सिस्टममा छन् र जसको सदस्यहरूको बचत मात्रै फिर्ता गर्नुपर्ने अवस्था आएको छ भने उनीहरूको तमसुकमा र बैंकमा पैसा हुनेहरूले त्यो हिसाव मिलाउन सकिन्छ । अहिलेको अवस्थामा अभियानको तर्फबाट गरिरहेको काम हे हो भने हामीलाई केही सहकारी ऐन नियममा भएका व्यवस्थाहरूको नीतिगत कार्यान्वयन गर्ने ठाउँमा पुऱ्याउनुपर्थ्यो । सरकाले त्यसको कार्यविधिहरू, नियमावलीहरू दिनुपर्थ्यो तर त्यसमा आलटाल गरिहेको छ । २०७४ सालमा सहकारी ऐन आयो, ऐनमा भएको व्यवस्था कार्यान्वयन गर्न पनि सरकारले तदारूकता देखाएन । ऐन कार्यान्वयनको जिम्मेवारी सरकारले लिनुपर्ने हो, तर बारम्बार त्यसका कर्मचारीहरू, सचिवको सरूवा भइरहेको कारण देखाउँदा टार्ने काम भयो । समयमै कर्जा सूचना केन्द्र आएको भए यसले केही हदसम्म सहकारीलाई समस्यामा पर्नबाट नियन्त्रण गर्थ्यो, कर्जा न्यायाधिकरण गठन गर्न सकेको भए ऋण असुलीमा सहजता हुने थियो, त्यो पनि हुन सकेन । सहकारी ऐन संशोधन गर्नुपर्ने अवस्था विद्यमान छ, त्यसतर्फ पनि सरकार तयार रहेको देखिँदैन । सहकारीको अनुगमन प्रणाली विकास गर्न पनि धेरै समय अघिदेखि सेकेण्ड टायर इन्टिच्यूसन मार्फत अनुगमन गर्ने भनेर बजेट भाषणमा आउने तर त्यसको कार्यान्वयन गर्ने पक्षमा न सरकार, न नेपाल राष्ट्र बैंक, न विभाग नै जिम्मेवार छ । यसले के बुझाउँछ भने अभियानको तर्फबाट हामीले प्रेसर पुऱ्याउन नसकेको हो भन्ने स्वीकार्नुपर्छ । अर्कोतर्फ सरकारी मान्छेहरूले नेपालबाट एकपटक सहकारी कोल्याप्स् गर्ने सोच राखेको हो भन्ने पनि बुझ्न सकिन्छ ।

अहिले अभियानको तर्फबाट तत्कालको लागि कम्तिमा सन्दर्भ व्याजदरलाई बैंक फाइनान्स सरह सुविधा देऊ, त्यसको क्यापिङलाई हटाएर स्वचालित बनाऊ, कर्जा सूचना केन्द्रको कार्यविधि देऊ, कर्जा न्याधिकरण गठन गर, बचत तथा ऋण सुरक्षण कोषको व्यवस्थापन गर, स्थिरीकरण कोषलाई फूल फेजमा परिचालन गर्न देऊ, प्रवर्धन कोषलाई चलायमान बनाऊ लगायतका मागहरू सरकार समक्ष राख्दै आएका छौं ।

सहकारी अभियानले ठूलो हिस्सामा सरकारलाई ट्याक्स तिरेको छ । बैंकहरूमा कुनै समस्या पऱ्यो भने तरलता व्यवस्थापनका लागि नेपाल राष्ट्र बैंकले पैसा दिन्छ, तर सहकारीहरूलाई पैसा दिने ठाउँ भएन । यसका लागि हामीले सरकारसँग १० अरब रूपैंया ऋणको रूपमा माग गरेका छौं । अभियानको तर्फबाट नेफ्स्कून र राष्ट्रिय सहकारी बैंकले गरी ५ अरब र टोटल अभियानको तर्फबाट ५ अरब गरेर जम्माजम्मी २० अरब पैसा जम्मा गर्न सकियो भने अहिले तत्कालको लागि सुशासनमै चलेका संस्थाहरू डिपोजिट फिर्ताका लागि मात्रै आउनेहरूका लागि हामीले सम्बोधन गर्न सक्थ्यौं । सरकारले यो पैसा दिनुपर्छ भनेर अभियानकै तर्फबाट लबिइङ गरिरहेका छौं ।

**तपाईं समितिको विज्ञ सदस्य हुनुहुन्छ । समितिको कार्यप्रक्रिया कसरी अगाडि बढिरहेको छ ।**

समस्याग्रस्त सहकारी व्यवस्थापन

समिति सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिमको अवस्थामा नेपाल सरकारले समस्याग्रस्त घोषणा गरी सोही ऐनको दफा १०५ बमोजिम समस्याग्रस्त सहकारी संघ तथा संस्थाहरूको सम्पत्ती, व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्न गठित समिति हो ।

खासमा सहकारीका बचतकर्ता सदस्यहरूको पैसा फिर्ता गराउनका लागि बनेको व्यवस्थापन समिति हो । त्यो अन्तर्गत हामीले समस्याग्रस्त घोषणा गरेर नेपाल सरकारले पठाएको १२ वटा सहकारीहरू मध्ये एउटा स्ट्याण्डर मल्टिप्रपोज कोअपरेटिभ भन्नेको पैसा उठाएर समितिमा मागदाबी गर्ने सबै सदस्यहरूको पैसा फिर्ता भइसकेको छ । अब अरू ३/४ वटा संस्थाहरूको काम भइरहेको छ । तिनीहरू पनि अवको केही महिनामा फ्रि भइसक्छन् । अर्को कुबेर सहकारीको पनि धेरै सदस्यहरूले बचत फिर्ता पाइसक्नुभएको छ । ऋण लिने सदस्यहरूबाट असुल गरेर बुझाउने प्रयास भइरहेको छ । त्यसैगरी सोसाइटल र लुनिभाको पनि काम अन्तिम चरणमा पुगेको छ । समस्याग्रस्तमा आइपुगेका १२ सहकारीको सम्भवत असार सम्ममा ५/७ वटा सहकारीको समस्या व्यवस्थापन हुने प्रक्रियामा अगाडि बढेको छ । अलि धेरै समस्या भनेको ओरेन्टलको हो, ओरेन्टलको पनि केही पैसा जम्मा भएको छ, सानो बचतकर्ताहरू करिब ७०० जनालाई पैसा फिर्ता दिन शुरू गर्ने भन्ने कुरा भइरहेको छ । त्यसपश्चात ठूलो बचतकर्ताहरूलाई जग्गाहरू लिलाम गर्दै तिनिहरूको पैसा रिटर्न गर्ने काम भइरहेको छ ।

तर यो काम त्यति सहज भने छैन । जुन सहकारी संस्थाका सदस्यहरूले ऋण लिएको छ, ती ऋणीहरूबाट असुल गरेर सदस्यको बचत फिर्ता गर्ने हो । ऋणिबाट मात्रै लिएर बचतकर्ताको पैसा फिर्ता गर्न पुगेन भने सञ्चालक समितिमा बस्ने मान्छेहरूसँगबाट दामासाहीले पैसा लिएर बचत कर्ताहरूको पैसा फिर्ता गरिदिने काम पनि समितिले गर्नुपर्छ । सबै कुरा तयार गरेर ठिक्क पार्‍यो, तर एउटा गएर अदालतमा ठ्याक्क मुद्धा हालिदिन्छ, अनि रोकिन्छ, सबै शक्ति जति अदालतभित्र छ, छिटो छिटो समस्या समाधान गर्न अदालत पनि बाधक छ । तिर्नुपर्नेहरू अनेक बाहाना गर्दै ऋण तिर्न लिङ्गरिङ गराउने काम गर्छन् । त्यसमा अदालतको निर्णय झनै सहयोगी बनिदिन्छ ।

समितिको कामलाई चुस्त र प्रभावकारी बनाउन हामीसँग टाक्स फोर्स छ । छुट्टै संयन्त्र निर्माण गरेका छौं । ऋणिहरूले सिधै जग्गा धितो नराखीकन ऋण लिएको छ भनेपनि नेपाल अधिराज्यभरि ऋणि सदस्यको जे जति जग्गा जमिन छ, त्यो सबै रोक्का राख्ने काम गरेका छौं । ऋणिहरूको सबै बैंक खाता रोकेका छौं । तिर्न आउनु भनेर ताकेता गरिराखेका छौं । अब पार्सपोर्ट रोक्का गर्ने र स्थानीय निकायले दिने सबै प्रकारका शिफारिसहरूलाई बन्द गर्नका लागि ब्याक लिस्टमा राखेर ऋण नतिर्नेहरूई त्यो गर्न पनि लागिराखेका छौं ।

## बचत कर्ताले मागदाबी गरेपछि तत्काल समस्या समाधान गर्न किन ढिलाई हुन्छ ?

कुनै पनि सहकारी संघ अथवा संस्था समस्याग्रस्तमा आउनुभन्दा अगाडि उनीहरूले पर्याप्त समय लिएर आफ्ना सबै डकुमेन्टहरू मिलाउने, आफ्ना नाममा भएको सम्पत्ती सबै अरूको नाममा नामसारी गरिसक्ने, महिलाहरू भए श्रीमानसँग पुरूषहरू भए श्रीमतीसँग छोडपत्र गर्ने अनि सबै सिध्याएर यहाँ फाइल बुझाउन ल्याउने चलन अहिले देखिएको छ । विभागले अनुगमन गरेर समस्यामा छ भन्ने वित्तिकै तिनीहरूको सम्पत्ती रोक्का गरेको भए यो समितिले तत्काल काम गर्न सक्थ्यो । केही जातै नभएको मान्छेहरूलाई लिएर आएर यहाँबाट कारबाही गरेर अगाडि जानुपर्ने भएकोले अलि समय लागेको हो ।

अस्थिपञ्जर मात्रै यहाँ आइपुगेको छ, कतिपय संस्थाको त डकुमेन्ट पनि छैन । ऋण फारम पनि छैन, ऋण लगेका तमसुक पनि छैनन्, माइन्यूट पनि छैनन् । समस्याग्रस्त भनेर सरकारले घोषणा गरिदियो त्यतिमात्रै कुरा छ । त्यस्तो स्थितिमा आएका सहकारीहरू हुन् यिनीहरू । त्यसकारणले पनि समयमा काम सक्न कठिनाइ भएको हो ।

समस्या हुन्छ, तर त्यसको समयमै समाधानका लागि विभाग, प्रदेश सरकार, स्थानीय निकाय जो नियामकीय निकायको जिम्मेबारी पाएका छन्, तिनीहरूको भूमिका हुन्छ । जव समस्या छ भनेर उनीहरूकोमा जानकारी हुने वित्तीकै तिनीहरूको सञ्चालक समिति र ऋणीहरूको सबै सम्पत्ती रोकिदियो भने समस्या समाधान गर्न छिटो हुन्छ । ढिलो भएको कारण त्यो हो । तर उठ्छ, ज जसको डकुमेण्ट अथवा अन्य केही पनि छैन त्यस्तालाई हामी इन्टरपोल (सिआइबी) लाई पठाइदिन्छौं । यहाँबाट पैसा नतिरिकन हिनाविना गरेर जो विदेश भागेका छन्, उनीहरूलाई इन्टरपोल मार्फत छिकाउनको लागि काम भइरहेको छ । इन्टरपोल मार्फत गएपछि अहिले परिवारहरू सम्पर्कमा आउनुभएको छ । कतिपयले पैसा पनि तिरिसक्नुभएको छ ।

हाम्रोमा फाइल आइपुगेपछि बचतकर्ताको पैसा फिर्ता दिन के

गर्नुपर्छ, त्यसमा समिति जिम्मेवारपूर्ण ढंगले लागेको छ । पहिलो कुरा ऋण लिने मान्छेले सजिलैसँग आफ्नो ऋण तिर्नुपर्‍यो । कतिपयको कस्तो समस्या छ भने, ऋण उसले बुझाएको छ, सफ्टवयेरमा इन्ट्री भएको छैन । कर्मचारीले लियो, रिसिप्ट काट्यो, बोक्यो, हिड्यो । त्यो पनि भइराखेको छ । कतिपयले त्यसको प्रमाण लिएर आउँछन् भने कतिपयसँग प्रमाण पनि छैन, त्यस्तोहरूको अलिअलि समस्या भएको छ । हाम्रो रणनीति भनेकै त्यो ऋण लिने मान्छेसँगबाट पैसा असुल गराउने । पैसा  असुल गर्नको लागि के गर्नुपर्‍यो, भन्ने विधि हामीले अपनायर काम गरेका छौं ।

बैंकको खाता रोक्का गरेका छौं, जग्गा जमिन जहाँ छ, त्यो रोक्का गरेर राखेका छौं । कतिपय मान्छेको त छोराछोरी, परिवार, बाबुआमाको बृद्ध भन्दा समेत रोकेर प्रेसर दिएर छिटो तिर्न आओस् भन्ने बातावरण बनाएका छौं । त्यति गर्दापनि ऋण लिने मान्छेले अटेर गर्‍यो भने उनीहरूलाई समातेर पुलिसकोमा जिम्मा लगाइदिने । कोही मान्छे ऋण तिर्न चाहन्छ र उ सँग पैसा छैन भने किस्ताबन्दीमा पनि तिर्न सक्ने व्यवस्थाहरू मिलाइदिएको छ । कसैले १८ प्रतिशत, कसैले २०, २२, २८ प्रतिशत व्याजमा तमसुक गरेको छ भनेपनि ऋणको व्याजदर हामीले यहाँबाट १५ प्रतिशत मात्रै तोकिदिएका छौं । १५ प्रतिशत व्याजदरमा वा सावाको डवल जुन कम हुन्छ, त्यो तिर्‍यो भने उनीहरूले यहाँबाट ऋण राफ साफ गर्न पाउँछन् । र उसले समस्याग्रस्त घोषणा भएको दिनदेखिको व्याजपनि तिर्नुपर्दैन । त्यसरी असुल गर्ने व्यवस्था गरेका छौं ।

**अन्त्यमा**

सहकारी व्यवस्थापन समितिमा अभियानकै तर्फबाट प्रतिनिधित्व गरेर म यहाँ आएको हुँ । मैले म्याक्सिमम अभियानकर्मी र बचतकर्ताको हितलाई ध्यान दिएर व्यवहारिक पक्षबाट हेर्ने प्रयास गरेको छु ।

अब हामीले पछिल्लो चरणमा सहकारीहरू समस्यामै नपर्नका लागि केही काम गर्नुपर्छ भनेर पनि शुरू गरेका छौं ।  हिजोका साथीहरूले चलाएको सहकारीको माइन्यूट हेर्‍यो भने कुनै पनि ठाउँबाट त्यो व्यक्ति सहकारीको सञ्चालक हुनका लागि योग्य छैन भन्ने देखिन्छ । यी कुनै पनि सहकारीहरू फेडेरेसनको लिंकेजमा आएका सहकारी पसल होइनन् । सुशासनमा लैजानेगरि सहकारी संस्था सञ्चालन गर्नुपर्छ नभए अनुगमन सिस्टमलाई सरकारले टाइट बनाउनुपर्छ । जबसम्म अनुगमन सिस्टम कडा हुँदैन तवसम्म यो समस्या दोहोरिरहन्छ । अनुगमन गर्ने र अन द स्पोर्ट कारबाही गर्ने खालको अनुगमन चाहियो । सरकारले सेकेण्ड टायर इन्स्टिच्यूसन बनायरै अनुगमन सिस्टमलाई प्रमावकारी बनायो भने विस्तारै सहकारीको समस्या सुल्झिँदै जान्छ ।

# महिला साकोसद्वारा निःशुल्क आँखा शिविर सञ्चालन, १८५ ले लिए सेवा



इटहरीस्थित महिला बचत तथा ऋण सहकारी संस्था लि.ले सदस्यहरूका लागि निःशुल्क आँखा शिविर सञ्चालन गरेको छ । साकोसको इटहरी २० तरहरा स्थित तरहरा सेवा केन्द्र व्यवस्थापन उपसमिती संयोजक तथा साकोसकी सञ्चालक सुष्मा थापाको संयोजकत्वमा सञ्चालित शिविरमा इटहरी आँखा अस्पतालको प्रविधिक सहयोग रहेको थियो ।

२५० जनाको उपस्थितिमा सम्पन्न कार्यक्रममा १८५ जनाले निःशुल्क आँखा परिक्षण तथा निःशुल्क औषधीको सेवा लिनु भएको थियो । मोतियाबिन्दुको समस्या देखिएका बिरामीले निःशुल्क शल्यक्रियाको सुबिधा समेत प्राप्त गर्ने साकोसले जनाएको छ ।

# नेपालमा वित्तीय सहकारी ऐनको आवश्यकता भयो





नेपालमा वित्तीय सहकारी ऐनको आवश्यकता सम्बन्धमा सरोकारवालाहरूले सकारात्मक पहलकदमीका लागि बचनबद्धता व्यक्त गर्नुभएको छ । फागुन २३ गते नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. नेफ्स्कून र राष्ट्रिय सहकारी विकास बोर्डको संयुक्त आयोजनामा राष्ट्रिय सहकारी विकास बोर्डको सभाहलमा आयोजित नेपालमा वित्तीय सहकारी ऐनको आवश्यकता सम्बन्धी अन्तरिक्रिया कार्यक्रममा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव डा. दामोदर रेग्मीले बचत तथा ऋण सहकारी अभियान महत्वपूर्ण रहेको र यसको विकास र प्रवर्द्धनका लागि सहकारी ऐन कार्यान्वयन साथै आवश्यक ऐन निर्माणमा सरकारले सकारात्मक भूमिका खेल्ने बताउनुभयो ।

राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष पुष्प कंडेलले वित्तीय सहकारी ऐन आउन ढिला भइसकेको बताउनुभयो । उहाँले सहकारी आन्दोलन कमजोर भयो भने समस्या हुने भन्दै सहकारी आन्दोलन बढाउन आवश्यक रहेको बताउनुभयो । बैंकिङ नियमबाट छल गरि सहकारी मार्फत पैसाको चलखेल बढेका कारण सहकारीमा विकृति देखिएको छ, यसका लागि नियमनको पाटो बलियो हुनु जरूरी रहेको उहाँले बताउनुभयो ।

बचत तथा ऋण सहकारी संघ संस्थाहरूका लागि छुट्टै बचत तथा ऋण सहकारी ऐनको आवश्यकता सम्बन्धमा पूर्व मन्त्री, बोर्डका सह अध्यक्ष, मुख्य राजनीतिक दलका प्रतिनिधि, पूर्व गभर्नर, सहकारी विभागका प्रतिनिधि, नेपाल राष्ट्र बैंकका प्रतिनिधि, सहकारी अभियानका शीर्ष व्यक्तिहरूबीच वृहत अन्तरक्रिया गरेको हो ।

नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालको अध्यक्षता रहेको कार्यक्रम सञ्चालन संघका महासचिव दामोदर अधिकारीले गर्नुभएको थियो ।

कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कंडेलले नेफ्स्कूनले तयार पारेको वित्तीय सहकारी ऐन तुरून्त पास गर्नुपर्ने आवश्यकता औल्याउँदै वित्तीय सहकारी ऐन आएमा सहकारीका धेरै समस्याहरू समाधान गर्न सहज हुने बताउनुभयो ।

नेपालमा वित्तीय सहकारी ऐनको आवश्यकता सम्बन्धमा नेफ्स्कूनका पूर्व अध्यक्ष एव् सल्लाहकार ऋषिराज घिमिरेले प्रस्तुतीकरण गर्नुभएको थियो । उहाँले नियामकहरूको उदासिनताका कारण सहकारी ऐन कार्यान्वयमा पनि समस्या देखिएको, सदस्यहरूको बचत असुरक्षित बन्दै गइरहेको भन्दै अब सहकारीको भविष्य निर्माणका लागि नेपालमा क्रेडिट युनिएन ऐक्टको विकल्प नभएको बताउनुभयो ।

नेपाल राष्ट्र बैंकका पूर्व गभर्नर दिपेन्द्र बहादुर क्षेत्रीले कानुन बनेर सबै समस्या समाधान हुन्छ भन्ने पक्का नहुने भन्दै नेपालमा सहकारीको योगदान महत्वपूर्ण रहेको यसमा नियमन गर्ने कडा कानुन आवश्यक रहेको बताउनुभयो । उहाँले वित्तीय सहकारी ऐन ल्याउने हो भने जनताले अनुभूति गर्ने खालको ल्याउनुपर्नेमा जोड दिनुभयो ।



राजनीतिक दलको प्रतिनिधित्व गर्दै नेकपा यसका उपमहासचिव विजय पौडेलले सहकारी ऐनका केही बिषयहरू नमिलेका कारण सहकारीको लगानी प्रभावकारी बन्न नसकेको बताउनुभयो ।

नेकपा माओवादीका नेता लिलामणी पोखरेलले वित्तीय सहकारी ऐन आवश्यक देखिएको र यसमा राज्यले नचाहेको वा चासो नदिएको भन्दै सहकारीको समस्या समाधान राज्य पक्षकै रहेको बताउनुभयो ।

राष्ट्रिय सहकारी महासंघका पूर्व अध्यक्ष दिपक प्रकास बास्कोटाले बचत तथा ऋण सहकारी संस्थाहरूको नियमन गर्न छुट्टै ऐन चाहिएको बताउनुभयो । उहाँले सरकारले नचाहेका कारण सहकारी नियमनको पाटो कमजोर बनेको बताउनुभयो । सरकारले नियन्त्रण भन्दा पनि नियमन गरी गलत गर्नेलाई कारबाहीको दायरामा ल्याउनुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा अतिथिको रूपमा सहभागी एशियाली ऋण महासंघकी प्रमुख कार्यकारी अधिकृत एलिनिता भि स्यान रोक्के र प्रमुख प्राविधिक अधिकृत रञ्जित हिताराचीले क्रेडिट युनियन ऐक्टको विश्व अभ्यास र नेपालको सहकारी सृदृढीकरणका लागि यसको आवश्यकताका विषयमा आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

# वित्तीय सहकारी ऐनले मात्र हालको समस्या समाधान गर्न सक्छः घिमिरे

सहकारी अभियन्ता ऋषिराज घिमिरेले सहकारी क्षेत्रमा देखिएको समस्या समाधान वित्तीय सहकारी ऐन (क्रेडिट युनियन एक्ट) ले मात्र गर्न सक्ने बताउनुभएको छ ।

नेपालमा वित्तीय सहकारी ऐनको आवश्यकता विषयक गोष्ठीमा कार्यपत्र प्रस्तुत गर्दै अभियन्ता घिमिरेले भन्नुभयो 'आजको आवश्यकता भनेको अभियान र नियमनकारी निकायहरू बीचमा सहकार्य र साझा बुझाईको विकास गरी अभियान संरक्षणको लागि अलग्गै क्रेडिट युनियन ऐन ल्याउन पहल गर्नु हो ।' नेफ्स्कूनले २०७८ मा सर्वेक्षण गरी छुट्टै वित्तीय सहकारी ऐनमा अभियानको धारणा बुझेको थियो । उक्त सर्वेक्षणबाट ८९ प्रतिशतले आवश्यक छ, ९ प्रतिशतले आवश्यक छैन र २ प्रतिशतले थाहा छैन भनेका थिए । नियामकहरूको उदासिनता र अभियानको व्यवसायीक स्वार्थका कारण सहकारी ऐन २०७४ कार्यान्वयन हुन सकेन र अब कार्यान्वयन हुन सक्ने अवस्थै छैन । जसका कारण आज सदस्यहरूको बचत असुरक्षित बन्दै गएको छ ।

सदस्यहरूको बचतको सुरक्षा गर्न, वित्तीय पहुँच विस्तार समाबेशीकरण अभिबृद्ध गर्न, बचत तथा ऋण सहकारीहरूको प्रभावकारी सुपरिवेक्षण, दर्ता संकूचन तथा सञ्चालन प्रभावकारी बनाउन, एकीकरणमार्फत संख्या घटाउन वित्तीय सहकारी ऐनको आवश्यकता अपरिहार्य छ । त्यस्तै प्राविधिक सञ्जालीकरणमार्फत प्रबिधिमा आधारित अनुगमन गर्न, प्रबिधिमा आधारित सेवा सञ्चालनको नीतिगत आधार तयार गर्न, सिद्धान्त, पूँजी र संरचना निश्चित गर्न पनि अब छुट्टै ऐनको आवश्यकता भयो ।

अब वित्तीय सहकारी ऐन आएमा के हुन्छ ? भने संविधान बमोजिम नियामकीय व्यवस्था स्पष्ट हुन्छ, बचत तथा ऋण अभियानको एउटा मात्र सञ्जाल कायम हुन्छ, दर्ता संकुचन गरी दर्तामा अभियान जिम्मेवार हुन्छ, वित्तीय क्षेत्रको अनुशासन पूर्ण पालना गराउन सकिन्छ । त्यस्तै केन्द्रीय बैंकको नियमनमा संलग्नता हुने, बचत ऋण सहकारी बन्द हुँदा अभियान जिम्मेवार हुने, सदस्यहरूको बचत सुरक्षा निश्चित हुने, प्रभावकारी सुपरिवेक्षणवाट गुणस्तरीय संस्था मात्र कायम रहने र नियामकीय क्षमता बृद्धि गर्न सहयोग पुग्छ ।

**आदर्श वाक्य**

**सहकारीको दिगोपनः स्वनियमन र सुशासन**

# हाम्रो सहकारी हामी आफै बनाउछौं



**दिपक पनेरु**
**कोषाध्यक्ष नेफ्स्कून**
**अध्यक्ष, काठमाडौं जिल्ला बचत संघ**

"संस्था सञ्चालनमा सहजता आएको छ । तर कतिपय संस्थामा कठिनपूर्ण अवस्था छ, ती संस्थाहरूलाई पनि हामीले धैर्य गर्नका लागि अनुरोध गरेका छौं । उहाँहरूसँग अभियानको तप(र्फबाट हामी नियमित सम्पर्कमा छौं, पछिल्लो समय केही मिडियामा देखिएको जस्तो भद्रगोलको स्थिति छैन ।"

**सहकारीका विद्यमान समस्या समाधानमा के पहल गरिरहनुभएको छ ?**

विद्यमान वित्तीय संकट, सहकारी मात्र नभएर सबैतिर एकसाथ देखिएको समस्या हो । लगातार तीन चरणमा देखिएको कोभिड महामारी र त्यसले पारेको प्रभाव, त्यो सँगसँगै जोडिएर आएका आर्थिक मन्दीका कुराहरू, विश्व अर्थतन्त्रमा देखिएका हलचलले सिङ्गो अर्थतन्त्र डामाडोलको अवस्थामा छ, त्यसैको चपेटामा सहकारी पनि परेको अवस्था हो । यस्तो अवस्थामा हामीले सहकारीलाई जोगाएर लानुपर्छ, बचाउनुपर्छ भनेर निरन्तर अभियानको तर्फबाट लागिरहेका छौं । सहकारी भित्र विभिन्न खालका समस्याहरू छन्, सबै सहकारी विग्रिएको, सबै सहकारी समस्यामा परेको, सबै सहकारीभित्र बदमासी भएको भन्ने कुरा होइन, यस्तो अप्ठ्यारो स्थितिमा पनि आफ्ना सदस्यहरूलाई खुसी बनाएर नीतिमा, विधिमा, सिस्टममा आफ्ना कामहरू गरिरहेका छन् । केही सहकारी संस्थाका कर्मचारीले काम गर्ने तौरतरिका नमिलाउँदा, एकै सदस्यलाई बढी लगानी गर्दा र यो अप्ठ्यारो स्थितिको पूर्वअनुमान गर्न नसक्दा संस्थाले लगानी गरेका सदस्यहरूको व्यवहार, सोच, संस्थासँगको सम्बन्ध राम्रो हुँदाहुँदै पनि विश्व अर्थतन्त्रमा परेको प्रभाव, नेपालभित्र देखापरेका अनेकन समस्याहरूको बीचमा सदस्यहरूको रोजगारी गुमेको छ, आम्दानी घटेको, सदस्यहरू अप्ठ्यारोमा परेको स्थिति छ । उहाँहरू राम्रो हुँदाहुँदै पनि संस्थामा नियमित बचत गर्न सक्नुभएन, लगेको ऋण फिर्ता गर्न सक्ने स्थिति रहेन, त्यो भइसकेपछि सिङ्गो संरचनामा केही समस्या देखिएको स्थिति हो । यो स्थितिमा हामीले अभियानको तर्फबाट जहाँ जहाँ समस्या परेको छ, त्यहाँ पुगेर परामर्श गर्ने, भेट्ने, परामर्श दिने, योजना बनाउन सहयोग तथा समन्वय गर्ने काम भइरहेको छ । जहाँ हामीसँग समन्वय भएको छ, जहाँ हाम्रा कुरा सुनेर मनन गर्नुभएको छ, ती संस्थाहरूले अप्ठ्यारो भए पनि 'रिकभर' गर्दै योजना बनाएर अगाडि बढ्नुभएको छ । सहकारीलाई जोगाउने, बचाउने, सदस्यहरूलाई आश्वस्त बनाउने खालको भूमिका संघ संस्थाहरूले



गर्नुपर्छ, नेफ्स्कून र काठमाडौं बचत संघको तर्फबाट मैले भनिरहँदा पनि त्यो खालको मार्गनिर्देशन सदस्यहरूको बीचमा जारी गरेको अवस्था छ ।

काठमाडौंभित्र समस्याहरू केही बढी देखिएका छन् । तर सबै सहकारीमा समस्या होइन । केही संस्थामा तरलताको चाप बढेको छ । हामीले ती संस्थाका जिम्मेवार व्यक्ति, व्यवस्थापकसँग बसेर छलफल गरिसकेपछि उहाँहरूले आफ्ना योजनाहरूमा सुधार गर्नुभएको छ, सदस्यहरूसँग सम्बन्ध विकास गर्नुभएको छ । सदस्यहरूको विश्वास आर्जन गर्नुभएको छ, सदस्यहरूले पनि धैर्यता बढाउनुभएको छ । संस्था सञ्चालनमा सहजता आएको छ । तर कतिपय संस्थामा कठिनपूर्ण अवस्था छ, ती संस्थाहरूलाई पनि हामीले धैर्य गर्नका लागि अनुरोध गरेका छौं । उहाँहरूसँग अभियानको तर्फबाट हामी नियमित सम्पर्कमा छौं, पछिल्लो समय केही मिडियामा देखिएको जस्तो भद्रगोलको स्थिति छैन । विश्वव्यापी रूपमै परेको समस्याले गर्दा सहकारीभित्र समस्या देखिनु, सुनिनु जस्ता विषयलाई सामान्य रूपमा लिनुपर्छ । काठमाडौंभित्र केही समस्यामा रहेका संस्थाहरूमा पनि हिजोको भन्दा स्थिति सुध्रिएर गएको छ । अभियानबाट नियमिति रूपमा सहकारीकर्मीहरूसँग छलफल गर्ने, परामर्श दिने र उत्प्रेरणा जगाउने खालको भूमिका भइरहेको छ । त्यस्तो डराइहाल्नुपर्ने स्थिति काठमाडौंमा अहिले छैन ।

## सहकारी संरक्षणमा को जिम्मेवार छ भन्ने लाग्छ ?

सहकारी संरक्षणमा राज्यको भूमिका महत्वपूर्ण हुन्छ । सहकारी जन्माउने, हुर्काउने काम गर्‍यो, त्यसपछि संरक्षण गर्ने जिम्मेवारी पनि राज्यको हो । तर हरकुरामा राज्यतिरै फर्किनुपर्छ भन्ने होइन, यो सहकारीका वेश लाइनहरूः सहकारीका जिम्मेवार सञ्चालक, व्यवस्थापक र आवद्ध सदस्यहरूले पनि थाहा पाउनुपर्‍यो । सहकारी खोल्नुको मुख्य उद्देश्य के थियो ? भन्ने विषयमा हामीले बुझाएर लानुपर्छ । राज्यले गरिदिन्छ, राज्यले पैसा दिन्छ भन्ने हिसाबले भन्दापनि हामीले गर्नुपर्ने कामहरू हामीले गर्नुपर्छ भन्ने नै हो । सहकारी सञ्चालनको क्रममा रहेका यी मुख्य तीनवटा वेसलाईनहरूः एकले अर्कालाई सहयोग गर्ने कुराहरू, सुशासनमा बस्ने कुराहरू, जिम्मेवारी लिने कुराहरू, यसलाई समातेर जसले काम गर्नुभएको छ । ती संस्थाहरूमा समस्या छैन ।

उद्देश्यबाट विचलित भएका र अलि बहकिएर संस्था सञ्चालन गरेकाहरूमा समस्या छन्, त्यसो भनेर ती संस्थाहरूलाई पनि यत्तिकै छोड्न मिल्दैन । अभियानले ती संस्थाहरूलाई पनि सँगसँगै लिएर अगाडि बढ्छ । हाम्रो सहजीकरण निरन्तर रहिरहेको छ । राज्यले अरू भन्दापनि संरक्षण गर्ने हो, कानुनका कुराहरूलाई सजिलो बनाइदिने हो । अहिले सहकारी ऐन, २०७४ र नियमावली, २०७५ जे जस्तो आएपनि अभियानले स्वीकारेको अवस्था छ । त्यो भित्र रहेका कार्यान्वयन हुनुपर्ने विषयहरू सरकारको तर्फबाट त्यति धेरै पहलकदमीहरू भएको छैन । त्यो अत्यन्त चिन्ताको विषय छ ।

सहकारी ऐनलाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याउनुपर्छ भन्ने अभियानको माग हो । तर कानुन पारित भईसकेपछि त्यसभित्रका अन्तरबस्तुहरू र कार्यान्वयन गर्नुपर्ने विषयहरूमा ढिलासुस्ती गर्नुहुँदैन भन्ने हो । ऐन कार्यान्वयन हुनुपर्ने विषयमा सरकार मौन छ, उदासिन छ । हामी अभियानको तर्फबाट सामुहिक रूपमा प्रतिबद्ध छौं, जिम्मेवार बन्न पर्‍यो । हामी हाम्रो सहकारी आफैं बनाउँछौं, आफै बनाउँछौं भन्ने ठाउँमा पुग्नुपर्छ । अहिले परिस्थिति केही असहज छ, खर्च कम गर्ने, नियन्त्रण गर्ने यसले पनि अप्ठ्यारो स्थितिमा सहकारी जोगिएर जान्छ । स्थिति संग्लिएपछि समस्या हुँदैन । अप्ठ्यारो स्थितिमा हामीले नियन्त्रण गर्नुपर्छ, आफै सम्हालिनुपर्छ । आफ्नो टिमको बीचमा विश्वासको वातावरण बनाउनुपर्छ । काठमाडौं भित्र हामीले ११ वटै स्थानिय सरकारसँग भेट्ने छलफल गर्ने गरेका छौं । अब डरलाग्दो अवस्थामा नयाँ सहकारी दर्ता हुने कामलाई रोक्नुपर्छ भनेका छौं । भएकाहरूलाई अनुगमन गर्ने, प्रोत्साहन गर्ने, संरक्षण गर्ने, सहजीकरण गर्ने काम पनि राज्यले गर्नुपर्‍यो ।

## सहकारीप्रति जनविश्वासको कमी मुख्य समस्या हो भनिएको छ, यसप्रति यहाँको विचार के छ ?

सदस्यहरूमा सहकारीप्रतिको विश्वासमा कमी आएको भन्ने जुन अफवाह फिँजाइएको छ, त्यो वास्तवमै अफवाह हो । हिजोका दिनमा सहकारीले सदस्यहरूको हरेक समस्याको सम्बोधनमा साथ दिएको थियो । त्यसलाई भुलेर आज स सानो समस्या सहकारीमाथि आइपर्नासाथ सदस्यहरूमा अविश्वास बढ्नु भनेको गलत हो । हिजो सदस्यलाई अप्ठ्यारो पर्दा त्यहि सहकारीले रोजगारीको अवसर प्रदान गर्‍यो, तिनका छोराछोरी पढाउन, जग्गाजमिन किन्न, व्यापार व्यवसाय शिक्षा, स्वास्थ्य हरेक दुख सुखमा सहकारीले गरेको थियो, कसैले पत्याएको थिएन कुनै बैंक वित्तीय संस्थाले नपत्याइरहेको अवस्थामा सहकारीले आफ्ना सदस्यहरूमाथि धेरै विश्वास गर्‍यो, सदस्यहरूलाइै धेरै विश्वास गर्दाको परिणाम पनि आजको समस्या सृजित हुनुमा जिम्मेवार बन्यो ।

हिजोका दिनमा भावनामा बगेर, व्यवहारमा लचकता अपनाएर सहकारीले सदस्यहरूमाथी जुन खालको भूमिका निर्वाह गर्‍यो, त्यसप्रति आज सदस्यको विश्वास घट्नुपर्ने कहि कतै देखिंदैन । सहकारीमा अविश्वास गर्नुपर्ने केही कारण छैन । हरेक सदस्यले आफ्ना अप्ठ्यारामा सहकारीले गरेको सहयोग एकपटक स्मरण गर्नुहोस् ।

## तेस्रो राष्ट्रिय सहकारी महासम्मेलन सम्पन्न

# सहकारीलाई स्वनियमनमा सञ्चालन गर्न प्रधानमन्त्री प्रचण्डको निर्देशन




तेस्रो राष्ट्रिय सहकारी महासम्मेन ११ बुँदे घोषणापत्र जारी गर्दै चैत्र २५ गते सम्पन्न भएको छ । राष्ट्रिय सहकारी महासंघ र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको संयुक्त आयोजनामा भएको सम्मेलनको उद्घाटन चैत्र २३ गते प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले र समापन नेकपा एमालेका अध्यक्ष एवम् पूर्व प्रधानमन्त्री केपी वलीले चैत्र २५ गते गर्नुभएको थियो ।

महासम्मेलन उद्घाटन सत्रलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले स्वनियमनमा चल्न र सुशासन कायम गर्न सहकारीहरूलाई निर्देशन दिनुभएको थियो । सहकारीको दिगोपनः स्वनियमन र सुशासनको सहकारी नारा प्रति इंगित गर्दै प्रधानमन्त्रीले सहकारीमा स्वनियमन नारामा मात्र सीमित नराखेर व्यवहारमा लागु गर्नुपर्नेमा जोड दिनुभएको थियो । उहाँले राष्ट्रिय अर्थतन्त्रमा सहकारीको भूमिका महत्वपूर्ण रहेको भन्दै सहकारी स्वनियमनमा रहेर सञ्चालन गर्न निर्देशन दिनुभएको हो । उहाँले भन्नुभयो, पछिल्लो समय सहकारीको काम कारबाहीमा केही प्रश्न उठिरहेको छ, सहकारी संस्थाप्रति उठेका सवालहरूको विषयमा विस्तृत छलफल गरेर महासम्मेलनले समस्या समाधानमा ठोस निश्कर्ष निस्किनुपर्छ ।" अहिले सहकारीमा देखिएको समस्याहरूको कारण आम नागरिकहरू प्रभावित छन्, यस चुनौतीपूर्ण अवस्थाबाट बाहिर निस्कन यो महासम्मेलन उपलब्धिमुलक बन्नुपर्छ, सहकारीलाई उत्पादन र श्रमसहकारीमा रूपान्तरण गर्नु पर्छ', प्रधानमन्त्री दाहालले भन्नुभयो । वित्तीय क्षेत्रमा देखा परेको तरलताको प्रभाव सहकारीमा पनि देखिएको बताउँदै बचतकर्ताको पैसा सुरक्षित राख्नु पर्ने हामी सबैको दायित्व भएको उहाँले बताउनुभयो ।

कार्यक्रममा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव डा. दामोदर रेग्मीले सहकारी क्षेत्रलाई नयाँ उचाईमा पुऱ्याउन महासम्मेलन कोशेढुंगा सावित हुने विचार व्यक्त गर्नुभयो ।

यस्तै कार्यक्रममा बोल्दै राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कडेलले सहकारी क्षेत्रमा सुधारको संकेत देखिएको बताउनुभयो । उहाँले विगत लामो समयदेखि सहकारीमा समस्या देखिएपनि पछिल्लो समय भने विस्तारै सुधारको संकेत देखिएको छ, उहाँले भन्नुभयो तीन दिनसम्म चल्ने महासम्मेलनमा सहकारी संस्थाका विगतहरूलाई संस्थागत गर्नका लागि चाल्नुपर्ने कदमहरू र नेपालको सहकारीको आगामी दिशाको विषयमा चर्चा हुनेछ ।

'तीन दिनसम्म सहकारीको स्वनियमन र सुशासनको विषयमा पनि छलफल हुनेछ । विश्वव्यापी रूपमा देखिएको आर्थिक समस्या र यसले सहकारी क्षेत्रमा देखिएको समस्या समाधानका लागि निश्कर्ष निकालिनेछ । सहकारीमा प्रविधिको प्रयोग कसरी गर्न सकिन्छ, सहकारीको योगदान र आगामी दिनहरूमा सहकारीलाई कुन गन्तब्यमा पुऱ्याउन सकिन्छ भन्ने विषयमा चर्चा हुने', अध्यक्ष कडेलले बताउनुभयो ।


कार्यक्रममा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले उद्‌घाटन सत्रमा नेपालको अर्थतन्त्र र सहकारीको विषयमा मुख्य वक्ताको रूपमा सम्बोधन गर्नुभएको थियो । गभर्नर अधिकारीले सहकारीमा दोस्रो तहको नियामक निकाय आवश्यक रहेको बताउनुभयो । गभर्नर अधिकारीले सहकारी क्षेत्रमा केही सिमित सहकारीको गल्तिका कारण समग्र सहकारी क्षेत्र नै बदनामी भएको बताउँदै सहकारी क्षेत्रले सिमान्तकृत वर्गको स्तर सुधारका लागि धेरै राम्रो काम गरेको छ, उहाँले भन्नुभयो, सरकारले सहकारी क्षेत्रमा बजेट विनियोजन गरी सिमान्तकृत वर्गले पाउने हिसाबले काम भइरहेको छ ।

'केही सिमित कमीकमजोरी र फ्रडका घटनाहरूले सहकारीप्रति अविश्वास भएको छ तर समग्रमा सहकारी क्षेत्रले सर्वसाधारणको जीवनस्तर सुधारमा प्रभावकारी काम गरेको छ', उहाँले भन्नुभयो । कार्यक्रममा अन्तर्राष्ट्रिय सहकारी महासंघका अध्यक्ष एरियल ग्वार्कोले भर्चुअल रूपम महासम्मेलनलाई सम्बोधन गर्नुभएको थियो ।

चैत्र २३ देखि शुरू भएको महासम्मेलन २५ गते सम्पन्न भएको थियो । तीन दिवसीय उक्र सम्मेलनमा विभिन्न ११ विषयवस्तुहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषय विज्ञबाट कार्यपत्र प्रस्तुत भएका थिए । महासम्मेलनमा ७० जिल्लाका करिब १ हजार सहकारी प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

महासम्मेलन समापन समारोहलाई सम्बोधन गर्दै पूर्व प्रधान मन्त्री वलीले देशमा अर्थतन्त्र संकटमा पर्दा त्यसलाई जोगाउने सहकारी भएको बताउनुभयो । सहकारी अगाडि बढ्न सदस्यहरूको विश्वास बढ्नुपर्ने भन्दै अध्यक्ष ओलीले सहकारीले प्रतिफल प्राप्त हुनेगरि काम गर्नुपर्ने सुझाव दिनुभएको थियो ।

'अहिले सहकारी जति बदनामी भएको छ, अब बदनामी हुन नपायोस्, उहाँले भन्नुभयो । कृषिमा बढी जनसंख्या हुने, जमिन नहुने, भएका परम्परागत खेती गर्दा कृषि उत्पादन हुन नसकेको उहाँले बताउनुभयो । 'ठूला बैंक, व्यापारी, उद्योगी समस्यामा भएकाले साना पूँजी भएका सहकारी पनि समस्यामा छन्, अब सहकारीले एकीकृत जग्गा विकास गरी उत्पादन गर्नेतर्फ जोड दिनुपर्छ, उहाँले भन्नुभयो ।



सहकारी विभागका रजिष्ट्रार नमराज घिमिरेले सहकारीको ऋण तिर्न पर्दैन भन्दै अफवाह फैलाउनेहरूलाई कानुनी कठाघरामा ल्याईने बताउनुभयो । सहकारी ऐन नियममा भएका व्यवस्थाहरूलाई कार्यान्वयन गरी सहकारीलाई व्यवस्थित गर्न विभाग तयार रहेको प्रतिवद्धता उहाँले व्यक्त गर्नुभयो । सहकारी खतराको डिलमा नपरेको भन्दै विश्वासलाई डग्मगाउन नदिनकालागि सहकारी अभियान्ताहरूलाई सचेत भएर लाग्न आग्रह गर्नुभएको थियो ।

तीन दिवसीय महासम्मेलन ११ बुँदे काठमाडौं घोषणापत्र जारी गर्दै सम्पन्न भएको थियो ।



# काठमाडौं घोषणा पत्र २०७९

राष्ट्रिय सहकारी महासंघ लि. नेपाल तथा भूमि व्यवस्था सहकारी तथा गरीबी निवारण मन्त्रालयको संयूक्त तत्वावधानमा "सहकारीको दिगोपनका लागि स्वनियमन तथा सुशासन" थिमका साथ मिति २०७९ चैत्र २३ देखि २५ गतेसम्म काठमाण्डौमा आयोजित "तेश्रो राष्ट्रिय सहकारी महासम्मेलन" मा सहभागी हामी सहकारीकर्मी तथा सरोकारवाला निकायका प्रतिनिधिहरूले दिगो एवं मर्यादित सहकारी अभियानको प्रवर्द्धन गर्दै "समृद्ध सहकारीः सन्तुष्ट सदस्य" को परिकल्पना साकार पार्ने उच्च संकल्प सहित यो घोषणापत्र जारी गर्दछौं ।

१. सहकारी सिद्धान्त,मूल्य,मान्यता र विधिको परिपालना गरी सहकारीको पहिचान स्थापित गर्न सहकारी संस्थाहरूमा स्वनियमन र सुशासन कायम गर्दै सदस्य केन्द्रित व्यवसायको माध्यमबाट गुणात्मक सहकारी अभियान निर्माणमा प्रतिबद्ध छौं ।

२. सदस्यको वचतको सुरक्षाका लागि सहकारी क्षेत्रमा विश्वास अभिवृद्धि गर्न राष्ट्रव्यापी रूपमा जागरण अभियान सञ्चालन गर्न प्रतिबद्ध छौं ।

३. सहकारी क्षेत्रको दिगोपनका लागि कानुनले परिकल्पना गरेका प्रवर्द्धनात्मक व्यवस्था कार्यान्वयनका लागि आवश्यक पहलकदमी गर्न प्रतिबद्ध छौं ।

४. अर्थतन्त्रमा देखा परेका समस्याका कारण सहकारी क्षेत्रमा सृजना भएको तरलता संकुचनको समस्या समाधानार्थ तिनै तहका सरकारको तर्फबाट सम्बोधन गर्न सामूहिक रूपमा बहस पैरवीका लागि प्रतिबद्ध छौं ।

५. सहकारीको स्वस्थ्य एवं प्रतिष्प्रर्धात्मक क्षमता अभिवृद्धिका लागि एकिकरणलाई अभियानको रूपमा सञ्चालन गर्नुका साथै नवप्रविधिलाई आत्मसाथ गर्दै गुणस्तरीय सेवा प्रवाह गर्न प्रतिबद्ध छौं ।

६. सहकारीको पूँजीलाई उत्पादन, प्रशोधन, बजारीकरण लगायतका मूल्यश्रृत्त्ला विकास मार्फत आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नका लागि ऐन नियमको कार्यान्वयन,अन्तरसम्वन्धित ऐन परिमार्जन गर्न सामूहिक पहलकदमी गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं । सरकार माताहत रहेका कोषहरू सहकारी वैंक मार्फत सहुलियतपूर्णरूपमा लगानी गर्न तथा उच्चतम प्रविधि अपनाउन सामूहिक पहलकदमी गर्नेछौं ।

७. दिगो विकासका लक्ष्य प्राप्तिका लागि सहकारी संघ संस्थामा महिला तथा लैंगिक समानता, युवा तथा सिमान्तकृत वर्ग विच सामाजिक समावेशीता कायम गर्दै वित्तिय पहुँच वृद्धि एवं क्षमता विकास गर्न आवश्यक नीति निर्माण कार्यान्वयन र नेतृत्व तहमा सहभागिता अभिवृद्धि गर्नेछौं ।

८. वदलिदो प्रतिप्रर्धात्मक वातावरणमा संस्थागत कार्यक्षमता विकास गर्न आवश्यक दक्षजनशक्ति निर्माण गर्न औपचारिक शिक्षामा सहकारी विषय अध्ययन अध्यापन गराउन तथा सहकारीमा क्षमतावान मानव संसाधनलाई आकर्षित गर्दै स्थायित्व कायम गर्न सामूहिक पहलकदमी गर्न प्रतिबद्ध छौं ।

९. वातावरण मैत्री कृषि उत्पादन वद्धि,आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन एवं रोजगारी सृजना गर्न सार्वजनिक, निजी र सहकारी साझेदारी मोडेललाई कार्यरूप दिदै नविन सोच र सृजनात्मकताका आधारमा सहकारी मार्फत कृषि, पर्यटन, जलश्रोत, स्वास्थ्य, शिक्षा, यातायात आदि उद्योगमा लगानी वृद्धि गर्न प्रतिबद्धता व्यक्त गर्दछौं ।

१०. विशिष्टीकृत सहकारी संघ मार्फत वृहत र विशिष्ट उत्पादनको विकाश, कृषि र पशुजन्य क्षेत्रको प्रवर्द्धन एवं ठुला कृषि फार्मको स्थापना, कृषिजन्य बस्तु तथा सेवाको मूल्य तथा आपूर्ति श्रृंखला विकास गरी सहकारीको ब्राण्ड प्रवर्द्धन गर्नेछौं ।

११. सहकारी क्षेत्रको तथ्यांक अद्यावधिक गर्ने, सहकारीको अध्ययन अनुसन्धानमा लगानी वृद्धि गरी समग्र अर्थतन्त्रमा सहकारी क्षेत्रको योगदानको मापन गर्ने प्रणाली विकासका लागि पहलकदमी लिनेछौं ।

२०७९ चैत्र २५ गते

काठमाडौं

# स्तरीकरण कार्यक्रमले सदस्य केन्द्रीयतामा जोड दिएको छ



**चण्डी प्रसाद शर्मा पौड्याल**
सञ्चालक, नेफ्स्कून
अध्यक्ष, जिल्ला बचत संघ बागलुङ

> जस्तो तरलताको अभाव, सदस्यहरूको विस्वास, सहकारी संस्थामा बचत जम्मा गर्नमा देखिएको हिच्किचाहट, सञ्चालकहरूमा निश्क्रियताको कारण पनि अहिलेको समस्या देखा परेको हो ।

### यतिबेला बागलुङ जिल्लाको सहकारी अभियान कस्तो चलिरहेको छ ?

सहकारी क्षेत्रमा देखिएका समस्या कृत्रिम समस्या हुन् भन्ने लाग्छ । समुदायमा आधारित सदस्य केन्द्रीत भएर सञ्चालित सहकारी संस्थाहरू हिजो आज र भोलि पनि उस्तै छन्, यिनमा कुनै समस्या छैन भने कम्पनीको तरिकाले चलेका सहकारी संस्थामा आएको समस्याले गर्दा केही राम्रा सहकारी संस्थामा पनि समस्या अहिले देखिन थालेको छ । जस्तो तरलताको अभाव, सदस्यहरूको विस्वास, सहकारी संस्थामा बचत जम्मा गर्नमा देखिएको हिच्किचाहट, सञ्चालकहरूमा निश्क्रियताको कारण पनि अहिलेको समस्या देखा परेको हो । बागलुङ जिल्लामा अरू ठाउँको तुलनामा सहकारी धेरै सुरक्षित छन् । धेरै संस्था सदस्य केन्द्रीत र समुदायमा आधारित भएर सञ्चालित छन् । बाहिरबाट गएर सञ्चालित केही संस्थाहरू भागेका कारणले बीचमा केही समस्या देखिएका थिए । तर अभियानका हामी केही व्यक्तिहरू बसेर छलफल गरेपछि त्यो विषय मत्थर भएको स्थिति छ । सुशासनमा चलिरहेका संस्थाहरूमा पनि कहिलेकाही यो हल्लाले प्रभाव पार्न सक्छ । तरलता अभाव भएको छ भन्ने हल्ला, सहकारीहरू विग्रिरहेका छन् भने अफवाह, फेसबुक आक्रमण, ऋण तिर्नु पर्दैन भनेर होहल्ला गर्ने ठगहरूको संगठन बन्दै जाने कुराले सदस्यहरूमा भयको अवस्था सिर्जना भएको थियो । त्यो भय अर्थात सदस्यहरूमा व्याप्त डरलाई अन्त्य गर्न संस्थागत प्रयासहरू आवश्यक छन् । संस्थाप्रति भयरहित बातावरण सृजना गर्न र तरलता अभावको अवस्था आइपरेमा त्यसको तत्काल समाधानका लागि तुरुन्तै सपोर्ट गर्नका लागि जिल्ला बचत संघ भित्र क्विक रेस्पोन्स टीम गठन गरेका छौं । उनीहरूलाई चाहिने पैसाको व्यवस्थाका लागि केही सहकारी संस्थाहरूले पैंचो बचत भन्ने एउटा बचत सृजना गरेर क्विक रेस्पोन्स फण्ड निर्माण भएको छ, जसले अप्ठ्यारो परेका संस्था, जुन सुशासनमा चलेका छन्, काम गर्दा गर्दै पनि तरलताको व्यवस्थापन गर्न नसकिरहेको अवस्थामा छन्, त्यस्ता संस्थाहरूको साख जोगाउन, अभियानको साख जोगाउन यसले मद्दत गरेको छ ।

२ करोड रूपैंयाको फण्ड बनेको छ । यो फण्डबाट जिल्लामा अप्ठेरोमा परेका ५ वटा संस्थालाई सहयोग गरिसकेका छौं । त्यसलाई व्यवस्थित गराएर अगाडि बढाइरहेका छौं ।

### सहकारीलाई सुशासनमा ल्याउन जिल्ला बचत संघको भूमिका के छ ?

यतिबेला बागलुङ जिल्ला बचत संघ र नेफ्स्कूनबीच साझेदारीका कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । जिल्ला संघ साझेदारी कार्यक्रम अन्तर्गत साकोस स्तरीकरणका कार्यक्रम सञ्चालनरत छन् । जोखिममा आधारित साकोस सुपरिवेक्षण कार्यक्रम अन्तर्गत कर्ब्समा १० वटा संस्था आवद्ध छन्, पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम प्रोबेसनमा एउटा संस्था आबद्ध छ, र ३/४ वटा संस्था आवद्धताको तयारीमा

छन् । एशियाली स्तरको गुणस्तर सुनिश्चितताको कार्यक्रम एक्सेसमा एउटा सिवाइसी साकोस आवद्ध छ ।

नेफ्स्कून र जिल्ला बचत संघ मिलेर केही समय अगाडि १९ वटा सहकारी संस्थाहरूको स्थलगत अनुगमन गरेर पृष्ठपोषण दिने र देखिएका समस्याहरूलाई समाधान गर्न तुरून्तै अन द स्पोर्ट ट्रेनिङको आयोजना गरेर सिकायौं, त्यसको अत्यन्त राम्रो प्रभाव पारेको छ । जिल्ला संघ, केन्द्रीय संघको पहुँच नपुगेका केही ठाउँहरूमा पनि हामीले पछिल्लो समय क्रियाशिलता बढाएका छौं । संस्थासंस्थामा गएर नीतिगत व्यवस्थाको अभ्यास, सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको भूमिका तथा क्रियाशिलताको बारेमा पनि बुझेर त्यसका लागि तालिम शिक्षा तथा क्षमता अभिबृद्धिका कार्यक्रमहरू गर्ने निर्णय गरेका छौं । ६६औं राष्ट्रिय सहकारी दिवसको अवसर पारेर सहकारीका लेखा सुपरिवेक्षण समितिका संयोजक र सदस्यहरूलाई क्षमता अभिवृद्धिको तालिम सञ्चालन गरेका थियौं ।

### साकोसको स्तरीकरण तथा गुणस्तर सुधारका लागि संघ साथै केन्द्रीय संघको भूमिकामा कस्तो परिवर्तन गर्नुपर्ने आवश्यकता देख्नुहुन्छ ?

स्तरीकरण कार्यक्रमका सहभागी संस्थाहरूमा परिवर्तन आएको छ । कार्यक्रममा आबद्ध हुनासाथ सबै सूचकहरूमा सुधार भइहाल्ने भन्ने होइन, क्रमिक रूपमा निर्देशित मापदण्ड अनुरूप संस्था सञ्चालन गर्दै जाँदा सूक्ष्म ढंगले संस्था सञ्चालन प्रक्रिया, तौरतरिका र नीति विधिको परिपालनामा सुधार हुँदै जान्छ । वित्तीय तथा अन्य सूचकमा देखा पर्ने सुधार र परिणामका लागि धैर्य सँगसँगै क्रियाशिलता जरूरी हुन्छ । साथै साकोसको अनुगमन तथा अन साईट भिजिट बारम्बार भइरहयो भने त्यसले पनि संस्थामा छिटो सुधार ल्याउन मद्दत मिल्छ । जोखिम सुपरिवेक्षण कार्यक्रममा सहभागी भई राम्रो अभ्यास गरिरेहका साकोसहरूका लागि पनि ब्राण्डिङ गर्नुपर्ने आवश्यकता भएको छ । बागलुङका जतिपनि स्तरीकरण कार्यक्रममा सहभागी नभएका संस्थाहरू छन्, तिनीहरू दुई पाँच सय सदस्यहरूमा रमाउने, ब्राण्डका कार्यक्रममा ध्यान नदिने, ग्रोथलाई महत्व नदिने खालका थिए । आज सिवाइसी साकोस ब्राण्ड प्राप्त नगरेपनि ब्राण्ड प्राप्त गर्ने लाइनमा बसेको छ । त्यसले गर्दा हामीमा सदस्य बृद्धि, वासलातमा बृद्धि सँगसँगै सदस्य सन्तुष्टी नै संस्थाको खुसी हो भन्ने कुरा हामीले सिकेका छौं । कतिपय स्तरीकरण कार्यक्रममा नगएकाहरूले आफ्नो खुसी नै संस्थाको खुसी हो भन्ने बुझ्छन् भने सदस्य केन्द्रीत हुने कुराहरू स्तरीकण कार्यक्रममा गएकाहरूले सिक्ने सिकाउने बातावरण बनेको छ, यसबाट नेफ्स्कूनको पनि एउटा राम्रो छवि बनेको छ । साकोस स्तरीकरण कार्यक्रम, सहकारीका समसामयिक विषहरूसँग नियमित छलफल र अन्तरिक्रिया जस्ता विषयहरूमा नेफ्स्कूनको भूमिका निरन्तर रहिरहेको छ तर पनि संकटग्रस्त अवस्थामा नेफ्स्कूनको भूमिकाको अपेक्षा सदस्यहरूले अझै बढी गरिरहेको मैले महशुस गरेको छु । नेफ्स्कून अझ क्रियाशिल भएर संकटमा परेका संस्थाहरूलाई कसरी व्यवस्थापन गर्न सकिन्छ भन्नेतर्फ सोच्नुपर्छ भन्ने लाग्छ ।

### अन्त्यमा

यो संकटको घडि हो । यो समयमा संस्था आफै पनि सञ्चालन हुन र अगाडि बढ्न त सक्छन् तरपनि सुरक्षा महत्वपूर्ण कुरा हो । सहकारी अथवा वित्तीय संस्थाप्रति जुन नकारात्मक भ्रमहरू फैलाएको छ, राज्यको तर्फबाट, अभियानको तर्फबाट त्यसलाई सुरक्षाको प्रत्याभूति दिनुपर्छ । सुरक्षाको प्रत्याभूति दिने हो भने ३० हजार संस्थामा एक सय संस्था बदमास निस्केका होलान् । तर अरू सबै जनालाई एकैठाउँमा मिसाएर हेरिनु हुन्न, राज्यको तर्फबाट सुरक्षाको प्रत्याभूति हुनुपर्‍यो र यो बेलामा सहकारीले पनि सदस्यसँग बढी घुलमिल गर्ने, वित्तीय साक्षरताका कक्षा सञ्चालन गर्ने, युवा लक्षित कार्यक्रमहरू गर्ने भनेर देशभरि वित्तीय साक्षरताका कक्षाहरू पनि सञ्चालन भएका छन्, त्यो राम्रो भएको छ । वास्तवमै भन्ने हो भने, सहकारी संस्थामा कुनै समस्या छैन, मात्र विश्वासको अभाव भएको हो । हामीले सहकारी कसले सञ्चालन गरेको छ, कोषको अवस्था के छ, संस्थाको अवस्था कस्तो छ, कार्यक्षेत्र के हो र लगानीको विषयमा सदस्यलाई सचेत गराउन सकेमा यो समस्या क्रमश घट्दै जान्छ, र पछिल्लो समय त्यस्ता समस्याहरू न्यून पनि भएका छन् र सदस्यहरूमा जाकरूकता पनि आएको छ ।

**Be READY to fight**
**#coronavirus**
Be **SUPPORTIVE** Be **CAREFUL** Be **Alert** Be **KIND**
*For the latest health advice, go to:* **www.who.int/COVID-19**

# सहकारीलाई व्यवस्थित गर्न छुट्टै ऐन आवश्यक




पूर्व अर्थमन्त्री डा. युवराज खतिवडाले सहकारीलाई नियमन गर्न छुट्टै ऐन आवश्यक भएको बताउनुभएको छ । काठमाडौंमा चैत्र २३ देखि २५ गतेसम्म सञ्चालित सहकारी महासम्मेलनमा आफ्नो विचार राख्दै डा. खतिवडाले राष्ट्र बैंकले सहकारीलाई नियमन गर्ने कुरा असम्भव भएको भन्दै छुट्टै सहकारी ऐन र छुट्टै नियामक निकायको स्थापना गर्नुपर्नेमा सुझाव दिनुभयो । सहकारी अभियान अन्तर्गत बचत तथा ऋण सहकारी संघ संस्थाहरूको नियमन र प्रभावकारी सञ्चालनका लागि बचत तथा ऋण सहकारी सम्बन्धी छुट्टै ऐनको माग भइरहेका बेला डा. खतिवडाले सहकारी क्षेत्र व्यवस्थापनका लागि छुट्टै ऐनको आवश्यकता महशुस गरिएको अभिव्यक्ति दिनुभएको हो ।

सबैभन्दा ठूलो संख्यामा रहेको बचत तथा ऋण सहकारीको प्रभावकारी र व्यवस्थित सञ्चालनका लागि अभियानबाट विगत लामो समयदेखि छुट्टै सहकारी ऐन निर्माणका लागि सरकारसँग लबिङ समेत भइरहेको छ ।

महासम्मेलनमा अष्ट्रेलियाकी बिजनेस काउन्सिल अफ को–अपरेटिभ म्युचियल प्रमुख कार्यकारी अधिकृत मेलिना मोरिसनले सहकारीको सहकार्यले देशको आर्थिक विकाससँगै देशको जिडीपीमा समेत ठूलो योगदान पुग्ने बताउनुभयो । उहाँले सहकारीको सहकार्यले देशको दिगो आर्थिक विकास सम्भव हुने बताउनुभयो ।

आइसिए एपीका क्षेत्रीय निर्देशक बालु एयरले पछिल्लो समय सहकारीमा देखिएको समान सहकार्यको सिद्धान्तले महिलाहरूमा समेत राम्रो प्रभाव पारेको बताउनुभयो ।

उहाँले सहकारी अभियान्तामा विचलन आउँदा पछिल्लो समय सहकारीमा समस्या आएको धारणा व्यक्त गर्दै सहकारीमा विचलन नभइ एकताको खाँचो रहेको बताउनुभयो । सहकारीहरू स्वनियममा सञ्चालन हुने संस्था भएकाले सरकारले सहकारीमा आएको समस्याको सहजिकरण मात्र गर्नुपर्ने तर नियन्त्रण र निर्देशनको आवश्यकता नपर्ने भनाई राख्नुभयो ।

भारतको राष्ट्रिय सहकारी विकास निगमका एमडी पंकज कुमार बंशलले सहकारीलाई विश्वासनिय बनाएर स्वनिमयमा चलाउनु पर्नेमा जोड दिनुभयो । सहकारी स्वनियममा नरहँदा सहकारीको विश्वासनियता माथि ठुलो चुनौती आएको उहाँको भनाई थियो । सहकारीमा समान सहकार्यले नेतृत्वको विकाससँगै मुलुकको दिगो विकासमा समेत योगदान पुऱ्याएको उल्लेख गर्नुभयो ।

विहिबारबाट सुरू भएको महासम्मेलन शनिवारसम्म सञ्चालन हुनेछ । कार्यक्रममा विभिन्न राष्ट्रका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषय विज्ञहरूबाट ११ वटा विषयमा कार्यपत्र प्रस्तुत हुनेछन् । महासम्मेलनमा ७० जिल्लाका करिब १ हजार जनाको सहभागिता रहेको छ ।



# सदस्यको विश्वास पुनर्जागृत गराउनु जरुरी छ



**बचत तथा ऋण सहकारी अभियानको नेतृत्व तहमा रहेर लामो समय सेवा क्षेत्रमा काम गर्नुभएका काठमाडौं जिल्ला बचत संघका पूर्व अध्यक्ष एवम दुर्गाभवानी बचत तथा ऋण सहकारी संस्था लि. का निवर्तमान अध्यक्ष शम्भू घिमिरेसँग अभियानभित्रको औपचारिक अनौपचारिक भूमिकाबारे गरिएको कुराकानीको सारसंक्षेपः**

**शम्भु घिमिरे**
**पूर्व अध्यक्ष, कास्कून**
**निवर्तमान अध्यक्ष दुर्गाभवानी साकोस**
**धुम्बाराही, काडमाडौं**

> विश्व आर्थिक मन्दीका समाचार, बैक वित्तीय क्षेत्रमा देखिएको तरलता अभाव अन्तर्राष्ट्रिय बैंकहरू डुवेका समाचार, एकादुई सहकारीका सञ्चालकले गरेको बदमासी, सहकारी संरक्षणमा राज्यको उदासिनता, छिटपुट रूपमा सतहमा आएका सहकारी संस्था बन्द, सहकारीले सदस्यको बचत फिर्ता गर्न सकेन भन्ने जस्ता समाचार सहकारीप्रतिको विश्वास कम हुनुमा प्रमुख कारक बनेका छन् ।

सहकारी अभियानभित्र रहेको व्यक्ति ऊ पदमा हुँदा होस् अथवा नहुँदा होस्, सहकारीप्रतिको जिम्मेवारीबोध सँधै भइरहन्छ र हुनुपनिपर्छ । पदमा रहँदा पनि यति उसमा आफू त्यहाँ हुनुको दायित्वबोध हुन सकेन भने पदमा रहनु र नरहनुको कुनै औचित्य हुँदैन । संस्थाप्रतिको दायित्व अथवा जिम्मेवारीपनले नै त्यो संस्थालाई कता लैजाने भन्नेमा महत्व राख्छ । सहकारी अभियान बुझेको मान्छे अभियानबाट कहिल्यै बाहिर हुँदैन, आज म पनि सहकारीभित्रै छु । सहकारीका हरेक गतिविधिलाई नियाल्ने, त्यसका लागि सुझाव परामर्श प्रदान गर्ने भूमिकाबाट टाढा छैन । तर आज सहकारी क्षेत्रमा एकाएक समस्या उब्जिएका छन् । हामीले हिजोका दिनमा सहकारीलाई अत्यन्त सरल ढंगले सोच्यौं भन्ने लाग्छ । सहकारी वित्तीय क्षेत्र हो । वित्तीय क्षेत्र सञ्चालन गर्ने विषय अत्यन्त गम्भिर विषय हो । जुन संस्था सञ्चालनमा ' प्रोफेशनल म्यानेजमेन्ट' हुनुपर्थ्यो, त्यो हुन सकेन । सहकारीले आफ्ना हरेक क्रियाकलापहरू योजनाबद्ध रूपले लान सकेन, वित्तीय योजनाहरू बनेनन् अथवा प्रभावकारी भएनन्, पर्ल्स विश्लेषण प्रणालीले दिएका सूचकहरूको कार्यान्वयन ठीक ढंगले भएन, ऋण लगानी सही ढंगले हुन सकेन, यी यावत विषयले केही सहकारीको प्रभावकारी सञ्चालनमा क्रमभंगता भयो ।

अर्को महत्वपूर्ण पाटो समग्र वित्तीय बजार, समग्र आर्थिक परिवेश, देशको अवस्था, अन्य बाह्य कारणले धेरै प्रभाव पार्दो रहेछ । सानो अर्थतन्त्र भएको हाम्रो जस्तो देशमा बाह्य कारणको पनि धेरै ठूलो प्रभाव रहन्छ । रूस युक्रेन युद्ध, तेलको मूल्य अभिवृद्धि, कोभिड संक्रमणबाट प्रभाव पार्‍यो ।

नेपालमा कोभिड अगावै बैंक वित्तीय क्षेत्रमा पर्याप्त तरलता थियो । कोभिडको समयमा सबैतिर लगानी संकूचन भए पछि खुल्ने वित्तीकै एग्रेसिम्लि जताततै एकसाथ लगानी भयो । त्यसको प्रभाव अहिले देखिएको हो । कोभिडका कारण विश्वव्यापी देखिएको आर्थिक प्रभाव विस्तारै नेपालमा परेका कारण कोभिड पश्चात लगानी भएको क्षेत्रले तत्काल प्रतिफल दिन सक्ने अवस्था रहेन । यसकारण

आर्थिक क्षेत्र समस्याग्रस्त बन्दा सहकारीपनि त्यसबाट अछुतो रहन नसकेको अवस्था हो । सहकारी मात्र होइन यतिबेला बैंक वित्तीय क्षेत्र सबै नै समस्यामा छन् । हिजो सहकारी बन्द भएमा आफ्नो कारोबार बढ्नेथियो भन्ने अस्वस्थ सोच राखेको बैंकिङ क्षेत्रले आज आएर सहकारीको महत्व बुझेको छ । सहकारीले सदस्यका बचत संकलन गरेर ठूलो पूँजी निर्माण गर्दै अन्तत बैंकमै डिपोजिट गरेको थियो । आज सबैतिर समस्या भएपछि सहकारीको बचत संकलनमा पनि कमी आएको छ, त्यसको प्रत्यक्ष असर त बैंकमा पनि परेको छ । समस्या परेपछि मात्र चेत खुल्छ, भनेजस्तै अहिले बैंकिङ क्षेत्रले निक्षेप संकलनमा सहकारीको भूमिका के रहेछ भन्ने कुरा पनि राम्ररी महशुस गरेको छ ।

अर्को कुरा कुनै पनि संस्था राम्रो बन्न सदस्यको विश्वास महत्वपूर्ण पाटो हो । यतिबेला सहकारीप्रति सदस्यको विश्वास घटेको अवस्था छ । सहकारीको बचतलाई सदस्यले निरन्तरता नदिएको कुरा सतहमा देखिएका छन्, यो वास्तविक हो । समग्र सहकारी क्षेत्रमा सदस्यहरूको विश्वासमा कमी आएको छ, त्यो विश्वासलाई हामीले पुनर्जागरण गराउनु जरूरी छ । सहकारीप्रति विश्वासको कमी हुनुमा एउटा पक्ष मात्र जिम्मेवार होइन भन्ने लाग्छ । विश्व आर्थिक मन्दीका समाचार, बैंक वित्तीय क्षेत्रमा देखिएको तरलता अभाव अन्तर्राष्ट्रिय बैंकहरू डुबेका समाचार, एकादुई सहकारीका सञ्चालकले गरेको बदमासी, सहकारी संरक्षणमा राज्यको उदासिनता, छिटपुट रूपमा सतहमा आएका सहकारी संस्था बन्द, सहकारीले सदस्यको बचत फिर्ता गर्न सकेन भन्ने जस्ता समाचार सहकारीप्रतिको विश्वास कम हुनुमा प्रमुख कारक बनेका छन् । सानो मात्रै पनि सहकारीको नकारात्मक कुरालाई सञ्चार माध्यमले व्यापक बनाइदिँदा त्यसको प्रत्यक्ष प्रभाव सहकारीका सदस्यहरूमा परेको छ । तर अब धेरै निराशावादी हुने समय छैन । स्थानीय निकाय, प्रदेश र सरकार सबै ठाउँमा नवनिर्वाचित प्रतिनिधि आइसकेको अवस्था, नयाँ सरकार गठन भएकोले पनि केही न केही उत्साह जागेको अवस्था छ । नेपाल सरकार, नीजि क्षेत्र, नेपाल राष्ट्र बैंक, सहकारी अभियानका नेतृत्व वर्ग, राष्ट्रिय सहकारी महासंघ, नेफ्स्कून, सहकारी बैंक जस्ता लिडिङ अर्गनाइजेशनहरूको एउटा ठोस योजना आयो भने समग्र वित्तीय बजार र सहकारी क्षेत्रको दुःखको दिन हल हुन्छ भन्नेमा पूर्ण विश्वास छ ।

सहकारी क्षेत्र सुदृढ नहुनुमा सरकार पनि प्रमुख जिम्मेवार हो नै । सरकारको तहमा गराउन सक्ने लेभलमा सहकारीका नेतृत्वले पहुँच पुऱ्याउन सकेनन् । अथवा सरकारले यो क्षेत्रलाई अत्यन्तै उपेक्षा गऱ्यो । जबसम्म सरकारले सहकारी क्षेत्रको अपनत्व लिँदैन, सहकारीमा परेका समस्याको रेस्क्यू गर्ने नेपाल राष्ट्र बैंक जस्तो अर्को संयन्त्र बन्दैन तबसम्म सहकारी दिगो रूपले चल्न सक्दैन, यो सत्य हो । अर्को कुरा सहकारी क्षेत्रमा फोर्सफूल मर्जरको नीति आवश्यक छ, यसमा राज्यले गहतापूर्वक सोचेर तत्काल काम गरोस् भन्ने हाम्रो चाहना हो ।

सहकारी क्षेत्रमा यतिबेला ब्याकअप चाहिएको छ । सबै क्षेत्रमा रेस्क्यू आवश्यक छ ।

रेस्क्यू अभियानको नेतृत्वकर्तालाई चाहिएको छ, राष्ट्र बैंकलाई चाहिएको छ, सहकारी बैंकलाई चाहिएको छ र समग्र देशको अर्थतन्त्रलाई रेस्क्यू चाहिएको छ । त्यो रेस्क्यूका लागि के गर्दा उपयुक्त हुन्छ भनेर सहकारी महासंघ, नेफ्स्कून, सहकारी बैंकले यो पहल गर्नुपर्‍यो र अब नेफ्स्कून साकोस बैंक बनाउन लाग्नुपर्‍यो ।

साकोस आवाज
सहकारी सँगै सञ्चार

Like
Comment
Share



कृपया सहकारी समाचारका लागि:
saccosaawaj.coop.np मा जानुहोला ।

यदि तपाईंसँग कुनै समाचार भएमा
saccosaawaj@gmail.com
मा पठाउनुहोला ।










# उपत्यकाका सहकारीकर्मीहरुले माइतीघर मण्डलामा एकसाथ मनाए सहकारी दिवस

नेपालमा सहकारी स्थापनाको ६६औं बर्ष भएको छ । वि. सं. २०१३ चैत २० गते चितवनको बखानपुर ऋण सहकारी संस्थाको स्थापना भइ सहकारी आन्दोलनको सुरूवात भएको दिनलाई स्मरण गर्दै हरेक वर्ष चैत २० गते राष्ट्रिय सहकारी दिवस मनाउने गरिएको हो । २०७९ चैत्र २० गते ६६ औं राष्ट्रिय सहकारी दिवस मुलुकभर विभिन्न कार्यक्रम गरी मनाइयो । सहकारी अभियानको सम्भवतः सबैभन्दा ठूलो पर्वका अवसरमा देशभर नै प्रारम्भिकदेखि केन्द्रीय स्तरका संघ संस्थाहरूले र्‍याली, रक्तदान कार्यक्रम, सरसफाई, गोष्ठी लगायत विभिन्न कार्यक्रम आयोजना गरी दिवस मनाए । राष्ट्रिय सहकारी महासंघको आव्हानमा काठमाडौं, ललितपुर र भक्तपुरले सयुक्त रूपमा र्‍यालीको आयोजना गरी माइतीघर मण्डलामा सहकारी दिवस मनाए । उपत्यका भित्रका तीन जिल्लाले विहान ७ बजे विभिन्न ठाउँबाट शान्तिपूर्ण सहकारी र्‍याली निकालेर माइतीघर मण्डलामा कोषसभा सहित दिवसको भव्य कार्यक्रम मनाएका हुन् ।

६६औं राष्ट्रिय सहकारी दिवसको संयोजक रहेकी महासंघकी बरिष्ठ उपाध्यक्ष ओमदेवी मल्ल र महासंघका अध्यक्ष मिनराज कडेलले माइतीघर मण्डलामा आयोजित कोणसभाको सम्बोधन गर्नुभएको थियो ।

महासंघले उपत्यकाका सहकारीकर्मीलाई आफ्नो रूट अनुसार झाँकी, ब्यानर र प्लेकार्ड सहित प्रभातफेरी गर्दै माइतीघरमा भेला हुन आव्हान गरेको थियो । सोही अनुरूप नेफस्कून, राष्ट्रिय सहकारी बैंक र जिल्ला संघहरूले पनि सहकारी दिवसलाई सफल बनाउन सक्रिय रूपमा सहभागी हुन सदस्यहरूलाई आव्हान गरेका थिए ।

महासंघले हरेक वर्ष चैत्र २० गते सहकारी दिवसका अवसरमा वर्षभरीका लागि नारा तय गर्ने गरेको छ । यो वर्षका लागि 'सहकारीको दीगोपनः स्वनियम र सुशासन' भन्ने थिम तय गरिएको थियो । उक्त आदर्श बाक्य 'सहकारीको दीगोपनः स्वनियम र सुशासन' सहितका व्यानर र प्लेकार्ड लिएर सहकारीकर्मीहरूले दिवस मनाए ।

आज भन्दा ६५ वर्ष अघि अर्थात् २०१३ साल चैत्र २० चितवनको शारदानगरमा नेपालको पहिलो सहकारीका रूपमा बखान ऋण सहकारी समिति स्थापना भएको दिनको सम्झनामा प्रत्येक वर्ष यही दिन राष्ट्रिय सहकारी दिवस मनाउने प्रचलन छ । विकासप्रेमी अगुवा स्वर्गीय बखानसिंह गुरूङको संरक्षकत्वमा बखान ऋण सहकारी समिति गठन भएको थियो । सोही कारण गुरूङलाई नेपालको सहकारी अभियानको जन्मदाता, अगुवा, संस्थापक जस्ता उपमाहरूद्वारा सम्मानभाव प्रकट गरिन्छ ।









# सहकारी कर्जा सुचना केन्द्र छिट्टै आउँछ : सचिव रेग्मी

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव डा दामोदर रेग्मीले ऐनमा नै रहेको सहकारीको कर्जा सुचना केन्द्र, कर्जा असुली न्याधिकरण, बचत तथा कर्जा सुरक्षण कोषको कार्यान्वयनमा मन्त्रालयले प्राथमिकता लिएर अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । ६६ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा राष्ट्रिय सहकारी महासंघले आयोजना गरेको विषेश कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले सरकार र अभियान मिलेर सहकारीमा देखिएका वर्तमान समस्या समाधान गर्ने बताउनुभयो । 'विश्वको अर्थतन्त्रमा परेको असरको प्रभाव नेपालको अर्थतन्त्र र सहकारीमा पनि परेको र त्यसको समाधानका लागि अभियान र सहकारी मिलेर अगाडि बढ्नुपर्छ ।' उहाँले भन्नुभयो । उहाँले सहकारीका कारण स्वरोजगार सिर्जना, उद्यमशिलता विकास, मानव विकास सूचकांकहरू सुधार, गरिबी न्यूनिकरण भएको बताउनुभयो । उहाँले भन्नुभयो, 'जहाँ जहाँ सहकारी आन्दोलन फैलिएको छ, ती सबै ठाउँमा यी सूचकहरूमा सकारात्मक परिवर्तन भएको छ । यो हामीले गर्व गर्ने पर्छ ।' उहाँले एक अर्कालाई दोष दिएर समस्या समाधान नहुने समेत बताए । कार्यक्रममा महासंघका अध्यक्ष मिनराज कडेलले सहकारीको कर्जा सुचना केन्द्रलाई पहिलो प्राथमिकतामा राखेर काम गर्नुपर्नेमा जोड दिनुभयो ।

अध्यक्ष कडेलले सहकारी अभियानलाई दिगो बनाउनका लागि ऐनमा रहेका प्रावधानहरूको कार्यान्वयन गर्नुपर्ने बताउनुभयो । सहकारी विभागका रजिष्ट्रार नमराज घिमिरेले कर्जा सुचना केन्द्रको विषयमा नियमावलीमा रहेका प्रावधान संशोधन गर्नुपर्नेमा जोड दिनुभयो । 'सहकारीको कर्जा सुचना केन्द्र अहिलेकै अवस्थामा आएमा सुचनाको गोपनियताको कुरा कमजोर हुने र सहकारी नै अप्ठ्यारोमा पर्ने देखिन्छ । नियमावलीमा संशोधन गरेर केन्द्र स्थापना गर्नुपर्छ ।' उहाँले भन्नुभयो । उहाँले सहकारी स्वनियमनमा चल्ने संस्था भएकाले सहकारीमा सन्दर्भ ब्याजदर तोक्ने व्यवस्था आवश्यक नभएको बताउनुभयो । सो विशेष कार्यक्रममा सहकारीको दिगोपनाः स्वनियमन र सुशासन भन्ने यस बर्षको थिममा पूर्व सचिव शिशिर कुमार ढुङ्गानाले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उहाँले सहकारीमा सञ्चालक केन्द्रीत हुने नभई सदस्यको भुमिका महत्वपूर्ण हुने बताउनुभयो । सहकारीको आधारभुत चरित्र र मान्यतालाई आत्मसात गर्दै अनियन्त्रित र असान्दर्भिक कार्यशैलीलाई नियन्त्रण गर्नुपर्नेमा उहाँको जोड थियो ।

कार्यक्रममा भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका सचिव डा. दामोदर रेग्मी, महासंघका निवर्तमान अध्यक्ष केशव बडाल, राष्ट्रिय सहकारी विकास बोर्डका सहअध्यक्ष मित्रराज दवाडी, सल्लाहकार रविन्द्र केसी, वरिष्ठ उपाध्यक्ष ओमदेवी मल्ल, सहकारी विभागका रजिष्ट्रार नमराज घिमिरे, उपाध्यक्ष रमेश पोखरेलले सम्बोधन गर्नुभएको थियो ।

# सहकारी अभियान सम्हाल्ने पछिल्लो पुस्ता तयार गर्नुपर्छ



**प्रकाश भुर्तेल**
**सह–सचिव, बुडोल सामुदायिक साकोस बनेपा, काभ्रे**

सहकारीको सुरूवात र विकास त हुँदैगयो तर सहकारी सुरूवात गरेपछि यसको भविष्यप्रति पनि सोच्नु उत्तिकै जरूरी छ । "पूँजी र सदस्यको हिसाबले यति वर्षपछि सहकारीलाई यहाँ पुऱ्याउने" भन्ने रणनीति र त्यसको ग्राफचित्र त धेरैले तयार गर्छन् । सोही बारे बेला बखतमा विभिन्न गोष्ठी तालिम तथा अन्तर्राष्ट्रिय स्तरका सभा सम्मेलनहरू पनि हुने गरेका छन् तरपनि भविष्यमा सहकारी अभियान जिम्मा लगाउने पुस्ता तयारमा भने प्रारम्भिक संस्था, जिल्ला, प्रदेश तथा केन्द्रसम्मै कुनै ठोस योजना, कार्यक्रम र सो अनुसारको तयारी भएको खासै देखिएको छैन । अहिलेनै हेर्ने होभने पनि सहकारी अभियानमा अधिकृत स्तरका दक्ष अनुभवी जनशक्ति खोज्यो भने पाउन मुस्किल छ, योग्य जनशक्ति अभावनै छ । त्यसमाथि सहकारीका कर्मचारीहरूलाई युवा देखेर भोलिका दिनमा सहकारी थेग्ने पुस्ता तयार भयो भनेर भन्न सकिंदैन । अहिलेका युवा कर्मचारीहरू रिटायर्ड हुन्छन् र तिनैले सहकारी अभियान अगाडि बढाउँछन् भनेर ढुक्क भइ बस्नेबेला पनि होइन यो ।

अभियानमा देखिएका अहिलेका सहकारीकर्मी, सञ्चालक र अभियन्ताहरूले आफूपछि यो सहकारी कसलाई जिम्मा लगाउने भन्ने विषयमा अहिलेनै सोच्नु जरूरी देखिन्छ । किनकि देशभरी हरेक सहकारीमा हेर्नेहो भने वर्तमान अवस्थामा सहकारी अभियनमा प्रत्यक्ष जोडिएका वा सक्रिय व्यक्तिहरू ४० वर्ष माथिकै छन् । अधिकांश त ५० माथिका, अझ कति त रिटायर्ड व्यक्तिहरू छन् । "सहकारी रिटाएर्ड लाइफको विश्रामस्थल पनि बन्नु हुँदैन ।" किनकी अघिल्लो पुस्ताबाट समय सापेक्ष परिवर्तन र विकासको अपेक्षा गर्न सकिंदैन । अहिले भइरहेको र देखिएको पुस्तापछि सहकारी कसले थेग्ला, अभियान कसले अगाडि बढाउला भन्ने विषयमा अहिलेदेखिनै बहस चलाउनु र तयारीमा जुट्नु अत्यावश्यक छ जसमा हालसम्म ठोस रूपमा कसैको ध्यान पुगेको अवस्था छैन ।

हालको अवस्थामा देशैभरी सहकारीका सञ्चालक र सहकारीप्रति चासोलिने उमेरसमूह हेर्नेहो भने त्यसभित्र युवा छैनन् वा नगन्य छन् । त्यसका लागि अहिलेदेखिनै तयारीमा जुटिएन भने भोलि कसलाई जिम्मा लगाउने भन्ने चुनौतिको विषय हुनेछ । अहिलेका युवा पुस्तालाई सहकारीप्रति चासो छैन, हामीले समेट्न सकेका पनि छैनौं । लगभग सबै सहकारीहरूमा राजनीतिमा जस्तै बुढा पुस्तानै देखिनु वा "आफू मरेपछि अर्को" भन्ने हिसाबले अगाडि बढ्नु आउँदो दिनको लागि ठूलो समस्या बन्नेछ । अहिलेको सहकारी अभियानमा देखिएको समस्या, गलत प्रचार आदिका कारण आम मान्छेहरूमा सहकारीप्रतिको बुझाइ र हेर्ने दृष्टिकोण फरक त छँदैछ त्यसमाथि अहिलेका पिंढीमा त पहिलेदेखिनै सहकरी प्रतिको लगाव उसैपनि कम छ नै । सरसर्ती हेर्नेहो भने अहिलेका बाल–बालिकाहरूलाई हामी सहकारीमा बाल बचतकर्ता हौं भन्नेसम्म याद छैन, अभिभावकले बचत गरिदिन्छन्, विद्यालयको पढाइ सकेपछि उच्चशिक्षाका लागि विदेशिने वा स्वदेशमै भएपनि सहकारीप्रति चासो नलिने अवस्था छ । यस्तै अवस्थामा अगाडि बढ्नेहो भने आउँदा दिनमा सहकारी सञ्चालन गर्ने मान्छेहरूको खडेरी नपर्ला भन्न सकिन्न । त्यसैले अहिलेदेखिनै बालबालिका र युवाहरूको मन मस्तिष्कमा सहकारी भर्नु आवश्यक छ । सहकारी प्रति उनीहरूको आकर्षण बढाउन, सहकारीप्रतिको माया जगाउन यसको प्रवर्द्धन र विकास हेतु उनीहरूलाई विद्यालयस्तर देखिनै सहकारी शिक्षा तथा सहकारीका विभिन्न गतिविधिमा संलग्न गराई सहकारी सबन्धीको बुझाइ, माया र लगाव स्थापित गर्नु जरूरी छ ।

साथसाथै विद्यालय र कलेज स्तरमा सुरू गरिएको सहकारी विषयलाई समय सापेक्ष प्रविधिसँगै जोडेर अझ परिस्कृत ढंगले विकासगर्दै लानु आवश्यक देखिन्छ । विद्यालय र कलेजका विद्यार्थीहरूलाई सहकारी शिक्षा, यसको महत्व, वित्तीय साक्षरता लगायतका कक्षाहरूका साथमा सहकारी संस्थाहरूमै स्थलगत अध्ययन अवलोकनका लागि सहभागी गराउने गर्दापनि अझ राम्रो हुनसक्छ । त्यस्तैगरी सहकारी संस्थाभित्र बाल क्लव, युवा क्लव गठनगरी सहकारीका हरेक गतिविधिमा विद्यालय स्तरका बालबालिका र त्यसमाथिका युवा युवतीहरूलाई सहभागी गराउने गर्दापनि आउँने पिंढीमा सहाकारीप्रतिको चासो र आकर्षण बढाउनमा सहयोगी सिद्ध हुनसक्छ । अन्यथा अहिलेको पुस्ता बुढो हुँदैजाने र आउने पुस्तामा सहकारीप्रतिको चासो नहुनेहो भने सहकारी अभियानको भविष्य के होला ? सहकारी कसले कसरी थेग्ला ? त्यसैले अहिलेका सहकारी संस्था, जिल्ला प्रदेश तथा केन्द्रका छाता संगठन र सहकारी अभियन्ता सबैले विशेष महत्वका साथ योजना सहित अहिलेदेखिनै सक्षम पुस्ता तयार गर्नेतिर अगाडि बढ्नु आवश्यक छ ।

# सहकारीलाई ब्राण्डिङ गर्नु सवारी चालकलाई लाइसेन्स दिनु सरह हो



**नरभूपाल भूषाल**
**व्यवस्थापक, मध्य नेपाल साकोस**
**नवलपरासी**

हाल सामाजिक सञ्जालमा विभिन्न बित्तीय क्षेत्र र सहकारीको समस्या मात्रै देखिने सुनिने गरेको छ । सहकारीमा सुशासन कायम नगर्नाले सहकारीहरू वित्तीय जोखिममा परेका छन् । सहकारी नाफामुखी ब्यवसाय भन्दा सेवामुखी ब्यवसाय हो । ब्यबसाय निरन्तर सञ्चालन हुनका लागि सेवा सहित केहि नाफा आर्जन गर्नु त पक्कै आवश्यक पर्दछ तर बढी लाभांश दिने होडबाजीले गर्दा हाल सहकारीमा केहि वित्तीय समस्याहरू देखा पर्दै गएका छन जुन समस्या आउनुमा संस्थामा केहि न केहि कमी कमजोरी भएका छन् । अग्रिम लाभांशको प्रलोभन देखाउनु, ऋण लगानीमा प्रयाप्त विश्लेषण नगरि अनउत्पादक क्षेत्रमा बढी ऋण लगानी गर्नु, एकै क्षेत्रमा बढी ऋण लगानी गर्नु, परियोजनालाई भन्दा भनसुनका भरमा ब्यक्तिलाई लगानी गर्नु, कर्मचारीहरू सञ्चालकको प्रभावमा परि लगानी गर्नु, सदस्यले संस्थाप्रति आफ्नो स्वामित्व वा अपनत्वमा नलिनु, देशभर सहकारीका साना तिना समस्यलाई बढी प्रचार प्रसार गर्नु, दिनप्रतिदिन वित्तीय क्षेत्र प्रति लक्षित अराजक गतिविधि बढदै जानु र राज्यको भूमिका मौन रहनु जस्ता कारणबाट सहकारी संस्थाहरू झन संकट परेका छन् ।

देश संघीय प्रणालीमा गए पश्चात सहकारीको अनुगमन झन फितलो बनेको अनुभूति गरिएको छ । बिगतमा जिल्ला जिल्लामा सहकारी कार्यालय तथा डिभिजन सहकारी कार्यालय थिए । कम्तिमा पनि संस्थाको साधारण सभा हुने, अडिट स्वीकृति लिने, मासिक प्रतिवेदन पेश गर्ने लगायतका कार्यहरू डिभिजन सहकारी कार्यालयबाट अनिवार्य गराउने प्रावधान थियो र समय समयमा छड्के अनुगमन समेत हुने गर्दथ्यो । तर हाल सहकारी स्थानिय स्तर, प्रदेश स्तर र संघीय स्तरमा रहेकोले बिगतमा भन्दा धेरै कम अनुगमन भएको छ । सहकारीहरूका नाममा कमाइ गर्नेका लागि अवसर बनेको छ त्यसैले त दिन दिनै सहकारीको खराब तथा समाचारको हेडलाइन बन्ने गरेको छ । हुन त सहकारी स्वनियमनमा चल्ने संस्था हो । सहकारी स्वतन्त्र र स्वायत्त संस्था हो, तै पनि कतिपयले सहकारीको सिद्धान्त, मर्म र उद्देश्यलाई बिर्सेर आफ्नो ब्यक्तिगत स्वार्थमा लाग्ने, सहकारीलाई कमाइ खाने ब्यवसायको रूपमा प्रयोग गर्ने गरेको कारणले सहकारीमा विकृति मौलाएको छ । अनुगमनको अवस्था कमजोर हुनाले पनि उनिहरूलाई अवसर बनेको हो भने सदस्यले समेत जोखिमको वास्ता नगरी बढी प्रतिफल पाउने लोभमा कस्तो सहकारी हो ? सहकारीका सञ्चालक र कर्मचारीहरू कस्तो प्रकृतिका छन, उनिहरूको सामाजिक परिवेश कस्तो छ नबुझि लोभमा परेको हुनाले पनि समस्या देखिएको छ । सहकारी बिभागले संस्था जन्माउने काम मात्र गर्ने र अनुगमन नगर्ने हो भने अझै बिकराल अवस्था हुने सम्भावना छ । हामी बिभिन्न फोरमहरूमा सुन्ने गर्दछौ, सहकारी संख्या बढी भयो एकीकरण गराउनु पर्छ तर राज्यले कुनै जिम्मेवारी लिएको पाइदैन एकीकरण गर्न कि त बाध्यकारी बनाउनु पर्छ की त प्रोत्साहन गर्नु पर्छ तव मात्र सहकारीको एकीकरण सहज हुन सक्छ । हाल राज्यबाट सहकारी एकीकरण गर्नेहरूका लागि प्रोत्साहन होइन निरूत्साहन गरिएकोछ । सहकारीको सम्पत्ति सहकारीमा नै नामसारी गर्न राजश्व ४ प्रतिशत र आयकर ५ प्रतिशत गरि ९ प्रतिशत कर वापत भूक्तानी गर्नु पर्ने ,आफ्नै सम्पत्तिमा एकीकरणका कारण ठूलो मूल्य चुकाउनु पर्ने, बिभिन्न झन्झटको सामना गर्नु पर्ने, राज्यको नीति परिवर्तन नभए कीन संस्था एकीकरण गर्ने ? सहकारी विभागबाट कुनै पनि ठोस कदम चालेको पाइदैन । विभिन्न विभागबाट सरूवा भई सहकारी रजिष्ट्रार आउने ४/६ महिना परिवेश बुझ्ने र फेरी सरूवा भै अन्य विभागमा जाने प्रवृत्तिले पनि सहकारी क्षेत्रले उचित समाधान पाउन सकिरहेको छैन ।

सहकारीलाई सहि तरीकाबाट सञ्चालन गर्नका निम्ति अक्कु र नेफ्स्कूनको जस्तै ब्राण्डिङ कार्यक्रममा सहभागी गराउने र संस्थाको वित्तीय, गैर वित्तीय अवस्थाको अनुगमन गर्ने परिपाटीको विकास गराउनु पर्दछ । प्रत्येक ३/३ महिनामा संस्थागत समिक्षा गर्ने, संस्थालाई सहि मार्गमा हिडाउनका लागि सञ्चालक तथा कर्मचारीहरूलाई शिक्षा, तालिमको ब्यवस्था मिलाउने र अनिवार्य ब्राण्डिङ कार्यक्रममा सहभागी गराउन सकेमा मात्र संस्था सहि मार्गमा सञ्चालन हुन सक्दछन भन्ने मेरो बुझाइ रहेको छ । **"सहकारीलाई ब्राण्डिङ गर्नु सवारी चालकलाई लाइसेन्स दिनु सरह हो ।"** सवारी चालकलाई सवारी साधन चलाउन सक्ने सिप कस्तो छ भन्ने कुरा

ड्राइभिङ परिक्षणबाट मात्र थाहा पाइन्छ त्यसै गरि सहकारी सञ्चालन गर्ने सिप र क्षमता ब्राण्डिङ कार्यक्रम परिक्षणबाट थाहा हुन्छ । ब्राण्डिङ कार्यक्रममा सफल संस्था सहजै दुर्घटनामा पर्दैन न की लाइसेन्स प्राप्त सवारी चालकलाई जसरी सवारी साधन चलाउँदा कुन अवस्थामा ब्रेक लगाउने र साधन रोक्ने, कुन अवस्थामा एक्सिलेटर थिच्ने र साधन अघि बढाउने, कुन संकेतमा के गर्ने भन्ने पूर्ण ज्ञान भए जस्तै ब्राण्डिङ कार्यक्रममा सफल संस्थालाई कति तरलता राख्ने, कर्जा सुरक्षण कति गर्ने, सम्पतिको गुणस्तर कसरी कायम गर्ने, ऋण लगानी कस्तो ठाउँमा र कति सम्म गर्ने, वचत संकलन कसरी गर्ने, ऋण असुली कसरी गर्ने र मानव संसाधनको ब्यवस्थापन कसरी गर्ने, प्रतिफल कसरी र कति बितरण गर्ने भन्ने वारे पर्ल्स अनुगमन लगायत बिभिन्न औजार मार्फत पूर्ण रूपमा ज्ञान प्राप्त भएको हुन्छ । ब्राण्डिङ कार्यक्रममा सहभागी संस्थाहरूले सुशासनको पालना गरेका हुन्छन र संस्थालाई नीति, विधि र प्रविधिले सञ्चालन गरेका हुन्छन जसका कारण उनिहरूलाई सानो तिनो बिचलनबाट कुनै पनि प्रभाव पर्दैन ।

# नेपाल क्लियरिङ्ग हाउस (एनसीएचएल) मा जोडियो नेफ्स्कून




नेपाल क्लियरिङ्ग हाउस (एनसीएचएल) र नेफ्स्कूनबीच सम्झौता भएको छ । सहकारीको भुक्तानी कारोबारलाई डिजिटाईज गर्ने कार्यलाई सहजिकरण गराउने सहकार्यको लागि एनसीएचएल र नेफ्स्कून बीच सम्झौता भएको हो । काठमाडौंमा आयोजित साकोसका व्यवस्थापन प्रमुखहरूको राष्ट्रिय गोष्ठी २०७९ का अवसरमा दुई पक्ष बीच सो सम्झौता भएको हो ।

सम्झौतामा नेपाल क्लियरिङ्ग हाउस (एनसीएचएल) को तर्फबाट प्रमुख कार्यकारी अधिकृत नीलेश मान सिंह प्रधान र नेफ्स्कूनको तर्फबाट प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेलले हस्ताक्षर गर्नुभएको थियो ।

सम्झौतासँगै नेफ्स्कूनले निमार्ण गरेको मीरा ईआरपी सफ्टवेयर प्रयोग गर्ने संस्थाका सदस्यहरूले बैंक तथा वित्तीय संस्थामा रकम ट्रान्सफर, बैंक तथा वित्तीय संस्थाबाट सहकारीमा रकम ट्रान्सफर, बिमाको प्रिमियम भुक्तानी, विभिन्न सरकारी भुक्तानी, फोन रिचार्ज, खानेपानी, बिजुली लगायतको युटिलिटी भुक्तानी गर्न सक्नेछन् ।

एनसीएचएलका सिईओ प्रधानले नेफ्स्कूनमार्फत सहकारी क्षेत्रमा प्रवेश गर्न पाउँदा खुशी लागेको बताउनुभयो । प्रत्येक संस्थासँग एनसीएचएल जोडिन नसकिने र नेफ्स्कूनसँग जोडिएपछि समग्र बचत तथा ऋण सहकारी संस्थाले सेवा लिन सक्ने उहाँको भनाई थियो ।

सम्झौताले बचत तथा ऋण सहकारी संस्थाहरूको डिजिटाईजेशनमा कोशेढुंगा सावित हुनेमा साकोस अभियानका व्यवस्थापकहरू विश्वस्त भएका छन्

गोष्ठीमा प्रधानले 'वित्तीय प्रविधिमा साकोसका सम्भावना र चुनौती' विषयमा कार्यपत्र समेत प्रस्तुत गर्नुभएको थियो । कार्यपत्र प्रस्तुत गर्दै प्रधानले सहकारी संस्थाहरूले पुराना प्रविधिहरू नपछ्याएर नयाँ प्रोडक्ट दिन सक्नुपर्ने बताउनुभयो । अनलाईनबाटै कर्जा प्रवाह गर्ने प्रविधि समेत सहकारीले प्रयोग गर्नुपर्ने उहाँको भनाई थियो ।

# VOX POP

**SACCOS CEOs' NATIONAL WORKSHOP 2023**
March 8 & 9
Kathmandu, Nepal









नेफ्स्कूनको आयोजना र नेफ्स्कून साकोस म्यानेजर्स क्लबको व्यवस्थापनमा 'प्रविधियुक्त सेवा र सुशासनः दिगो साकोस र छवि निर्माणका लागि जिम्मेवार व्यवस्थापन' भन्ने सोचका साथ फागुन २४ र २५ गते काठमाण्डौंको द सोल्टी होटलमा भएको गोष्ठीमा देशभरका बचत तथा ऋण सहकारी संघ संस्थाका ४ सय भन्दा बढी व्यवस्थापन प्रमुखहरूको उत्साहपूर्ण सहभागिता रहेको थियो । गोष्ठीमा सहभागी व्यवस्थापकहरूमध्येबाट केही प्रतिनिधिमूलक विचारलाई यहाँ समावेश गर्ने प्रयास गरिएको छ ।

# सदस्यनै साकोसका भविष्यदाता रहेको बोध गराएको छ

**अपिल कोईराला**
**अध्यक्ष, CMC, कास्की**
**प्रमुख कार्यकारी अधिकृत, नवीन साकोस, पोखरा**

सहकारी हामी जनसमुदाय सबैलाई ज्ञान भएको विषय हो, यो सदस्यहरूको स्वनियम, स्व–व्यवस्थापन, स्व–अनुगमनबाट सञ्चालित असिमित मात्रामा सेवा प्रदान गर्ने र सीमित मात्रामा नाफा कमाउने स्वायत्त संस्था हो । हामी सबैको वित्तीय तथा गैह्र वित्तीय आवश्यकताहरू पुरा गर्न यस्ता प्रकारका सहकारीहरूको जन्म भएको हो । सदस्यहरूको आफ्नोपन, आर्थिक विकास, मौलिक हक अधिकार, जनसचेतना बृद्धि, सामुहिक कार्यमा एकरूपता, वित्तीय साक्षरता, परामर्श, सांस्कृतिक एवं सामुदायिक विकास, सरसापट आदि विषयहरू सहकारीको पर्यावाची शब्द वा अंशहरू हुन ।

संस्थामा आबद्ध सदस्यहरूको सानो सानो अथक प्रयासबाट जम्मा भएको रकम सहकारीको बचतको रूपमा रहने गर्दछ । तर्सथ त्यस्ता बचतहरूको सुरक्षा तथा सो बचत रकम सदस्यहरूमा ऋणको रूपमा सही परिचालन सहकारीले गनुपर्दछ । अझ भनौ संस्थामा कार्यरत कार्यालय प्रमुख वा ब्यवस्थापन प्रमुखमा यो महत्वपूर्ण जिम्मेवारी रहने गर्दछ । यिनै जिम्मेवारी बहन गर्ने जनशक्तिको उचित ब्यवस्थापन एव दंक्ष बनाउन नेपालको सहकारी अभियानमा बचत तथा ऋण सहकारीहरूको छाता संगठन नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफस्कून) ले महत्वपूर्ण भुमिका खेलेको छ ।

यसै सन्र्दभमा यहि मिति २०७९ फाल्गुन २४ र २५ गते काठमाडौं स्थित होटल सोल्टीमा नेपाल भरका बचत तथा ऋण सहकारीहरूको ४५० भन्दा बढी ब्यवस्थापन प्रमुखहरूको भेला आयोजना गरेको थियो । आर्थिक जर्जरताको यात्रा वा विषम परिस्थितिमा निकै नै फलदायी कार्यक्रम आयोजना नेफस्कूनले गरेको थियो । हामी देश भरिका ब्यवस्थापन प्रमुखहरू निकै उत्साह र आशाका साथ त्यस कार्यक्रममा सहभागी भएका थियौं । विभिन्न विधाहरूमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय अनुभवी प्रशिक्षकहरूद्धारा हामीहरूलाई सहकारीका नयाँ आयामहरूको बारेमा ज्ञान प्राप्त भएको थियो ।

**BOUNCE BACK TO YOUR MEMBERS** गोष्ठी अवधिभर हामीहरूलाई धेरैलाई छोएको र प्रभावित शब्द थियो । आर्थिक संकटको यस विष्म् अवस्थामा सम्पूर्ण सहकारीहरूले अभियानमा भन्दा पहिला आफना सदस्यहरूको विचमा गएर आफनो संस्थाको वास्तविक चित्रण गर्न सक्नुपर्ने रहेछ र उनै सदस्यहरूले संस्थाको भविष्यको रूपरेखा कोर्ने रहेछन् भन्ने वास्तविकताबाट हामी परिचित हुन सकेका थियौँ ।

अवका सहकारी सानो र सुन्दर मात्र होइन सुरक्षित, सशक्त र विश्वासिलो बन्नुपर्ने आजको आवश्यकता रहेको छ । सानो र सुन्दर हुँदैमा सदस्यहरूको सबै ईच्छाहरू पुरा गर्न नसकिने रहेछ । परिर्वर्तित समाजमा उच्च स्तरको प्रविधि, सफट्वेयर, मोवाईल बैकिङ्ग सेवा आदिका विषयमा परिवर्तन आएका छन् । संस्था ठूलो र बलियो बन्दै गर्दा संस्थागत खर्चमा कमी हुने रहेछ भन्ने हामीले बुझेका छौं । सहकारी सरकारले जन्माउँछ वा भनौं दर्ता गरिदिन्छ, त्यो सँगै यसको विकासमा पनि बृद्धि हुदै जान्छ र यसलाई रोक्न सकिदैन र रोक्नु पनि हुदैन, विश्व बजारमा ठूला र क्षमतावान सहकारीहरू सञ्चालनमा रहेका छन्, अन्य वित्तीय संस्थाहरू भन्दा सहकारीका कारोबारहरू ठूला र ब्यवस्थित छन् । सदस्यहरूको जन्म देखि मृत्यु सम्म सहकारी अभिन्न अंगको रूपमा सदस्यको साथमा रहेका छन् र विश्वास जितेका छन् । तसर्थ नेपालको सन्र्दभमा राज्यले सघन अनुगमन, निर्देशन गरि सहकारीहरूमा पुरस्कार एवं दण्ड जरिवाना समेत गरेर भए पनि सुशासन र स्वनियमनको प्रत्याभूति गर्न महत्वपूर्ण भुमिका खेल्नुपर्ने आजको माग र आवश्यकता रहेको छ ।

समुदायमा आधारित भई नीति, विधि र प्रविधिमा संस्था सञ्चालन गर्न सक्ने सहकारीमा कुनै समस्या नरहेको हामीले अनुभव गरेका छौं । तर्सथ हालसालै नेपालको सहकारी अभियानको शिर्ष संघ राष्ट्रिय सहकारी महासंघले ६६ औं राष्ट्रिय सहकारी दिवसको उपलक्ष्यमा तय गरेको नारा **"सहकारीको दिगोपना स्वनियमन र सुशसन"** लाई आत्मसाथ गर्न सक्यौं भने हामी सम्पूर्ण सहकारीकर्मीहरूले आम जन समुदाय, नेपाल सरकार तथा सम्पूर्ण विश्व अर्थतन्त्र कै हामी प्रति सकारात्मक र सद्भाव कायम रहने अपेक्षा लिएका छौं ।

# नयाँ सिराबाट सहकारी सञ्चालन गर्ने उर्जा प्राप्त भएको छ

**हरिलाल शर्मा**
**व्यवस्थापक**
**सिद्धार्थ साकोस कपिलवस्तु**

सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप स्थानिय स्तरमा छरिएर रहेको, पूँजी, प्रविधि र प्रतिभालाई स्वावलम्वन, पारस्परिकताका आधारमा एकिकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक र साँस्कृतिक उन्नयन गर्न, समुदायमा आधारित, सदस्य केन्द्रीत, लोकतान्त्रिक, स्वायत्त र सुशासित संगठनको रूपमा संस्था प्रवर्धन गर्न सहकारी खेति लगायत सवै प्रकारका उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट सामाजिक न्यायका आधारमा आत्मनिर्भर, तीव्र एवं दीगो रूपमा स्थानिय अर्थतन्त्रलाई सुदृढ तुल्याउन सहकारीको आवश्यकता रहेको छ ।

सहकारीमा सदस्य प्रदत्त सेवाका निस्क्रिय उपभोक्ता हुदैनन् । सेवाका सर्जक स्वयम् हुन्छन् । आफ्नो अवस्था विश्लेषण गर्ने, समस्या एवं सम्भावनाहरू पहिल्याउने, योजना वनाउने, स्रोत जुटाउने र कार्यान्वयन गरेर परिवर्तन हेरी सिक्ने । सहकारी गतिविधिहरूमा सदस्यहरू सक्रिय रूपमा सहभागी हुन्छन् । त्यही क्रममा उनीहरूको व्यक्तित्व विकासका साथै कृतित्व विस्तार भई रहेको हुन्छ । त्यसका लागि नै सहकारी संस्थाको गठन गरी सञ्चालन गरिएको हुन्छ ।

म पनि सिद्धार्थ बचत तथा ऋण सहकारी संस्थामा विगत २४ वर्ष देखि संस्थामा सदस्यहरूको आर्थिक, सामाजिक र साँस्कृतिक उन्नयका लागि भनेर क्रियाशिल रहँदै आएको छु । काम गर्ने भन्दैमा नहुँदो रहेछ । आफ्नो चाहनालाई कार्यरूप प्रदान गरी प्रभाव ल्याउन पहिलो भनेको ज्ञान जरूरी रहेछ । ज्ञानले नै व्यक्तिमा आत्मविश्वास बढाई अगाडि वढ्न हौसला प्रदान गर्दोरहेछ । समय अनुसारको परिवर्तित ज्ञानलाई आफूमा ल्याउन नसकिएमा समयले छोड्दो रहेछ । आफूलाई ताजगीपन प्रदान गर्दै संस्थाको परिकल्पना, लक्ष्यलाई अगाडि वढाउन पनि विभिन्न गोष्ठि, तालिमहरूमा सहभागी हुन आवश्यक रहदो रहेछ । मिति २०७९ साल फागुन २४ र २५ मा नेफ्स्कून र मेनेजर्स क्लवको संयुक्त आयोजनामा साकोस व्यवस्थापन प्रमुखहरूको राष्ट्रिय गोष्ठिले मलाई एक नयाँ सिराबाट संस्थागत व्यवस्थापन गरी सञ्चालन र व्यवस्थापन गर्न उर्जा प्रदान गरेको छ । यसमा रहेका विषयहरू र छलफल सञ्चालन गर्ने अनुभवी व्यक्तित्वहरूको विचारले मलाई परिवर्तनको उर्जा प्रदान गऱ्यो । यसमा भएका मुख्य विषयहरू संस्थालाई वास्तविक रूपमा सदस्यहरूको सकारात्मक परिवर्तनको लागि आवश्यक छन् । अन्तरर्राष्ट्रिय अभ्यास देखि नेपाल मै भएका असल अभ्यासहरूको आदान प्रदानका साथै मानव श्रोतहरूलाई उचित व्यवस्थापन गर्नेका कुराहरू र प्रमुख रूपमा व्यवस्थापन प्रमुखहरूले खेल्नु पर्ने भूमिकाका बारेमा उल्लेख गरेको कुराले निकै मन छोयो र कार्यरूपमा ल्याउनका लागि प्रतिवद्ध समेत बनायो । संस्था सञ्चालन गर्न पहिलो अवधारणागत रूपमा प्रष्टता आउन आवश्यक छ भन्ने पनि अनुभूति भयो । त्यस पछि त्यसलाई कार्यरूपमा लैजान संस्थामा योजनाहरू बनाउने र कार्यरूपमा लैजाँदै त्यसको प्रभावलाई अनुभव गर्दै समय अनुसार परिवर्तन गर्दै सहकारी मूल्य मान्यता र सिद्धान्त अनुसार व्यवस्थापन गर्न सकेमा सहकारीबाट समुदायको आर्थिक, सामाजिक रूपमा केही हद सम्म परिवर्तन गर्न सकिन्छ भन्ने आत्मबल बढेको छ ।

# सुरक्षित र सबल सहकारी निर्माणमा लाग्न बल प्रदान गरेको छ

**शिब बहादुर बि.क**
**प्रमुख कार्यकारी अधिकृत**
**चेतना बचत तथा ऋण सहकारी संस्था लि**

- **तुर्माखाँद गाउँपालिका ३ अछाम SACCOS CEOS NATIONAL WORKSHOP** विगतका बर्ष देखि नै **NEFSCUN** ले आयोजना गर्दै आएको छ । सुदूरपश्चिमको अछाम जिल्ला तुर्माखाँद गाँउपालिकाबाट म र मेरो संस्थाको पहिलो सहभागिता हो । यो सहभागिता मेरो जीवनको सुनौलो अवसरको रूपमा लिएको छु । म र मेरो संस्था जस्तै देशको दूर दराजमा काम गर्दै सहकारीको माध्यमबाट सदस्यहरूको जीवनमा सम्बृद्धि ल्याउने अभियानमा जोडिएका सहकारीकर्मीलाई यस कार्यशाल गोष्ठीले टेवा त पुग्छनै, तर यतिले मात्र पर्याप्त भने होइन ।

यस्तै कार्यक्रमहरू नेफ्स्कूनले गर्दै गएमा मात्र व्यवस्थापन तहमा निखार ल्याउन सकिन्छ । कुशल व्यवस्थापकीय कार्यबाट सहकारीको छवी निर्माण गर्न सक्छौं । यसमा सम्बन्धित सरोकारवालाको समयमै ध्यान जाओस् ।

- तलिम तथा गोष्ठीले समग्र सबैको बुझाईमा एकरूपता ल्याउने कार्य गर्दछ । जुन SACCOS CEOS NATIONAL WORKSHOP ले पनि गरेको छ । विश्वमा आएको आर्थिक संकटले नेपाललाई पनि प्रभावित पारेको छ । यो परिस्थितिसँग जोडिएर सहकारीका बारेमा आएका जतिसुकै समाचारहरू छन, त्यो परिस्थितिको सामना गर्न हामी व्यवस्थापहरूले के गर्न सक्छौ ? सहकारीको इतिहासमा दाग लाग्न नदिन समग्र व्यवस्थापन टिमले के गर्न सक्छ ? हाम्रो साझा संकल्प के हुन सक्छ ? सदस्यहरूको बचतको सुरक्षा कसरी गर्न सकिन्छ ? नीतिगतरूपमा हामिलाई परेका समस्या र त्यसको समाधानको उपाय के हुन सक्छन् ? सहकारीको नीति बिधि र पद्धतिको प्रयोग गरेर संस्था कसरी सञ्चालन गर्न सकिन्छ ? आदि यस्तै बिषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्वहरूको कार्य पत्र प्रस्तुत तथा वृहत बहस तथा पैरवीले आगामी दिनमा यस्ता समस्याहरूको समाधान गर्नसक्ने व्यवस्थापकीय दक्षता अभिवृद्धि गर्न यो SACCOS CEOS NATIONAL WORKSHOP कोशेढुङ्गा सावित भएको छ ।
- कतिपय सहकारीहरू अरूको देखासिकिमा दर्ता गरि सञ्चालन गर्ने प्रयत्न गरिराखेकाछन् । अझैपनि ग्रामिण क्षेत्रका सहकारी सञ्चालक र सदस्यहरूले सहकारीलाई बुझ्न सकिराखेका छैनन् । मेरो पालिकामा सहकारी शाखा नै छैन । म नियुक्ती भएको २ बर्ष पुग्नथाल्यो नेफ्स्कूनको कुनैपनि प्रतिनिधि मेरो कार्यालयमा पुगेको छैन । हाम्रो नियमन कस्ले गर्ने ? समयमा नै नियामक निकायको ध्यान गएको भए जुन बजारमा सहकारीका बारेमा जे जस्ता समाचार अएका छन् ती समाचार आउदैन थे होला । ३ बर्षमा एक पटक हुने यस्ता गोष्ठीले ती बिषयमा कत्तिको अर्थ राख्न सक्छ, सोचनीय बिषय हो । सहकारी सँग सम्बन्धित जे जस्ता नीति नियमहरू बनेका छन् ती आफैमा पूर्ण हुने होइनन् यसलाई कार्यान्वयन गर्न हामीले के गर्नुपर्छ ? यी र यस्तै बिषयमा पटक पटक सहकारीकर्मीको क्षमता विकासका लागि तालिम , गोष्ठी र सेमिनारको आयोजना गरि नयाँ कुरामा Update गराई राख्नुपर्ने हुन्छ ।

## गोष्ठीमा सहभागी हुन पूर्व

दुई दिन (झण्डै ४० घण्टाको) बसको यात्रा गर्दै संघीय राजधानी काठमाण्डौ पुगियो । थकित मुद्रामा त्यहि बसपार्कको छेउमा एउटा होटलमा बसेँ । मनमा धेरै सबालहरूले घर बनाए ।

- पहिलो पटक सहभागी हुने भएकाले यो गोष्ठीमा के के बिषयमा छलफल हुन्छ होला ?
- यो २ दिने गोष्ठीले सहकारी क्षेत्रमा देखिएका असहजतालाई के निराकरण गर्ला ?
- संस्थाको ठुलो धनराशी खर्च गरि आएको र यहाँबाट गएर केगर्न सकियला ?
- संस्थाको गतिमा पहिलेकोभन्दा अलि फरक मोडमा लैजान सकियला कि नसकिएला ?

## गोष्ठीमा सहभागी रहँदा

- पहिलो पटक सहभागी भएकाले मन सारै हर्सित भयो,
- कार्यक्रमको श्री गणेश हुँदा ख्यातीप्राप्त व्यक्तिहरूको उपस्थित भएको देख्दा सिक्ने आशा पलायो,
- देशैभरीबाट व्यवस्थापन प्रमुखहरूको उपस्थित भएकोले एक अर्कासँग परिचित हुने अवसर प्राप्त भयो,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्वहरूको कार्यपत्र प्रस्तुतिले आगामी दिनमा सहकारी क्षेत्रमा आएका चुनौतिहरूको सामना गरि सवल र सक्षम सहकारी कसरी बनाउन सकिन्छ भन्ने सिकाई प्राप्त भयो,
- सहकारीहरूले स्वनियमन र सुशानसनको पालना गरि सहकारी सञ्चालन गरेमा कुनैपनि समस्या नआउने कुराको साझा बुझाईको पुरर्ताजगीरकण गरायो ।

## गोष्ठीले अबको कार्यसम्पादनमा गर्ने सहयोग

- सहकारीको नीति, विधि र पद्धतिको आधारमा संस्था सञ्चालन गर्न,
- सदस्य केन्द्रीत क्रियाकलाप सञ्चालन गर्न
- दक्षता अभिवृद्धि भई कार्य सम्पादन गर्न,
- संस्थालाई दिगो र सबल बनाएर सञ्चालन गर्न,
- सहकारीमा आएका समस्याहरूको सामना गरी संस्था सञ्चालन गर्न ।

# संयमित सदस्य र जिम्मेवार व्यवस्थापन

**अरुण थापा**
**प्रमुख कार्यकारी अधिकृत**
**एक्सप्रेस साकोस, काभ्रे**

नेफ्स्कूनको आयोजना र नेफ्स्कून साकोस म्यानेजर्स क्लबको व्यवस्थापनमा देशभरका ४५० भन्दा बढि सहकारी संस्थाका साकोस व्यवस्थापन प्रमुखहरूको सहभागितामा साकोसका व्यवस्थापन प्रमुखहरूको राष्ट्रिय गोष्ठी सम्पन्न भयो । फागुन २४ र २५ गते काठमाडौंको द होटल सोल्टीमा आयोजित गोष्ठी Technology Based Services and Governance: Responsible Management for Sustainable SACCOS & Image Building विषयमा केन्द्रित रही भव्यरूपमा सम्पन्न भएसँगै हामी सहकारी सम्बद्ध सहकारीकर्मीहरूले ११ बुँदे साझा संकल्प सहित सहकारीमा सुशासन, जिम्मेवारी र जवाफदेहिताको थप गहनताबोध गरेका छौं ।

प्रतिनिधि सभाका सभामुख देवराज घिमिरेको प्रमुख आतिथ्यतामा सहकारी मन्त्रालयका सचिव, सहकारी विभागका राजिष्ट्रार, उप–रजिष्ट्रार, अन्तर्राष्ट्रिय सहकारी विज्ञहरू, राष्ट्रिय तहका विज्ञ व्यक्तित्वहरू, विषयगत स्रोत व्यक्तिहरूको गहन भूमिका र प्रस्तुतीकरणले सहकारीको महत्व र उद्देश्यमा थप उजागर पार्दै व्यवस्थापन प्रमुखहरूको दायित्व र भूमिकालाई अझ थप प्रष्ट पारेको थियो । नेपाल जस्तो विकासोन्मुख देशमा सहकारीको महत्व र आवश्यकता माथि सबै विषय विज्ञहरुको एकरूपता थियो । साथै अबका दिनमा सहकारीकर्मीहरूले पनि सहकारीको मर्म र भावनालाई आत्मसात गर्दै सहकारीका सिद्धान्त बमोजिम काम, कार्य गर्नबाट विचलित हुनु हुँदैन भन्नेमा केन्द्रित थियो ।

हालको दिनमा देखिएको समस्या सहकारीको मात्र नभै समग्र देशको आर्थिक संकुचनको प्रभाव पनि हो भन्नेमा वक्ताहरूको तथ्याङ्कले प्रस्ट्याएको थियो । एकैचोटी क्यास विथड्रको लागि बैंकमा ग्राहकको लाईन लाग्ने हो भने शायद मै हुँ भन्ने कर्मसियल बैंकले पनि बचत फिर्ता दिन सक्तैनन् । चाडवाड तथा स्थिति प्रतिकुल अवस्थामा हुँदा बैंकहरूले ५ लाख पनि विथड्र नदिएको दृष्टान्त हाम्रा अनुभूतिमा छन् । आज सहकारीलाई चारैतिरबाट आक्रमण भएको छ । यस्तो अवस्थामा पहिल्यै समस्याको संघारमा टेकिसकेका सहकारी संस्थाले कसरी समस्याको सामना गरून ? जसको फलस्वरूप एकपछि अर्को समस्या उल्जदै गयो जसको नकारात्मक प्रवाभ राम्रै र सुसंगठित संस्थाहरूमा समेत देखिन थाल्यो । समस्या थियो सहकारीका सदस्यहरूको दिमागमा उब्जिएको सहकारी माथिको विश्वास र खस्कदै गएको छविको । केहि सहकारीका सञ्चालकहरूले जानेर नजानेर गल्ती कमीकमजोरी गर्नुभएको पाईएको छ, जुन उहाँहरूले सच्याउँनै पर्छ, भुक्तान गर्नै पर्छ तर यसो भन्दैमा सबै सहकारी संस्था तथा सहकारी अभियानलाई नै एउटै डालोमा राखेर तुलना गर्न मिल्दैन । यि र यस्ता घटना सहकारी अभियानका लागि अत्यन्तै दुःखदायी परिदृष्यहरू हुन् जसबाट समग्र अभियानले सिक्दै र बुझ्दै आफुलाई समायानुकुल सुदृढ बनाउँदै जानुपर्छ ।

यति महत्वपूर्ण कार्यक्रम संयोजन गरि सम्पन्न गर्नुहुने नेफ्स्कून परिवार र सो कार्यक्रममा आएर आफ्नो महत्वपूर्ण कार्यपत्र प्रस्तुत गर्नुहुने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्ति व्यक्तित्वलाई हार्दिक आभार प्रकट गर्दै हामीहरू सबैको यो साझा चौतारी सहकारीलाई समस्या रहित बनाउँदै अझै सबल र सुदृढ बनाउँदै लैजानको लागि हातेमालो गर्न सबै सरोकारवाला वर्गहरू, सदस्यज्यूहरू, सञ्चालकज्यूहरू र ब्यबस्थापकज्यूहरूलाई हार्दिक अनुरोध गर्दछु । एउटै आगनमा धेरैलाई अटाएर आफ्नोपन दिनसक्ने एकमात्र सदस्यहरूको आफ्नो संस्था सहकारी नै हो जुन सदस्यका दुःख सुखका सहयात्री हुन् ।

# व्यवस्थापकहरुमा नयाँ आशाको सञ्चार जागृत गराएको छ

**चुडामणी घिमिरे**
**व्यवस्थापक, जनउपकार साकोस, दोलखा**

नेफ्स्कूनको आयोजनामा नेपाल भरका करिव ४५० भन्दा बढी सहकारी संस्थाका व्यवस्थापन प्रमुखहरूको सहभागितामा फाल्गुन २४ र २५ गते राष्ट्रिय गोष्ठी २०७९ सम्पन्न भयो । सहकारी संस्थाहरूले भोलिरहेका समस्याहरू तिनको व्यवस्थापन लगायत सहकारी क्षेत्रले गरिरहेका नविनतम प्रयोग तथा सफल अभ्यासहरू सुन्ने, बुझ्ने तथा सिक्ने सुन्दर अवसरको रूपमा रहेको कार्यशाला सहकारी व्यवस्थापन

प्रमुखहरू, छाता संघहरू, तथा नियामक निकायहरूको समेत निरन्तर तथा उत्साहपूर्ण उपस्थितिले निकै महत्वपूर्ण, भब्य तथा ओजपूर्ण समेत रह्यो ।

साकोस अभियानको बर्तमान अवस्थाको चित्रण गर्दै वित्तीय सहकारीका समसामयिक सवालहरू, नीतिगत वातावरण तथा साकोस अभियानको आगामी मार्गचित्रका बारे भएको पहिलो प्रस्तुतिकरणले सहकारी अभियानका तमाम चुनौतिहरूको बीचमा आसाको दिप बाल्ने काम गर्‍यो ।

एसियाली ऋण महासंघ (अक्कु) की प्रमुख कार्यकारी अधिकृत Elenita V. San Roque ले अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा आयोजित गोष्ठीबाट सम्पूर्ण नेपाली महिलाहरूलाई शुभकामना दिंदै बचत ऋण अभियानमा महिला नेतृत्व विकासको आवश्यकता भएको र त्यसमा महिलाहरू क्रियाशिल रूपमा अगाडि बढ्न उत्प्रेरणा प्रदान गर्नुभएको थियो ।

उहाँले We are doing banking, but we are more than a bank भन्दै सदस्यहरूलाई वित्तीय शिक्षा सँगै सदस्यहरूको हितलाई सर्बोपरी राखी सहकारीको दीगोपन, सहकारीको नाफा तथा वातावरणीय पक्षलाई समेत सन्तुलित राख्दै साकोस अभियान अगाडि बढाउनुपर्ने कुरामा जोड दिनुभएको थियो । नयाँ बर्ष २०२३ मा वित्तीय क्षेत्रका अन्य धेरै समस्याहरूसँग जुध्न सहकारी क्षेत्र तयार रहनुपर्ने र सो का लागि एकिकृत एवम् स्वचालित साकोस सञ्जालको बहुआयामिक महत्वबारे बुझ्ने अवसर प्राप्त भयो ।

त्यसैगरि विश्व अर्थतन्त्र र यसवाट सृजित सम्भावना तथा चुनौतीहरू बारे तुलनात्मक चित्रण गरि नेपालको बैंक वित्तीय क्षेत्र र सहकारीमा परेको प्रभाव र यसका समाधानका उपायहरूबारे वृहत्तर छलफल भयो । सहकारीमा मानव संशाधन व्यवस्थापन तथा नेपाली सहकारी अभियानका सफल अभ्यासहरू प्रस्तुत गर्ने क्रममा विन्धवासिनी साकोसका प्रमुख कार्यकारी अधिकृत केवी लामाको प्रस्तुतिकरण माथि नेपालका उत्कृष्ट व्यवस्थापकहरू जस्तै विकु साकोस, चन्द्रागिरी साकोस, जनकल्याण साकोस र सिद्धि गणेश साकोसका प्रमुख व्यवस्थापकहरूले समिक्षासहितको मानव संशाधन व्यवस्थापनको आगामी मार्गचित्र पहिल्याउन मद्दत पुग्यो । सहकारीको संस्कृति निर्माण, समय सापेक्ष नीतिहरूको निर्माण, मानव संशाधन विकासमा लगानी अभिवृद्धि, साकोसका कर्मचारीहरूलाई काममा आलोपालो प्रणाली, निरन्तर सुरक्षित तथा स्वस्थ्य कार्यवातावरणका साथमा सकारात्मक मनोवृत्ति विकास गर्न सके मानव संशाधन सँग सम्बन्धित जुनसुकै समस्या समाधान गर्न सकिन्छ भन्ने ज्ञान प्राप्त भयो ।

सहकारीमा Digital Banking को विकास तथा विस्तार, गुणस्तरीय, सबल र सक्षम साकोस निर्माणका लागि छुट्टै बचत तथा ऋण सहकारी ऐनको आवश्यकता पहिचान तथा विश्लेषणले नीतिगत सबलता आवश्यक छ भन्ने कुराको बोध गरायो । दुई दिने साकोसका व्यवस्थापन प्रमुखहरूको राष्ट्रिय गोष्ठीले समग्र सहकारी अभियानप्रति एउटा नयाँ आसाको सञ्चार गरेको अनुभुति सहित सिकेका ज्ञान तथा सिपहरूलाई कार्यान्वयन गर्ने आत्मिक अठोटको साथमा १२ बुँदे साझा संकल्प लिएर फर्कियौं ।

# साकोसको छवि र ब्राण्ड स्थापित गर्नमा सदस्यको भूमिका महत्वपूर्ण

**लाल बहादुर भण्डारी**
**व्यवस्थापक, तिलाकर्णाली साकोस**
**कैलाली**

साकोसका व्यवस्थापन प्रमुखहरूको राष्ट्रिय गोष्ठी अभियानकै एक महत्वपूर्ण र ऐतिहासिक रह्यो । कर्णाली प्रदेशको साकोस अभियानलाई नजिकबाट भोगेको म एउटा व्यवस्थापकले यस महत्वपूर्ण गोष्ठीमा सहभागी हुन पाउनु नै ठूलो कुरा थियो । अन्तर्राष्ट्रिय आर्थिक मन्दी र नेपालमा पत्र–पत्रिका, सामाजिक सञ्जाल, सञ्चार माध्यम र लघुवित्त विरोधी आन्दोलनकारीहरूले पारेको प्रभावका कारण उत्पन्न आशंकाहरूले यदाकदा सहकारी क्षेत्रमा पनि नकारात्मक प्रभाव परिरहेको छ । सोही प्रभावका कारण कतिपय सहकारी संस्थाहरूबाट शेयर सदस्यहरूले आफ्नो बचत फिर्ता गर्नु, लिएको ऋणको किस्ता र ब्याज सम्झौता अनुसार संस्थामा नबुझाउनु जस्ता सामान्य समस्याहरू भैरहेका छन । त्यसैका कारणले सञ्चालक समितिमा चासो, चिन्ता र निरासा पैदा भैरहेको छ । कतिपय संस्थाहरूमा कर्मचारीहरूले घट्दो मनोवलका विचबाट कार्यसम्पादन गरिरहेको अवस्था विद्यमान छ । कही कतै सञ्चालक समिति र कर्मचारीहरूले संस्था र सदस्यहरूप्रति निवाई गर्नुपर्ने भूमिकाको बोध नभएका कारण कार्यसम्पादनमा असहजता पैदा भैरहेको देखिन्छ । जहाँ कमजोर आत्मवल, अकर्मण्यता र सञ्चारिक दुस्प्रभावले पारेको असरका कारण उत्पन्न निरासाहरू र अनेकौ अपेक्षा सहित समाधान को अचुक उपायहरूको उत्सुकताका विचमा

कार्यशाला गोष्ठीको सुरुवाती आफैमा अत्यन्त महत्वपूर्ण र उपलब्धीपूर्ण रहेको छ । कार्यशालामा राष्ट्रिय अन्तर्राष्ट्रिय विभिन्न व्यक्तिहरूबाट धेरै विषयवस्तुहरूमा कार्यपत्र प्रस्तुत भए ।

विभिन्न ६ वटा फरक विषयबस्तुमा बृहत छलफल गरी साकोस व्यवस्थापन प्रमुखहरूलाई थप जिम्मेवार बनाउने काम गोष्ठीले गरेको छ । गोष्ठीले ११ बुँदे साझा संकल्प पारित गरी कार्यान्वयन प्रतिबद्धता समेत गरेको छ । सहकारी अभियानका प्राप्त उपलब्धीहरू संस्थागत गर्ने, सहकारी ऐनको कार्यान्वयन, नीतिगत व्यवस्थापन, सुशासन प्रवर्द्धन, प्रविधि पहुँच र प्रविधिगत एकरूपता लगायतका विषयमा महत्वपूर्ण निर्णयहरू गरेको छ । कार्यशाला गोष्ठीबाट सहकारीका विद्यमान समसायिक समस्या समाधानका उपायहरूको खोजी भएको छ । सहकारीका जिम्मेवार व्यवस्थापन प्रमुख र नेपाल सरकार सहकारी विभागका रजिष्ट्रार लगायतका अन्य जिम्मेवार व्यक्तिहरूको उपस्थिति र उनीहरूबाट व्यक्त अभिव्यक्तिले सहकारीको भविष्य सुनिश्चित छ र मुलुकको आर्थिक समृद्धी सहकारीबाट सम्भव छ भन्ने कुरा पुन एकपटक प्रमाणित भएको छ । समग्रमा भन्नुपर्दा जव उद्देश्यमा विचलनता आउँछ अनिमात्र समस्या उत्पन्न हुन्छ, जव सदस्यहरूलाई केन्द्र विन्दुमा राखेर गतिविधि गरिन्छ, सहकारीमा कहिल्यै पनि समस्या आउँदैन भन्ने बुझाइ प्राप्त भएको छ । संस्थाको छवि निमार्ण गर्न, ब्राण्ड स्थापित गर्न **BOUNCE BACK TO YOUR MEMBERS** सदस्यहरूमा फर्किनुपर्छ भन्ने सिकाइ गोष्ठीले स्थापित गरिदिएको छ । यो हामी जस्ता व्यवस्थापकहरूका लागि सहकारी अभियानप्रतिको ठूलो आत्मसम्मानका साथ आत्मबल प्राप्त भएको छ ।

## सहकारी अभियानका विद्यमान अनुत्तरित प्रश्नहरुको समिक्षात्मक खोजी भएको छ

**कमल कुमार घिमिरे**
**व्यवस्थापक**
**स्वर्णलक्ष्मी साकोस, झापा**

कोभिड १९ र त्यसपश्चात रसिया र युक्रेनको युद्धका कारणबाट सिर्जित विश्वव्यापी आर्थिक मन्दी, देश भित्रको अस्थिर सरकार, घरजग्गा कित्ताकाटमा आएको रोकावट, पर्यटन व्यवसायमा कोभिडले दिएको दर्दनाक पीडा, उद्योग धन्दा, व्यापार व्यवसाय लगायत समग्र अर्थतन्त्रमा आएको सुस्तता र मन्दीले वित्तीय बजारमा तरलताको अभाव र बैंक तथा वित्तीय संस्थाले ऋण प्रवाह गर्न नसकिरहेको अवस्थामा सहकारी क्षेत्र प्रभावित बन्नु कुनै अस्वभाविक होइन । विद्यमान विषम चुनौतिका बाबजुत अवसरको खोजी गरि सहकारी अभियानलाई दिगो र संस्थागत बनाउन सकिन्छ भन्ने विषयमा केन्द्रीत रहँदै काठमाडौंको द होटल सोल्टीमा आयोजना भएको साकोसका व्यवस्थापन प्रमुखहरूको राष्ट्रिय गोष्ठीले साकोसका व्यवस्थापन प्रमुखहरूमा एक खालको उर्जा प्रवाह गरेको अवश्य छ ।

ग्रामिण बैंकको रूपमा क्रियाशील रहेको करिब १३ हजार ५०० बढी वित्तीय सहकारी संस्थाका करिब ३५ लाख मालिकहरूका ३५ हजार प्रतिनिधि र तिनका करिब ४०० प्रगतिशिल नेताहरूको गोष्ठी हुनु आफैमा उपलब्धी हुँदै हो । देशभरिका करिब ४०० व्यवस्थापन प्रमुखहरूबीचमा सहकारीका बहुविषय र क्षेत्रहरूलाई समेटेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषय विज्ञबाट प्रस्तुत गरिएका प्रस्तुतीले सहभागीको पुर्नताजगी मात्र गराएन, प्रस्तोताको विज्ञता अनुभव र विषयवस्तुको गहिराई र ती पक्षले सहभागीहरूको सिर्जनशिलता, सहकारीको भाष्य र कार्यशैलिको भेद स्पष्ट पार्‍यो । यसको साथै भैरहेको के हो ? अब हुनुपर्ने के ? भन्ने जस्ता अनुत्तरित प्रश्नहरूको समिक्षात्मक खोजी गरेको छ । पहिचान भएका समिक्षात्मक खोजबाट साकोस अभियानको अवको यात्राको सुस्पष्ट मार्गचित्र तयार गरी ११ बुँदे साझा संकल्पसहित कार्यान्वयनमा पहलका लागि गोष्ठीले मार्गप्रशस्त गरेको छ ।



# सहकारी मन्त्रीमा रञ्जिता श्रेष्ठ नियुक्त

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रीमा रञ्जिता श्रेष्ठ नियुक्त हुनुभएको छ । प्रधानमन्त्री पुष्पकमल दाहालले चैत्र १७ गते शुक्रबार मन्त्रीपरिषद्को विस्तार गर्दै विभिन्न मन्त्रालयको जिम्मेवारी बाँडफाँड सँगै भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको जिम्मेवारी नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष श्रेष्ठलाई दिनुभएको हो । राष्ट्रपति रामचन्द्र पौडेलबाट पद तथा गोपनीयताको सपथ लिएलगत्तै मन्त्री श्रेष्ठले सिंहदरबारस्थित मन्त्रालय पुगेर शुक्रबार पदबहाली गर्नुभएको हो ।

तत्कालिन भूमि व्यवस्था तथा सहकारी मन्त्रीमा राजेन्द्र कुमार राईले फागुन १५ गते राजिनामा दिएपछि मन्त्रालय नेतृत्व विहिन अवस्थामा थियो । मन्त्री श्रेष्ठ कैलाली-१ बाट प्रतिनिधिसभा निर्वाचित सदस्य हुनुहुन्छ ।

# सहकारी अभियन्ता पुरस्कार शान्तराज शर्मालाई, पत्रकारिता पुरस्कार दाहाललाई

राष्ट्रिय सहकारी महासंघले नेपालका उत्कृष्ट कार्य गर्ने सहकारी संघ/संस्था तथा अभियानको प्रवर्द्धनमा योगदान पुऱ्याउने अभियन्ता लगायतका विभिन्न विद्यामा पुरस्कार घोषणा गरेको छ । महासंघले ६६ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा आयोजित विशेष समारोहमा पुरस्कृत हुने व्यक्तित्व तथा संघ/संस्थाको नाम सार्वजनिक गरेको हो । राष्ट्रिय सहकारी अभियन्ता पुरस्कारबाट बाग्लुङका शान्तराज शर्मा पुरस्कृत हुने भएका छन् । उहाँ लामो समयसम्म महासंघको व्यवस्थापकीय नेतृत्व मा रहनुभएको थियो ।

उहाँको समयमा नेपालको सहकारी अभियानलाई अन्तर्राष्ट्रिय क्षेत्रमा जोड्ने काम भएको थियो । त्यसैगरी सहकारी पत्रकारिता पुरस्कारबाट सहकारी अखबार अनलाइनका सम्पादक खिलानाथ दाहाल पुरस्कृत घोषित हुनुभएको छ । महासंघका सञ्चालक डी.बी. बस्नेतको संयोजकत्वमा सञ्चालकद्वय टिका बुढाथोकी र राजेन्द्र पौडेल तथा भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका शाखा अधिकृत खेमनारायण पौडेल र सहकारी विकास बोर्डका उपनिर्देशक टाइन्द्र अधिकारी रहेको उपसमितिले सिफारिस गरेको आधारमा महासंघको २०५ औं बोर्ड बैठकले पुरस्कृत संघ/संस्था तथा व्यक्तित्वहरूको छनोट गरेको थियो ।

उत्कृष्ट सहकारी संघ पुरस्कारबाट जिल्ला सहकारी संघ लि. काभ्रे पुरस्कृत हुने भएको छ । त्यसैगरी सातवटै प्रदेशका प्रारम्भिक सहकारी संस्थाहरूसमेत पुरस्कृत भएका छन् । कोशी प्रदेशबाट साना किसान कृषि सहकारी संस्था लि. झापा, मधेश प्रदेशबाट साना किसान कृषि सहकारी संस्था लि. सर्लाही, बागमती प्रदेशबाट ज्योति मिर्मिरे सामुहिक बचत तथा ऋण सहकारी संस्था लि. काभ्रे, गण्डकी प्रदेशबाट मल्लाज बहुउद्देश्यीय सहकारी संस्था लि. पर्वत, लुम्बिनी प्रदेशबाट तिलोत्तममा बहुमुखी सहकारी संस्था लि. रूपन्देही, कर्णाली प्रदेशबाट त्रिपुरा महिला बहुउद्देश्यीय सहकारी संस्था लि. डोल्पा र सुदुरपश्चिम प्रदेशबाट जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि. कैलाली पुरस्कृत भएका छन् । राष्ट्रिय सहकारी महासंघले चैत २० गते पुरस्कृतको नाम घोषणा गर्ने र अन्तर्राष्ट्रिय सहकारी दिवसको अवसरमा पुरस्कार प्रदान गर्ने गर्दछ ।

# साकोसका अध्यक्ष तथा व्यवस्थापकहरुसँग वृहत अन्तरक्रिया




बचत तथा ऋण सहकारी संघ लि.,सुनसरीले दुहबी क्षेत्रका बचत तथा ऋण सहकारी संस्थाहरूसँग चैत्र १६ गते अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । सहकारी क्षेत्रमा देखिएका जल्दाबल्दा समस्याहरू र समाधानको पहल गर्ने उद्देश्यले संघले दुहबी क्षेत्रका साकोसहरूका अध्यक्ष तथा व्यवस्थापकहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको हो ।

जनकल्याण बचत तथा ऋण सहकारी संस्था लिमिटेड दुहबीको सभाहलमा आयोजित कार्यक्रम संघका बरिष्ठ उपाध्यक्ष प्रल्हाद दहालको अध्यक्षतामा भएको थियो । कार्यक्रममा बरिष्ठ उपाध्यक्ष दाहालले सहकारीका समसामयिक बस्तुस्थिति र अवको मार्ग विषयक प्रस्तुतिकरण गर्नुभएको थियो । कार्यक्रममा नेफ्स्कून कोशी प्रदेश फिल्ड कार्यालय इटहरीका व्यवसाय अधिकृत मुकेश दहाल र कार्यक्रम अधिकृत शौभाग्य भट्टराईले सहकारीमा सुशासनका लागि आवश्यक कार्यक्रम तथा व्यवस्थाहरूका बारेमा प्रस्तुतिकरण गर्नुभएको थियो ।

कार्यक्रम माथी प्रकाश पार्दै संघका कोषाध्यक्ष मिलन त्रितालले विश्व नै आर्थिक मन्दिबाट गुज्रीरहेको वर्तमान अवस्थामा सहकारी क्षेत्र त्यसबाट अछुतो रहन नसकेको भन्दै सहकारी अभियानलाई सुशासित ढंगले सञ्चालन गर्न सहकारी सिद्धान्त अनुरुप साकोसहरू सञ्चालित हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रम सञ्चालिका तथा संघकी सचिव गोमा कुमारी गिरीले सहकारी सिद्धान्त अनुरूप नचलेर नै वर्तमान समस्या उत्पन्न भएको भन्दै सिद्धान्त अनुरुप कार्यक्रममा आबद्ध साकोसहरूमा समस्या नदेखिएको पाईएकाले अहिले देखिएको समस्या सबै सहकारीकर्मीहरू मिलेर सामना गर्नुपर्ने बताउनुभयो ।

अन्तरक्रिया कार्यक्रममा प्रमुख आतिथ्यता ग्रहण गर्दै संघका सल्लाहकार तथा सहकारी संघ कोसी प्रदेशका सदस्य मिलिराम चौधरीले सिद्धान्त र अभियानका कार्यक्रम सञ्चालनमा ज्ञानको कमीले समस्या देखिएको बताउदै कार्यक्रममा आबद्ध भइ सिद्धान्त अनुरूप काम गरेर साकोसहरूलाई बलियो बनाउन ढिला भएको प्रतिक्रिया दिनुभयो । चौधरीले अभियानले तालिम, गोष्ठी र कार्यक्रमहरूलाई बढाउनुपर्नेमा समेत जोड दिनुभयो ।

अन्तरक्रिया कार्यक्रममा सहभागी साकोसका अध्यक्ष तथा व्यवस्थापकहरूले आ-आफ्नो संस्थाको वर्तमान अवस्थाको चित्रण गर्दै अभियानमा सुशासन कायम गर्न आफुहरू पूर्ण प्रतिबद्धत भएर सहकारी सिद्धान्त अनुसार संस्था सञ्चालन गर्न कुनै कसर बाँकी नराख्ने उद्घोष गर्नुभयो ।

संघका सञ्चालक सदस्य सन्दिप पौडेलले संस्था सञ्चालनमा ऐन, विधि र सहकारी सिद्धान्त बमोजिम काम गर्नुपर्ने तर्क गर्नुभयो । पूँजी तथा सदस्यता वृद्धि संयोजक समेत रहेका पौडेलले बचत संघसँग सहकार्य गरी तालिम, शिक्षा लगायत अन्य क्षेत्रमा पनि हातेमालो गर्न साकोसहरूलाई आव्हान गर्नुभयो ।

संघको तर्फबाट ७ बुँदे दुहबी प्रतिबद्धता पत्र जारी गर्दै समापन भएको अन्तरक्रिया कार्यक्रमा संघले प्रारम्भिक संस्थाहरूका जल्दाबल्दा समस्या समाधन गर्न पहल गर्ने संघकी अध्यक्ष योगमाया सुवेदीले बताउनुभयो ।

# सदस्यलाई आवास व्यवस्थापन गर्ने नेपालकै पहिलो सहकारी मेची बहुउद्देश्यीय



सिंहदरबार छिर्ने जत्रै सुविधा सम्पन्न चौडा बाटो र पहेंलो भित्तामा गुलावी रंङको पिलरले चिटिक्क सजिएका आमने सामने फर्की एकै आँगन गरेका ५७ घर । सबै कुरामा एकरूपता, प्रत्येक घरका छतमा टल्किएका काला पानी ट्याङ्की । हेर्दै सबैको मन लोभ्याउने । गरे के हुँदैन, सहकारीले आफ्ना शेयर सदस्यलाई एकरुपका ५७ आधुनिक सुविधासम्पन्न घर निर्माण गरि वितरण गरेको कुराले सबैको ध्यान एकचोटी त्यतै खिचेको छ । झापाको दमक-४ मा रहेको मेची सहकारीले आवास विहिन सदस्यहरूका लागि आवासको स्थायी व्यवस्थापन गरेर नेपालमै एक उत्कृष्ट र उदहारणीय काम गरेको छ । सदस्यहरूको आर्थिक सामाजिक स्तरोन्नतिसँगै आवास व्यवस्थापनमा समेत सहयोगी बनेको मेची सहकारी सदस्यहरूको वास्तविक अभिभावक बन्न सफल भएको छ ।

सबैका लागि एक र एकका लागि सबै भन्ने सहकारीको मर्मस्पर्शी भाव अनुरूप नै एकाघरपरिवारका सदस्यहरूका लागि झै बनेको मेची आवासले सहकार्यको भावनालाई हुवहु स्थापित गरेको छ । दमकको एक बिगाह १८ कठ्ठा जग्गामा बनेको मेची आवासका ५७ घरले आज ५७ परिवारलाई सरल मुल्यमा ओतको व्यवस्थापन गर्न सफल भएको छ । सहकारीले चैत्र १० गते एक कार्यक्रमको आयोजना गरि ५६ सदस्यहरूलाई घरको चाबी हस्तान्तरण गरेको थियो ।

प्रत्येक वर्ष बार्षिक साधारणसभाका अवसरमा सदस्यहरूको माग र सुझावमा समेटिदै आएको विषय थियो, आवास व्यवस्थापन । सदस्यका सुझावलाई कार्यान्वनको पहल गर्दै मेची सहकारीले २०७६ सालमा ४ करोड ६० लाखमा आवासका लागि जग्गा खरिद गर्यो । विश्वव्यापी फैलिएको कोभिड संक्रमणका कारण करिब २ बर्ष पछाडि धकेलिएको निर्माण कार्यले २०७९ सालमा पूर्णता पायो ।

शुरूवाती चरणमा सहकारीले जगेडा कोषको रकमबाट जग्गा खरिद गरेको प्रमुख कार्यकारी अधिकृत खोम प्रसाद बगाले बताउनुहुन्छ । जग्गा खरिदका लागि लगानी गरेको सहकारीले त्यसपछिका सम्पूर्ण व्यवस्थापन गरेपनि सहकारीको बजेट भने खर्चिनुपरेन । आवास निर्माणको खर्च व्यवस्थापन शेयर सदस्यहरू स्वयंबाटै भयो । भवन निर्माणका लागि सदस्यहरूसँगको परामर्श र ठेकेदार कम्पनीसँगको सम्झौता बमोजिम शुरुमा आवासका लागि घर बुकिङ गर्ने सदस्यहरूले कुल लागतको १५ प्रतिशत तिर्नुपर्ने थियो । फस्ट कम फस्ट सर्भिसका आधारमा आवसभित्रको भवन बुकिङ गर्ने ५७ जना सदस्यहरूले शुरूवाती चरणमा कुल लागतको १५ प्रतिशत रकम बुझाउनुभयो । दोस्रो चरणमा घर ढलानका क्रममा बाँकी रकमको ५० प्रतिशत र अन्तिममा ५० प्रतिशत रकम बुझाउनुपर्ने सर्त रह्यो । क्षेत्रफलका आधारमा निर्माण हुने घरको मूल्यांकन गरी सदस्यहरूले दोस्रो चरणको रकम

चुक्ता गर्नुभयो । प्रमुख कार्यकारी अधिकृत बगाले भन्नुहुन्छ, आवास निर्माणका लागि रकम संकलनको समस्या कुनै बेला भएन । भवन निर्माणका क्रममा सदस्यहरूले तोकिएको समयमा तोकिएको रकम एकसाथ चुक्ता गर्नुभयो भने जो सदस्यले एकसाथ रकम चुक्ता गर्न सक्नुभएन उहाँहरूको हकमा सहकारीले ऋण उपलब्ध गरायो । भवन खरिदका लागि ऋण लिनुभएका सदस्यहरूले सहकारीको नियमित किस्ता बुझाइरहनुभएको छ, उहाँले भन्नुभयो । मेची आवासमा क्षेत्रफलका आधारमा न्यूनतम ४३ लाखदेखि ५१ लाखसम्मका घर छन् । भवन निर्माण कुल लागत रू. २२ करोड ८३ लाख रूपैंया रहेको छ ।

मेची आवासले आज सदस्यहरूमा निकै खुसी छाएको छ । सहकारीका अध्यक्ष नारायण प्रसाद भट्टराई भन्नुहुन्छ, मेची सहकारी सदस्यहरूको हितमा काम गर्ने सहकारी हो । हामी सम्पूर्ण रूपमा सदस्यहरूमा केन्द्रीत छौं । विद्यमान आर्थिक संकटका बेला पनि मेची सहकारीमा खासै तरलता अभावको संकट परेको छैन । हामीसँग सदस्यहरूको दीर्घकालिन र अल्पकालिन दुई प्रकारका सुरक्षित बचत छन् ।

अध्यक्ष भट्टराई सहकारी क्षेत्रको समसामयिक वस्तुस्थितिबारे चिन्ता व्यक्त गर्दै भन्नुहुन्छ, "मेची सहकारी सहकारीका सिद्धान्त र मूल्य मान्यतामा केन्द्रीत छ, हामी कुनै पनि प्रकारको समस्यामा छैनौं । तर आज जुन सहकारी सिद्धान्तमा चलेनन्, नियतबस गलत बाटो अंगिकार गरे, तिनीहरूमा ठूलो समस्या सृजना भयो, त्यसप्रति हाम्रो शून्य सहनशीलता छ, तिनीहरूलाई आवश्यक कारबाही हुनुपर्छ भन्ने हाम्रो माग हो । अर्का सहकारी त्यस्ता छन्, जसले सदस्यको बचत गलत ठाउँमा लगानी गर्दा एकाएक समस्या उब्जिएको छ, ढिलो चाँडो ती यावत् समस्याहरू समाधान हुन्छन् भन्ने विश्वासका साथ सहकारीहरूले काम गर्नुपनर्छ भन्ने लाग्छ ।"





सदस्य केन्द्रीयतामा काम गर्ने सहकारीको पहिलो प्रयास मेची आवास, जुन आज सफल भएको छ । यसले हामीमा अझ धेरै हौसला थपेको छ । अध्यक्ष भट्टराईले भन्नुभयो, बजार मूल्यभन्दा ४० प्रतिशत कम मूल्यमा आवास भित्रका घर प्राप्त गर्दा सदस्यहरू निकै लाभान्वित हुनुभएको छ । पहिलो चरणमा १०० जनाको बुकिङ थियो । हामीले ५७ घर निर्माण गर्न सक्यौं । अझै आवासका लागि करिब १०० सदस्यहरूको माग छ । त्यसमध्येमा उच्च मूल्यका घर माग गर्ने ५० सदस्य हुनुहुन्छ भने कम मूल्यको घर माग गर्ने ५० सदस्य हुनुहुन्छ ।

सहकारीले आगामी आर्थिक बर्षमा नयाँ आवास निर्माण गर्ने सोचसहित सस्तो जग्गा खोजी गरिरहेको छ । अध्यक्ष भट्टराईले भन्नुभयो, आर्थिक मन्दीका कारण यस बर्ष आवास निर्माणको कामलाई पछाडि सारेका छौं । उर्लावारी क्षेत्रमा सरल मुल्यको जग्गाको खोजि गरिरहेका छौं, त्यहाँ कोरियन प्रविधिबाट घर निर्माण गरी सरल मूल्यका घरको माग गरिरहनुभएका सदस्यहरूको आवश्यकता पुरा गर्ने सोच सहकारीको रहेको छ । "हाम्रो पहिलो प्रयास लामो समयदेखि भाडा तिरेर बस्न बाध्य सदस्यहरूका लागि आफ्नै घरको बन्दोबस्त गर्न सघाउने हो, जहाँ सदस्यले आफ्नै घरमा गीत गाउन र ठूलो आवाजका साथ खोक्न सकुन् भन्ने नै हो ।"

त्यसैगरी उर्लाबारीमा सहकारीले सहकारी बजार निर्माणको योजना अगाडि बढाएको  छ । उर्लाबारीमा सहकारीको १ कठ्ठा १४ धुर जग्गा छ, जसमा ६०–६५ वटा सटरसहितको भवन बनाएर सहकारीले उत्पादन गरेका वस्तुहरूको विक्रि केन्द्र निर्माण गर्ने सोच सहकारीको रहेको छ ।

त्यसैगरी सहकारीले अभिभावक विहीन समुदायका २५ जना बालबालिकाहरूलाइ कक्षाा १२ सम्म संस्थाकै खर्चमा पढाइरहेको छ र पछि कक्षा १२ उत्तिर्ण भएसँगै रोजगारी उपलब्ध गराउने नीति अगाडि सारेको छ । २०५४ साल भदौ १२ गते स्थापना भएको मेची बहुउद्देश्यीय सहकारीमा हाल १४ हजार ७ सय शेयर सदस्य छन् । १५ सदस्यीय सञ्चालक समिति र ३ सदस्यीय लेखा सुपरिवेक्षण समिति रहेको सहकारीका विभिन्न उपसमितिहरूमा गरि २ सय ५० जना हुनुहुन्छ । १२ वटा सेवा केन्द्र सञ्चालनमा ल्याएको सहकारीको ५७ प्रतिशत भन्दा बढी दीर्घकालिन बचत छ । प्रत्येक शेयर सदस्यले रू. एक हजार अनिवार्य मासिक बचत गर्नुहुन्छ । ३ अर्ब ७० करोड कुल पूँजी रहेको सहकारीको ३७ करोड शेयर पूँजी, ३ अर्ब ऋण लगानी, २ अर्ब ३६ करोड बचत, जगेडा कोष र अन्य कोष गरी १९ करोड रहेको छ ।

# नेफस्कून सदस्य सेवा कार्यालय तथा सेवा केन्द्रहरू

| क्र.सं. | सदस्य सेवा कार्यालयहरू | सम्पर्क नं. | ईमेल |
|---|---|---|---|
| १. | चितवन | ०५६-५९८८०४/०५ | nefscunchitwanfo@gmail.com |
| २. | सुनसरी | ०२५-५८४८०५/५९०८०५ | sunsarifo@gmail.com |
| ३. | बाँके | ०८१-५३७५९१ | nefscun.nepalgunj@gmail.com |
| ४. | दोलखा | ०४९-४२१६८४ | nefscundolakha@gmail.com |
| ५. | सर्लाही | ०४६-५३०६८७/५९०६८७ | nefscunsarlahi@gmail.com |
| ६. | चावहिल | ०१-४५७९५४४/४५८२७८४ | nefscunchabahil@gmail.com |
| ७. | ललितपुर | ०१-५४३२६५० | lalitpurfo@nefscun.org.np |
| ८. | कञ्चनपुर | ०९९-५२५२०५ | kanchanpurfo@nefscun.org.np |
| ९. | रूपन्देही | ०७१-५३०३९० | rupandehifo@nefscun.org.np |
| १०. | पोखरा | ०६१-५८३३८९/५५३९३५ | nefscunpokharafo@gmail.com |
| ११. | झापा | ०२३-५८५३५५ | nefscun.jhapa@gmail.com |
| १२. | कलंकी | ०१-५२३४३५० | nefscun.kalanki@gmail.com |
| १३. | डडेलधुरा | ०९६-४१०१२७ | dadeldhurafo@nefscun.org.np |
| १४. | दाङ | ०८२-५६१८०९ | dangfo@nefscun.org.np |
| १५. | पर्सा | ०५१-५२८१०६ | nefscun.birgunj@gmail.com |
| १६. | लमजुङ | ०६६-५२१०९३ | lamjungfo@nefscun.org.np |
| १७. | सुर्खेत | ०८३-५२५७६० | surkhetfo@nefscun.org.np |
| १८. | बनेपा | ०११-६६२७५४ | banepafo@nefscun.org.np |
| १९. | न्यूरोड | ०१-५३२४७६३ | newroadfo@nefscun.org.np |
| २०. | जनकपुर | ०४१-५९०५९० | nefscunjanakpur@gmail.com |
| २१. | धादिङ | ०१०-५२१२९९ | dhadingfo@nefscun.org.np |
| २२. | मकवानपुर | ०५७-५२३८१२ | makawanpurfo@nefscun.org.np |
| २३. | भक्तपुर | ०१-५०९३३०३ | nefscun.bhaktapurfo@gmail.com |
| २४. | गोंगबु | ०१-४९५१५६५/६६ | nefscun.gongabu@gmail.com |
| २५. | मन्थली | ०४८-५४०४१० | nefscunramechhap@gmail.com |
| **क्र.सं.** | **सेवा केन्द्रहरू** | **सम्पर्क नं.** | **ईमेल** |
| १. | लेटाङ | ०२१-५६०६०५ | letangnefscun@gmail.com |
| २. | भुमही | ०७८-४१५४१८ | bhumahisc@nefscun.org.np |
| ३. | टाँडी | ०५६-५६०७८९ | tandisc.nefscun@gmail.com |
| ४. | विराटनगर | ०२१-५९०४१५ | biratnagarsc@gmail.com |
| ५. | खैरहनीटार | ०६५-४१२२०५ | nefscunkhairenitar@gmail.com |
| ६. | सुर्यविनायक | ०१-६६१२९४० | nefscunsuryabinayak@gmail.com |
| ७. | विर्तामोड | ०२३-५९०४१९ | nefscun.birtamod@gmail.com |
| ८. | धनगढी | ०९१-५९०५१० | nefscun.dhangadhi@gmail.com |
| ९. | सिन्धुली | ०४७-५९०३०० | nefscunsindhuli@gmail.com |
| १०. | म्याग्दी | ०६९-५२२०८९ | myagdisc.nefscun@gmail.com |
| ११. | पेप्सीकोला | ०१-५९१०९९३ | pepsicola.nefscun@gmail.com |
| १२. | लहान | ०३३-५९००३३ | nefscunlahan@gmail.com |
| १३. | चापागाउँ | ०१-५२६५३६७ | chapagaunsc.nefscun@gmail.com |

नेफस्कून

**नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.**

नयाँ बानेश्वर, काठमाडौं

फोन नं.: ०१-४७९१९६३, ४७८०२०१

इमेल: nefscun@nefscun.org.np

वेबसाइट: www.nefscun.org.np


SACCOS CEOs'
NATIONAL WORKSHOP 2023









# मिरा

Connecting Co-operatives

सदस्य तथा
शेयर व्यवस्थापन

लेखा व्यवस्थापन




बैंकिङ प्रणाली
व्यवस्थापन

मौज्दात व्यवस्थापन

मोबाइल बैंकिङ तथा
ई–बैंकिङ व्यवस्थापन

## Upcoming Modules

- Quality assurance, supervision & monitoring
- Business intelligence & reporting
- HR, training & capacity management
- Business process management
- Compliance management
- Document management
- Fixed assets management

- अभियानको साझा प्रविधि
- सुरक्षित प्रणाली र सहज तथ्यांक भण्डारण
- Software as a Service (SaaS) को रुपमा प्रयोग गर्न सकिने
- स्वचालित अनुपालना तथा प्रतिवेदन दाखिला (COPOMIS, goAML)
- सहजै सञ्चालन गर्न सकिने
- अन्तर सहकारी सञ्जाल
- अंग्रेजी र नेपाली भाषामा प्रयोग गर्न सकिने
- २४ सै घण्टा प्राविधिक सहयोग उपलब्ध
- बैज्ञानिक मूल्य निर्धारण

थप जानकारीको लागि
www.myraerp.com

सम्पर्क:
info@myraerp.com
Manbhawan, Lalitpur